# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८२/०८३

# 33TH
## ANNUAL REPORT
Fiscal Year 2082/083




"सदस्यहरूको आर्थिक र सामाजिक स्तर अभिवृद्धि गरी समुन्नत समाजको विकास गर्ने"

SCAN FOR REPORT

संस्था दर्ता नं.: ८१-०५०/०५१

पान नं. ३०३२१०६०५

स्थापित: २०५०

जनसचेतन
JANASACHETAN

"प्रविधियुक्त प्रतिस्पर्धी सुरक्षित वित्तीय सहकारी संस्था"

JANASACHETAN SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

# बचत तथा ऋण सहकारी संस्था लि.

ACCESS SILVER
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS


वैतेश्वर गा.पा.-५, काभ्रे, दोलखा
०४९-४११००४, ४११००५
info@janasachetan.org.np
www.janasachetan.org.np

# जनसचेतन मोबाईल बैंकिङ्ग सेवा
## JANASACHETAN MOBILE BANKING SERVICE

**वालेट बिर्सनु भयो ?**
**चिन्ता नगर्नुहोस् ।**
अब तपाईंको मोबाईलबाट नै जनसचेतन साकोस पाउनुहोस् ।




Apps यहाँबाट डाउन्लोड गर्नुहोस् ।
IOS App Store | Google play

छिटो, सजिलो अनि भरपर्दो
अब तपाईंको साथी
जनसचेतन मोबाईल बैंकिङ्ग

## DIGITAL LOAN LENDING
### अनलाईन ऋण लगानी

मोबाईल बैंकिङ्ग सेवा लिएका सदस्यहरूले संस्थाको कार्यालयमा भौतिक रूपमा उपस्थित नभई नै अनलाईन मार्फत ऋण माग गर्न सक्ने *

### 01 Digital Wallet
डिजिटल वालेट प्रयोग गरी संस्थामा रहेको आफ्नो खातामा रकम जम्मा गर्न तथा खाताबाट वालेटमा Load गर्न सकिने।

### 02 Bank to Institution & Institution to Bank Transfer
App मा Login गरी आफ्नो सहकारीको खाताबाट बैंकमा र बैंकबाट सहकारीमा रहेको आफ्नै खातामा सजिलै रकम Transfer गर्न सकिने ।

### 03 connect IPS
connectIPS Login गरी Financial Institution भित्र Cooperative Transfer मार्फत संस्थामा रहेको आफ्नो खातामा रकम जम्मा गर्न सकिने ।

### 04 QR Payment
विभिन्न सेवा प्रदायकका QR SCAN गरी वस्तु तथा सेवा भुक्तानी गर्न सकिने ।

* शर्तहरू लागु हुनेछ ।

E-TELLER र QR CODE मार्फत सिधै सहकारीमा रहेको आफ्नो खातामा रकम जम्मा र भुक्तानी गर्न सकिने ।

दर्ता नं.: ८१-०५०/०५१
NCRA License No. 2050-00370 KSKL Regd. No. CP 00009
प्यान नं. ३०३२१०६०५

जनसचेतन JANASACHETAN
"प्रविधियुक्त प्रतिस्पर्धी सुरक्षित वित्तीय सहकारी संस्था"
बचत तथा ऋण सहकारी संस्था लि.
JANASACHETAN SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
स्थापित: २०५०
वैतेश्वर गा.पा.-५, काभ्रे, दोलखा
Baiteshwor R.M.-5, Kabre, Dolakha
०४९-४११००४/४११००५
049-411004/411005
info@janasachetan.org.np
www.janasachetan.org.np

प.सं.: २०८३/८४ मितिः १५ भाद्र, २०८३

च.नं.: १४७

**आदरणीय शेयर सदस्यज्यू,**

**विषय : ३३औं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।**

यस संस्थाको ३३औं वार्षिक साधारण सभा देहायका प्रस्तावहरू माथि छलफल गरी निर्णय गर्नुपर्ने भएकोले आफुलाई पाएक पर्ने सेवाकेन्द्र/संकलनकेन्द्रहरूमा उपस्थिति भइदिनुहुन सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई यसै सूचना मार्फत अनुरोध गर्दछौं ।

**प्रस्तावहरू**

- आ.व. २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन तथा गतिविधिहरू सम्बन्धमा ।
- आगामी आ.व. २०८३/०८४ को वार्षिक कार्ययोजना तथा बजेट सम्बन्धमा ।
- आ.व. २०८२/०८३ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
- आ.व. २०८२/०८३ को बाह्य लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
- नियमनकारी निकायको निर्देशनको जानकारी सम्बन्धमा ।
- आगामी आ.व. को लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
- लिलामबाट संस्थाको नाममा सम्पत्ति सकार तथा नाममा कायम भएको घर जग्गा बिक्री गर्ने सम्बन्धमा ।
- ऋण विश्लेषण प्रतिवेदन सम्बन्धमा ।
- संस्थागत प्रतिनिधिहरूको जानकारी सम्बन्धमा ।
- एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने सम्बन्धमा ।
- बाह्य दायित्व स्वीकार तथा सदस्यहरूको दायित्व मिनाहा सम्बन्धमा ।
- घर, जग्गा तथा सवारी साधन खरिद र बिक्री गर्ने सम्बन्धमा ।
- विनियम, नीति तथा कार्यविधिहरू संशोधन एवं थप सम्बन्धमा ।
- सञ्चालक समितिका निर्णयहरू अनुमोदन तथा समितिलाई अख्तियार प्रदान सम्बन्धमा ।
- एकाइ साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि छनौट सम्बन्धमा ।
- एकाइ प्रतिनिधिहरूको साधारण सभामा सहभागी हुने प्रतिनिधि छनौट सम्बन्धमा ।
- कार्यसूचीमा थप प्रस्तावहरू सम्बन्धमा ।

**साधारण सभा हुने मिति, समय र स्थानः**

| मिति | स्थान | सहभागी सदस्यहरू | सम्पर्क नं. |
|---|---|---|---|
| २०८३ आश्विन २० गते मंगलबार | लहरेमाने चोक, वैतेश्वर-३, मिर्गे | मिर्गे संकलनकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३१५ |
| | नाम्दु संकलनकेन्द्रको कार्यालय अगाडि, नाम्दु | नाम्दु संकलनकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३१९ |
| | वडा कार्यालय, वैतेश्वर-७, मार्बु | मार्बु संकलनकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३१७ |
| | वडा कार्यालय, जिरी-९, चिपचिपे | जिरी सेवाकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३२३ |
| | जनसेवा मितेरी साकोसको पुरानो हल, तामाकोशी-७, हाँवा | तामाकोशी सेवाकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३२८ |

| मिति | स्थान | सहभागी सदस्यहरू | सम्पर्क नं. |
|---|---|---|---|
| २०८३ आश्विन २२ गते बिहिबार | संस्थाको कार्यालय अगाडि, मैनापोखरी बजार | वैतेश्वर सेवाकेन्द्र (मैनापोखरी) अन्तर्गतका सबै | ९८५४०४५३०८ |
| २०८३ आश्विन २४ गते शनिबार | रोयल जडिबुटी ब्याङ्क्वेट, जडिबुटी, काठमाडौं | काठमाडौं सेवाकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३०९ |
| २०८३ आश्विन २६ गते सोमबार | कालिञ्चोक मा.वि., भी.न.पा.-३, लामाचौर | चरिकोट सेवाकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३१३ |
| | कालिका मा.वि., कालिञ्चोक-९, कटुवाचौर | कालिञ्चोक सेवाकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३२० |
| | कृषि उपजकेन्द्र, शैलुङ-३, बाघखोर, तल्लो बसपार्क | बाघखोर संकलनकेन्द्र अन्तर्गतका सबै | ९८४११९७६६९ |
| | सत्यश्वर माविको सामुदायिक हल, मेलुङ-१, पवटी | मेलुङ सेवाकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३२५ |
| | शारदा मा.वि., शैलुङ-८, भैंसे | शैलुङ सेवाकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३३१ |
| २०८३ आश्विन २७ गते मंगलबार | प्रगतिशील मिलिजुली बा.वि.के., कालिञ्चोक-२, बाबरे | बाबरे संकलनकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३३२ |
| | निकोभूमे मा.वि., कालिञ्चोक-२, बाबरे | बाबरे संकलनकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३३२ |
| | चक्रेश्वरी महादेवस्थान, विगु-५, साङ्वा बजार | साङ्वा संकलनकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३१६ |
| | सिंगटी हेलिप्याड, विगु-४, सिंगटी | विगु सेवाकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३१४ |
| | गौरीशंकर मा.वि., विगु-१, जगत | जगत संकलनकेन्द्र अन्तर्गतका सबै | ९८५४०४५३३४ |
| | वडा कार्यालय, गौरीशंकर-५, हाटघर, इविथान | सुरी संकलनकेन्द्र अन्तर्गतका सबै | ९७६७३९५५८५ |
| २०८३ आश्विन ३० गते शुक्रबार | संस्थाको मुख्य कार्यालयको हल, मैनापोखरी | इकाइ प्रतिनिधिहरू | ०४९४११००४/ ०४९४११००५ |
| **समयः बिहान ०९:०० बजेदेखि बेलुका ०४:०० बजेसम्म** | | | |

**पुनश्चः**

१. साधारण सभामा उपस्थित हुँदा संस्थाद्वारा जारी गरिएको परिचय-पत्र, पासबुक वा नेपाल सरकारबाट जारी फोटो सहितको पहिचान खुल्ने कुनै प्रमाण पत्र अनिवार्य रूपमा लिएर आउनुपर्नेछ ।

२. संस्थामा आफ्नो सदस्यता पहिचान फाराम (KYM) भर्न बाँकी रहनु भएका शेयर सदस्यहरूलाई सभामा उपस्थिति गराइनेछैन । तसर्थ सदस्यता पहिचान फाराम भर्न बाँकी सदस्यहरूले आजबाट नै आफुलाई पाएक पर्ने संस्थाका विभिन्न कार्यालयहरूमा १ प्रति फोटो, नागरिकता प्रमाण-पत्र र राष्ट्रिय परिचय-पत्रको प्रतिलिपिका साथ उपस्थिति भई सदस्यता पहिचान फारम (KYM) भर्नुहुन अनुरोध छ ।

३. साभामा प्रस्तुत हुने वार्षिक प्रतिवेदन सभाका उपस्थिति स्थलहरू र संस्थाका कार्यालयहरूमा QR code मार्फत उपलब्ध गराइनेछ । वार्षिक प्रतिवेदन संस्थाको YouTube channel (youtube.com/@janasachetansaccos5686), Facebook Page (facebook.com/janasachetan) र Website (www.janasachetan.org.np) बाट मिति २०८३ असोज १० गतेदेखि डाउनलोड गरी प्राप्त गर्न र हेर्न सकिनेछ ।

४. माथि उल्लेखित माध्यमबाट प्रतिवेदन अध्ययन गरी संस्था सञ्चालन प्रक्रियामा केही सुझाव भएमा साधारण सभा अवधिभित्र लिखित, मौखिक तथा संस्थाको आधिकारिक इमेल ठेगाना info@janasachetan.org.np मार्फत पेश गर्न सकिनेछ ।

५. सभामा बाल बचतकर्ताहरूलाई उपस्थिति गराइनेछैन । तसर्थ, बाल बचतकर्ताहरूलाई साधारण सभाका कार्यक्रममा लिएर नआउनुहुन सबै शेयर सदस्यहरूलाई हार्दिक अनुरोध गर्दछौं ।

*२०८३ असार महिनासम्मको नियमित मासिक बचत नगर्ने सदस्यहरूलाई साधारण सभामा उपस्थित गराइनेछैन । तसर्थ आफ्नो तथा एकाघर परिवारको मासिक बचतलाई नियमित गर्नुहुन साथै ऋणको कारोवार भए सोलाई समेत नियमित गर्नुहुन अनुरोध छ ।*

सञ्चालक समितिको आज्ञाले

(शिवराम ढकाल)
सहसचिव

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.

वैतेश्वर गा.पा.-५, काब्रे, दोलखा

## संक्षिप्त परिचय

१. **परिचयः** जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौंबाट १६५ कि.मि. पूर्व नेपालको हिमाली जिल्लामध्ये एक दोलखा जिल्लाको वैतेश्वर गाउँपालिका वडा नं. ५ को मैनापोखरीमा अवस्थित छ । हनुमन्तेश्वर मा.वि. का तत्कालीन प्रधानाध्यापक श्री यज्ञराज ढुङ्गेलको अगुवाईमा २०५० साल आश्विन २२ गते शिक्षक, कर्मचारी, समाजसेवी, किसान, व्यापारी तथा सामाजिक अभियान्ताहरू समेत ३४ जनाको सहकार्यमा यो संस्थाको स्थापना गरिएको हो । संस्था २०५० साल मंसिर १ गते जिल्ला सहकारी कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा दर्ता नं. ८१-०५०/५१ मा दर्ता भएको छ । स्थानीय जनताहरूका आर्थिक र सामाजिक स्तर अभिवृद्धि मार्फत समृद्ध सदस्य बनाउने उद्देश्यबाट प्रेरित भई स्थापित यो संस्थाको कार्यक्षेत्र सुरूमा काब्रे, नाम्दु, मिर्गे र गैरीमुदी गा.वि.स. हरू रहेकोमा हाल दोलखा, काभ्रेपलाञ्चोक र काठमाडौं उपत्यकाभित्र विभिन्न प्रकृतिका पेशा व्यवसाय गरिरहेका जिल्लावासी सदस्यहरूको मागलाई सम्बोधन गर्न काठमाडौं, भक्तपुर जिल्ला र ललितपुरको ललितपुर महानगरपालिका भर कार्यक्षेत्र रहेको छ । संस्थाको मुख्य कार्यालय वैतेश्वर गा.पा. वडा नं. ५, मैनापोखरी बजारमा आफ्नै भवनमा रहेको छ । संस्थाले मुख्य कार्यालय बाहेक विभिन्न क्षेत्रहरूमा थप १६ वटा सदस्यमैत्री सेवाकेन्द्र/संकलनकेन्द्रहरू स्थापना गरी सदस्यहरूलाई स्थानीय स्तरमा नै सेवाहरू प्रदान गरिरहेको छ ।

२. **संस्थाको परिकल्पनाः** "प्रविधियुक्त प्रतिस्पर्धी सुरक्षित वित्तीय सहकारी संस्था"

३. **संस्थाको ध्येयः** "नवीनतम् प्रविधि मार्फत प्रतिस्पर्धी मुल्यमा गुणस्तरीय वित्तीय एवं गैर वित्तीय सेवा प्रदान गरी सदस्यहरूको आर्थिक र सामाजिक विकास गर्नु"

४. **मूल उद्देश्यः** "प्रविधिमैत्री गुणस्तरीय सेवा, सदस्यलाई टेवा"

५. **लक्ष्यः** "सदस्यहरूको आर्थिक र सामाजिक स्तर अभिवृद्धि गरी समुन्नत समाजको विकास गर्ने"

६. **आवद्धताः** संस्था तपसिल अनुसारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूमा आवद्ध रहेको छः

| | |
|---|---|
| एशियाली ऋण महासंघ (ACCU) | राष्ट्रिय सहकारी महासंघ, नेपाल |
| राष्ट्रिय सहकारी बैंक लि. | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| समृद्ध आवास विशिष्टकृत सहकारी संघ लि. | महामञ्जुश्री आवास विशिष्टकृत सहकारी संघ लि. |
| बागमती प्रदेश सहकारी संघ लि. | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. |
| जिल्ला सहकारी संघ लि., दोलखा | जिल्ला बचत तथा ऋण सहकारी संघ लि., दोलखा |

७. **संस्थाको संगठनात्मक ढाँचाः** २०८३ असार मसान्तसम्म संस्थाको कुल सदस्य संख्या ३४,३४७ जना मध्ये शेयर सदस्य २६,१०० (महिलाः १३७३०, पुरुषः १२३७०) जना, बाल बचतकर्ता ८,१९२ (बालिकाः ३,६३४, बालकः ४,५५८) जना र ५५ संस्थागत सदस्य रहेका छन्, जसमध्ये महिला सदस्य ५०.५५%, पुरूष सदस्य ४९.२९% र अन्य ०.१६% रहेको छ । संस्था सञ्चालन गर्नको लागि १५ सदस्यीय सञ्चालक समिति रहने व्यवस्था भए

तापनि सहकारी सञ्चालनमा नीतिगत शुद्धता कायम गर्ने सन्दर्भ तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी निर्देशन अनुसार ९ सदस्यीय, ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति मध्ये २ सदस्य, ७ सदस्यीय सल्लाहकार समिति, १२ वटा विषयगत उपसमितिहरू र प्रत्येक सेवाकेन्द्र अन्तर्गत सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापन उपसमितिहरू रहेका छन् । दैनिक कार्यसम्पादन गर्नको लागि ५६ जना कर्मचारीहरूको व्यवस्थापन समूह सक्रिय रहेको छ ।

८. **संस्थालाई प्राप्त पुरस्कार तथा सम्मानहरूः**

- जिल्ला विकास समिति दोलखाद्वारा २०५७ सालमा कदर-पत्र ।
- राष्ट्रिय सहकारी दिवस २०६२ मा प्रशंसा-पत्र ।
- डिभिजन सहकारी कार्यालय, दोलखाद्वारा २०६३ सालमा पुरस्कृत ।
- राष्ट्रिय सहकारी संघद्वारा २०६४ सालमा "उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार" बाट पुरस्कृत ।
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्स्कूनद्वारा २०६६ सालमा नेपालभरिबाट "उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था" को रूपमा पुरस्कृत ।
- दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघबाट २०६८ र २०६९ सालमा कदर-पत्र प्राप्त ।
- एशियाली ऋण महासंघ (ACCU) बाट २०६९ सालमा "एक्सेस ब्राण्ड" को प्रमाणिकरण भई २०७३ सालदेखि एक्सेस सिल्भर स्तरको ब्राण्ड प्राप्त गरी सोही बमोजिमको मापदण्ड पुरा गर्न समर्पित रहेका छौं ।
- ६२औं सहकारी दिवसको अवसरमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा सहकारी व्यवसाय मार्फत सदस्यहरूको आर्थिक सामाजिक र सांस्कृतिक रूपान्तरणको लागि उल्लेख्य योगदान पुऱ्याए वापत रू. २ लाख नगद सहित सम्मान-पत्र २०७५
- आन्तरिक राजश्व कार्यालय भक्तपुरबाट २०७१ र २०८० सालमा उच्च कर सहभागिताको सम्मानपत्र ।

९. **संस्थाका वस्तु तथा सेवाहरूः**

अ) **बचत परिचालनः** संस्थाले सदस्यहरूबाट प्रति महिना कम्तीमा रू. २००।- नियमित रूपमा बचत संकलन गर्दछ । यसको अतिरिक्त ऐच्छिक, आवधिक, बाल तथा अन्य शीर्षकका बचतहरू सदस्यहरूले जम्मा गर्न सक्दछन् । यी बचतहरूमा संस्थाले प्रतिस्पर्धी तथा आकर्षक ब्याजदर प्रदान गर्दछ ।

| क्र.स. | बचतका प्रकार | क्र.स. | बचतका प्रकार |
|---|---|---|---|
| १. | नियमित मासिक बचत | ९. | खुत्रुके बचत |
| २. | साधारण ऐच्छिक बचत | १०. | विशेष आवधिक बचत |
| ३. | समृद्धि बचत | ११. | स्मार्ट आवधिक बचत |
| ४. | विशेष ऐच्छिक बचत | १२. | शैक्षिक बचत |
| ५. | बाल बचत | १३. | जेष्ठ नागरिक बचत |
| ६. | दैनिक बचत | १४. | स्वरोजगार बचत |
| ७. | शेयर लाभांश बचत | १५. | समूह बचत |
| ८. | आवधिक बचत (६ महिने, १, २ र ३ वर्षे) | १६. | आकस्मिक बचत |

आ) **ऋण लगानी सेवाः** संस्थाले सदस्यहरूलाई विभिन्न आय आर्जनका काममा लगानी गरी उनीहरूको आर्थिक अवस्था सुधार गर्न तपसिल बमोजिमको आयमूलक ऋण प्रदान गर्दछ ।

| क्र.स. | ऋणका प्रकार | क्र.स. | ऋणका प्रकार |
|---|---|---|---|
| १. | कृषि ऋण | ८. | घर निर्माण ऋण |
| २. | पशुपालन ऋण | ९. | जग्गा खरिद ऋण |
| ३. | औद्योगिक ऋण | १०. | बचत धितो ऋण (मासिक/आवधिक) |
| ४. | उच्च शिक्षा तथा शैक्षिक ऋण | ११. | समूह जमानी (लघुवित्त) ऋण |
| ५. | हायर पर्चेज ऋण | १२. | कर्मचारी सहुलियत ऋण |
| ६. | व्यवसायिक ऋण | १३. | सामाजिक/व्यक्तिगत ऋण |
| ७. | वैदेशिक रोजगार ऋण | १४. | उद्यमी ऋण |

**नोटः** सामान्यतया १ लाखसम्म बढीमा ३ वर्ष, ५ लाखसम्म बढीमा ५ वर्ष, ५ लाखभन्दा बढी रकमलाई १० वर्षसम्मको अवधि राख्न सकिनेछ । हरेक ऋण किस्ताबन्दी रूपमा बुझाउनु पर्नेछ । सबै प्रकारका ऋणहरूको सुरूको किस्ता भुक्तानीको लागि ४ महिनाको अनुग्रह अवधि (Grace Period) उपलब्ध गराइनेछ । तर ऋणको अवधि निर्धारण गर्दा ऋणी र संस्थाबीचको आपसी समझदारी र सम्झौता अनुसार पनि गर्न सकिनेछ । बचत जमानत ऋणको हकमा १० महिनाको ग्रेस अवधि प्रदान गर्ने नीति अवलम्बन गरिएको छ ।

इ) **अन्य सेवाहरूः** संस्थाले बचत तथा ऋणका अलावा आवद्ध शेयर सदस्यहरूलाई विभिन्न गैर वित्तीय सेवाहरू प्रदान गर्दै आएको छ ।

क. **निःशुल्क ए.बि.बि.एस. सेवा (१६ वटै कार्यालयहरूबाट):** संस्थाले आफ्नो छुट्टै WLAN Intranet स्थापना गरी दोलखा, काठमाडौं जिल्लामा रहेका विभिन्न सेवाकेन्द्रहरूबाट सदस्यहरूलाई निःशुल्क अन्तर सेवाकेन्द्र (ए.बि.बि.एस.) सेवा उपलब्ध गराउँदै आएको छ ।

ख. **मोबाईल बैंकिङ्ग सेवाः** सदस्यहरूलाई यो सेवा मार्फत कारोवारहरूको एलर्ट, नगद रहित कारोवार, टपअप तथा रिचार्ज, अनलाइन टिकेटिङ, QR Code, E-Teller, Bank Fund Transfer (सहकारीको रकम बैंकमा र बैंकमा भएको रकम सहकारीमा), फरेक्स जानकारी र संस्थाको सूचनाहरू सम्बन्धी सेवा प्रदान गरिन्छ । साथै अनलाइन मार्फत बचत जमानतको ऋण माग तथा स्वीकृत गर्ने प्रविधिको समेत विकास तथा थालनी गरिएको छ ।

ग. **सदस्य सुरक्षा कोष सेवाः** यस सेवा अन्तर्गत प्रत्येक सदस्यले आर्थिक वर्षको सुरूमा सदस्य सुरक्षा कोषमा रू. २००।- जम्मा गर्नुपर्दछ । सो आर्थिक वर्षभित्र सदस्यको मृत्यु भएमा रू. ५,०००।- (पाँच हजार रूपैयाँ) देखि रू. ५०,०००।- (पचास हजार रूपैयाँ) सम्म सहयोग रकम उपलब्ध गराउँदै आएको छ ।

घ. **मनी ट्रान्सफर सेवाः** संस्थाले IME, Hulas, Ez remit, Best Remit, Ipay remit, Western Union Money Transfer, Himal remit, City express, easy link लगायतका कम्पनीहरूसँग सहकार्य गरेर सदस्यहरू तथा आसपासका सेवाग्राहीहरूलाई मनी ट्रान्सफरको सेवा उपलब्ध गराउँदै आएको छ ।

ङ. **सदस्यहरूलाई शिक्षा तथा तालिमः** सदस्यहरूलाई निरन्तर रूपमा सहकारी शिक्षा शिविरको आयोजना सहित अभौतिक सामाग्री मार्फत सहकारी सम्बन्धी शिक्षा प्रदान गरिरहेका छौं । यसैगरी आवश्यकता अनुसार सीपमूलक तालिम तथा वित्तीय साक्षरताका तालिमहरू सञ्चालन गर्दै आइरहेका छौं ।

च. **सामुहिक जमानी (लघुवित्त) सेवा**: दोलखाको अति दुर्गम क्षेत्रमा रहेका विपन्न वर्गका समुदायमा सहकारीको प्रभावकारी सेवा पुऱ्याउनका लागि संस्थाले लघुवित्त कार्यक्रम सञ्चालन गरेको छ । महिलाहरूको समूह गठन गरी आर्थिक सामाजिक र व्यवसायिक क्रियाकलापमा संलग्न गराउँदै महिला सशक्तिकरण गर्नका लागि यो कार्यक्रम ६ गाउँपालिकामा ८० समूहमा १२७७ सदस्यहरूले लघुवित्त कार्यक्रमबाट लाभ लिइरहेका छन् ।

छ. **जेहेन्दार तथा उत्कृष्ठ विद्यार्थी छात्रवृत्ति**: कार्यक्षेत्र भित्रका सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्ययनरत सदस्य तथा सदस्यका छोराछोरीहरू मध्येबाट जेहेन्दार तथा उत्कृष्ठ विद्यार्थीहरूलाई विद्यालय तथा क्याम्पसले गरेको सिफारिसको आधारमा आधारभूत तहमा ५० जनाको लागि, माध्यमिक तह (९ र १०) मा ३० जना र माध्यमिक तह (११ र १२) मा २० जनाको लागि र क्याम्पस तहमा ५ जना गरी वार्षिक रूपमा १०५ जना जेहेन्दार तथा उत्कृष्ठ विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

ज. **सामाजिक संस्कार खर्च सहयोग**: सदस्यको मृत्यु हुँदा सामाजिक संस्कार खर्च वापत रू. ५ हजार प्रदान गरिदै आएको छ ।

झ. **प्राकृतिक प्रकोपमा सहयोग**: प्राकृतिक प्रकोपका कारण कुनै सदस्यको घर तथा व्यवसायमा क्षति भएमा तत्काल राहत दिनको लागि अवस्था हेरी रू. २,०००|- (दुई हजार रूपैयाँ) देखि रू. १०,०००|- (दश हजार रूपैयाँ) सम्म आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ ।

ञ. **सम्मान तथा पुरस्कार**: संस्थाले हरेक वर्ष तपसिल बमोजिमका विधाहरूमा सम्मान तथा पुरस्कार गर्दै आएको छ:

**तपसिल**

| | |
|---|---|
| जनसचेतन सहकारी अभियान्ता राष्ट्रिय पुरस्कार | असल ऋणी सम्मान |
| असल नियमित बचतकर्ता (मासिक, ज्येष्ठ, बाल र दैनिक) सम्मान | पत्रकार सम्मान |
| उत्कृष्ट एस.इ.इ. सम्मान (छात्र र छात्रा) | वर्ष कर्मचारी तथा उत्कृष्ट सेवाकेन्द्र सम्मान |
| जेष्ठ सदस्य सम्मान (महिला र पुरूष) | उत्कृष्ट उपसमिति सम्मान |
| संस्थापक तथा सञ्चालक सदस्य सम्मान मरणोपरान्त | पूर्व सञ्चालक सम्मान |
| उत्कृष्ट लघुवित्त समूह सम्मान | जनसचेतन आवाज सम्मान |

ट. **जनसचेतन आजीवन साहारा**: सदस्य सुरक्षा कोषमा भाग लिएका ७५ वर्ष उमेर पुगेका वृद्ध वृद्धाहरूलाई संस्थाले मासिक रू. ५ सयका दरले त्रैमासिक रूपमा एकमुष्ट आजीवन सहारा भत्ता दिँदै आइरहेको छ ।

ठ. **जनसचेतनको सहारा कार्यक्रम**: संस्थामा आवद्ध भएको ५ वर्ष पुरा भई ७० वर्ष नाघेका जेष्ठ सदस्यहरूलाई जनसचेतनको लोगो अंकित न्यानो कपडा (उनको टोपी, गलबन्दी र बर्को) वितरण गर्ने गरिएको छ ।

ड. **जेष्ठ सदस्य तीर्थ अवलोकन भ्रमण कार्यक्रम**: संस्थामा आवद्ध जेष्ठ सदस्यहरू मध्ये ५६ जनालाई प्रत्येक वर्ष जनकपुरधाम, हलेसी महादेव, बराहक्षेत्र र सिन्धुलीगढी क्षेत्रको अवलोकन भ्रमण गराउँदै आइरहेको छ ।

ढ. **सदस्य वित्तीय साक्षरता तथा विस्तारित मञ्च कार्यक्रम**: सहकारी विभागबाट जारी गरिएको सदस्यता केन्द्रीयता सूचकांक सम्बन्धी निर्देशनको पूर्ण रूपमा पालना गर्न, संस्था सञ्चालनका नीति तथा कार्यविधि तय र अद्यावधिक गर्न, संस्था सञ्चालनमा प्रत्यक्ष रूपमा सदस्यहरूको सहभागिता सुनिश्चित गर्न Correction through Connection with members र सदस्यता विस्तारित मञ्चका कार्यक्रमहरू सबै सेवाकेन्द्रहरू मार्फत सञ्चालन गरिदै आएको छ ।

ण. **रक्तदान कार्यक्रमको आयोजनाः** "जीवन अमुल्य छ, बाँचौं र बचाउँ" भन्ने नारालाई आत्मसाथ गर्दै वार्षिक रूपमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा दोलखाको प्राविधिक सहयोगमा प्रत्येक वर्ष रक्तदान कार्यक्रम गर्ने गरेको छ ।

त. **स्वास्थ्य उपचारमा आर्थिक सहयोगः** संस्थामा आवद्ध शेयर सदस्यहरूलाई गम्भिर प्रकृतिका रोगहरू (पारालाइसिस, मृगौला फेल, ब्रेन ट्युमर, क्यान्सर, मुटु प्रत्यारोपण) बाट संक्रमित सदस्यहरूलाई स्वास्थ्य उपचारमा सहयोगको लागि रू. ५,०००।- (पाँच हजार) देखि रू. १०,०००।- (दश हजार) सम्म प्रदान गर्दै आएको छ ।

थ. **सुत्केरी स्याहारमा आर्थिक सहयोगः** संस्थामा आवद्ध शेयर सदस्यहरू सुत्केरी भएमा सुत्केरी स्याहारमा सहयोग पुग्ने उद्देश्यले रू. २,०००।- (दुई हजार) प्रदान गर्दै आएको छ ।

द. **स्वाथ्य बीमामा सहयोगः** संस्थामा आवद्ध भएका शेयर सदस्यहरूले स्वास्थ्य बीमाबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले निजले संस्थामा रहेको नियमित बचतको सीमाको आधारमा रू. २५०।- र रू. ५००।- उपलब्ध गराउँदै आएको छ ।

**१०. जनसचेतन साकोस सञ्चालन भएपछि समुदायमा भएको परिवर्तनः**

**१०.१ आर्थिक परिवर्तन**

क) सदस्यहरूमा बचत गर्ने बानीको विकास भएको छ ।

ख) साहु महाजनहरूको चर्को ब्याजको ऋणबाट उन्मुक्ति पाएका छन् ।

ग) स्वदेश तथा विदेशमा रोजगारको अवसरको सिर्जना भएको छ ।

घ) रेमिट्यान्स कारोवारमा वृद्धि भएको छ ।

ङ) कृषिमा व्यवसायीकरणको सुरूवात भएको छ ।

च) आर्थिक पहुँचमा वृद्धि भएको छ ।

छ) गुणस्तरीय वित्तीय सेवाको उपलब्धतामा क्रमिक सुधार भइरहेको छ ।

ज) गरिबी न्यूनीकरणमा सहयोग भएको छ ।

झ) घरेलु तथा साना उद्योग स्थापनामा सहयोग भएको छ ।

ञ) उद्यमीदेखि उद्योगीसम्म बनाउने व्यवसाय विकासका कार्यक्रम मार्फत सिप विकास र उद्यमशिलता विकास तालिमहरूमा सहभागी हुने अवसर प्रदान भएको छ ।

**१०.२ सामाजिक परिवर्तन**

क) सदस्यहरूको चेतनाको स्तरमा अभिवृद्धि भएको छ ।

ख) नेतृत्व सीप विकास भएको छ ।

ग) आत्मनिर्भर र पारस्पारिक सहयोगको भावनाको विकास भएको छ ।

घ) सामाजिक अनुशासनमा अभिवृद्धि भई सु-संस्कारको सुरूवात भएको छ ।

ङ) फजुल खर्च गर्ने बानीमा सुधार भई आर्थिक सम्वृद्धिको संकेत देखा परेको छ ।

**११. जनसचेतन साकोसका केही सबल पक्षहरू:**

- स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा चिरपरिचित भएको छ ।
- विभिन्न १६ स्थानमा सेवाकेन्द्र तथा संकलनकेन्द्र स्थापना गरेर सेवाप्रवाह गरिरहेको छ जसको कारणले सदस्यहरूले सजिलै एकठाउँमा रकम जम्मा गरेर अर्को ठाउँमा झिक्न मिल्ने सुविधा प्राप्त गरिरहेका छन् ।
- विद्युतीय माध्यमबाट सदस्यहरूलाई आधुनिक सेवा दिन सफल भएको छ ।
- संस्थामा अत्याधुनिक उपकरणहरूको प्रयोगबाट कारोवारको दीर्घकालिन सुरक्षा भएको छ ।
- समुदायको रूची र आवश्यकता अनुसारको वस्तु तथा सेवा प्रदान गर्न सक्षम भएको छ ।
- नमूना सहकारीको रूपमा विकास हुन सक्नु जसको कारणबाट बर्सेनी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संघ संस्थाको अनुभव आदान-प्रदान गर्ने गन्तव्य संस्थाको रूपमा विकास भएको छ ।
- वित्तीय अनुशासन कायम हुन सक्नु जसको कारणले सदस्यहरूले खाई नखाई जम्मा गरेको शेयर र बचत रकमको जोखिम रहित सुनिश्चितता छ ।
- सञ्चालकहरूको सहकारी सञ्चालन सक्षमतामा वृद्धि भइरहेको छ ।
- कर्मचारी व्यवस्थापनमा कर्मचारीको क्षमतामा वृद्धि भइरहेको छ ।
- सदस्यहरूको चाहनामा आधारित नीति, विधि र प्रविधिमैत्री सेवा प्रदान गरिरहेको छ ।

**१२. नयाँ सदस्यता लिनको लागि आवश्यक न्यूनतम रकम:**

| विवरण | नगद रू. |
|---|---|
| प्रवेश शुल्क | २००।- |
| शेयर रकम (रू. १००×२० कित्ता) | २,०००।- |
| नियमित मासिक बचत | २००।- (कम्तीमा) |
| सदस्य सुरक्षा कोष | २००।- |
| सामुदायिक उत्तरदायित्व कोष योगदान | ५०।- |
| **जम्मा** | **२,६५०।-** |

**१३. सदस्यहरूको जिम्मेवारी:**

- मासिक रूपमा आफुले कबुल गरेको बचत रकम नियमित जम्मा गर्नु ।
- ऋणी सदस्यले नियमित रूपमा ऋणको तोकिए बमोजिमको किस्ता बुझाउनु ।
- संस्थाले आयोजना गरेको सभा गोष्ठी आदिमा अनिवार्य सहभागी हुनु ।
- संस्थालाई हानी हुने तथा आम सदस्यलाई नोक्सानी हुने काम नगर्नु/नगराउनु । (No harm to others)
- संस्थाको नीति नियमहरूको पालना गर्नु ।
- समय-समयमा सुझावहरू विधिवत रूपमा राख्नु ।
- आफ्नो कारोवारको हिसाबको समय-समयमा परीक्षण गरी सुनिश्चत हुनु ।

## १४. जनसचेतन (JANASACHETAN) को संस्कृतिः

| | | |
|---|---|---|
| J | Justice | सबै सदस्य तथा सरोकारावाला प्रति समान व्यवहार |
| A | Accountability | स्पष्ट जवाफदेहिता सहितको जिम्मेवारी |
| N | Networking | सदस्य, साझेदार र समुदायसँग बलियो सम्बन्ध |
| A | Agility | परिवर्तनलाई स्वीकार गर्ने क्षमता |
| S | Service Excellence | उत्कृष्ट सेवा नै संस्थाको पहिचान |
| A | Appreciation | राम्रो कामको सम्मान र प्रोत्साहन |
| C | Compliance | ऐन, कानुन र नीतिको पूर्ण पालना |
| H | Honesty | जिम्मेवारी प्रति इमान्दारिता र नैतिकता |
| E | Education & Empowering | वित्तीय शिक्षा मार्फत सशक्तिकरण |
| T | Teamwork | एक टोली एक लक्ष्य |
| A | Adaptability | चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै निरन्तर सुधार |
| N | New idea | नवप्रवर्तन र निरन्तर खोजी |

## १५. जनसचेतन, सञ्चालक र कर्मचारीका न्यूनतम प्रतिवद्धताः

- सदस्य भन्दा माथि कोही हुने छैन ।
- सदस्यको बचतको सुरक्षा पहिलो प्राथमिकता हो ।
- लगानी गरिएका सबै ऋणहरू असुल हुन्छन् र गर्‍छौं ।
- सुशासन हाम्रो संस्कृति हो ।
- प्रविधिमैत्री परिवर्तन हाम्रो प्राथमिकता र भविष्य हो ।
- पारदर्शिता हाम्रो शक्ति हो ।
- आवद्ध सदस्य, जवाफदेही सञ्चालक र कर्मचारी हाम्रा सम्पत्ति हुन ।
- सिकाई निरन्तर हुन्छ, अन्त्य हुँदैन ।
- समिक्षा र सुधार कहिल्यै रोकिन्न ।
- संस्था अविच्छिन्न उत्तराधिकारी भएकाले निरन्तरता र पुस्तान्तरणमा हामी विश्वास राख्छौं ।

## १६. सम्पर्क ठेगानाः

मुख्य कार्यालयः वैतेश्वर गा.पा.-५, काब्रे, दोलखा, फोन नं.ः ०४९-४११००४, ४११००५

| | | | |
|---|---|---|---|
| १ | काठमाडौं सेवाकेन्द्र, फोन ०१-५९०१८५३, मो. ९८५४०४५३०९ | ९ | चरिकोट सेवाकेन्द्र, फोन ०४९-४२१८६७, मो. ९८५४०४५३१३ |
| २ | मेलुङ सेवाकेन्द्र (पवटी), ९८५४०४५३२५ | १० | जिरी सेवाकेन्द्र, ९८५४०४५३२३ |
| ३ | कालिञ्चोक सेवाकेन्द्र(सुन्द्रावती), ९८५४०४५३२० | ११ | बाबरे संकलनकेन्द्र, ९८५४०४५३३२ |
| ४ | विगु सेवाकेन्द्र (सिंगटी), ९८५४०४५३१४ | १२ | जगत संकलनकेन्द्र, ९८५४०४५३३४ |
| ५ | तामाकोशी सेवाकेन्द्र (हाँवा), ९८५४०४५३२८ | १३ | साङ्बा संकलनकेन्द्र, ९८५४०४५३१६ |
| ६ | मार्वु संकलनकेन्द्र, ९८५४०४५३१७ | १४ | शैलुङ सेवाकेन्द्र, भैंसे, ९८५४०४५३३१ |
| ७ | नाम्दु संकलनकेन्द्र, ९८५४०४५३१९ | १५ | गौरीशंकर सेवाकेन्द्र सुरी, ९७६७३९५५८५ |
| ८ | मिर्गे संकलनकेन्द्र, ९८५४०४५३१५ | १६ | बाघखोर संकलनकेन्द्र, ९८४११९७६६९ |

# व्यवस्थापनको प्रतिवद्धता



**नवराज दहाल**
प्रमुख कार्यकारी अधिकृत

दोलखा जिल्लाको सहकारी अभियानलाई विकास र प्रवर्द्धन गर्न तथा समुदायको समृद्धि अभिवृद्धि गर्नको लागि महत्वपूर्ण भूमिका खेल्न सफल यस जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.को गौरवमय ३३ वर्षहरूका सफलता र उपलब्धीहरू सर्वविदितै छ । संस्थाको "**प्रविधियुक्त प्रतिस्पर्धी सुरक्षित वित्तीय सहकारी संस्था**" भन्ने परिकल्पना पुरा गर्न सञ्चालक समितिले निर्दिष्ट गरेका नीति तथा कार्यक्रमहरूलाई उपलब्धीउन्मूख कार्यान्वयन गर्न सिङ्गो व्यवस्थापन निरन्तर लागिरहेको छ । संस्था स्थापनाको उद्देश्य प्राप्तिमा निरन्तरता दिँदै सदस्यहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार गर्ने कुरामा संस्था सदैव प्रतिवद्ध र सर्मपित छ । संस्थाले पछिल्ला वर्षहरूमा "**जनसचेतन रोजौं, आर्थिक भविष्य सुदृढ बनाउँ**" भन्ने भावलाई आत्मसाथ गर्दै सदस्यता बढाउने भन्दा पनि सम्बन्ध बढाउने नीतिलाई अंगिकार गरेको छ ।

परम्परागत पुँजी निर्माणभन्दा आफूलाई अलग पहिचान दिँदै राज्यको आर्थिक समृद्धिका निम्ति एउटा अभिन्न अङ्ग बन्दै छुट्टै खालको परिचय स्थापित गर्ने रणनीति लिएर संस्था अगाडि बढिरहेको छ । हामी बैंक हैनौं, बैंक भन्दा फरक हुन चाहन्छौं । साकोसको मुख्य व्यवसाय बैंकको जस्तो देखिए पनि यो बैंक भन्दा फरक छ र बैंक भन्दा फराकिलो क्षेत्रबाट समुदायलाई सेवा पुऱ्याउन सकिने विकल्पहरू सहित क्रियाशील छ । हामीले हाम्रो परिकल्पनालाई साकार पार्नको लागि हाम्रा निर्दिष्ट लक्ष्यहरूलाई पछ्याउँदै सदस्यहरूको सपनाहरू साकार बनाउन प्रतिवद्ध भएर लाग्नुपर्ने आवश्यकता एकातिर छ भने अर्कोतर्फ सहकारीका रणनीति अनुसार हाम्रा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छाता संघ संस्थाहरूले डोऱ्याएको बाटोमा संस्थालाई अगाडि बढाउँदै विश्व सहकारी अभियानमा महत्वपूर्ण भूमिका खेल्नु पर्ने जिम्मेवारी छ । नेपाल सरकारले तय गरेको ३ खम्बे अर्थनीतिभित्र रही सहकारी आन्दोलनलाई थप उचाईमा पुऱ्याउनु हाम्रो दायित्व र जिम्मेवारी दुवै रहेका छन् ।

सहकारी अभियानलाई लाखौं मानिसहरूको साथ र सहयोग रही रहँदा पनि सहकारी संस्थाहरू बीचको अस्वस्थ प्रतिस्पर्धा र सञ्चालक तथा कर्मचारीहरूको मनोमानीले समय-समयमा विभिन्न समस्याहरू आइ नै रहेकाछन् । हाम्रो पहिलो लक्ष्य सदस्यहरूलाई सन्तुष्ट बनाउने रहेकाले हामी निरन्तर सदस्य सेवामा जुटिरहेका छौं । विभिन्न बाधा र चुनौतिका बाबजुद समेत संस्थाले सम्पूर्ण वित्तीय समाधान सहितका सेवाहरू प्रदान गर्न निरन्तर लागिरहेको छ । संस्थाले सदस्यहरूलाई प्रविधिमा आधारित IBFT, Mobile Banking, QR Code, E-Teller, Bank Fund Transfer लगायतका सेवाहरू निरन्तर उपलब्ध गराइरहेको छ । कार्यक्षेत्रको भौगोलिक विकटता र विषम परिस्थितिमा पनि सदस्यहरूलाई निरन्तर रूपमा सेवा पुऱ्याएको अनुभव गरेका छौं । सदस्यहरूमा "कमाई सँगै बचत, बचत सँगै भविष्य, भविष्य प्रति विश्वास, विश्वासले सम्बन्ध सुदृढ गरौं र समृद्ध बनौं " भन्ने भावलाई उजागर गर्न सिंगो व्यवस्थापन लागि परेको छ ।

वित्तीय संस्था सञ्चालन प्रक्रियालाई जीवन्त रूप दिन संस्थामा कार्य गर्ने सिङ्गो व्यवस्थापनको क्षमता चुस्त, दुरूस्त, पारदर्शी, लगनशील र सिकेका सीपहरूको कार्यान्वयनमा ध्यान दिई उत्पादकत्वमा वृद्धि गर्न सक्षम हुनुपर्छ । आजको यो प्रतिस्पर्धात्मक र उत्कृष्टताको समयमा संस्थाको फराकिलो सोचलाई पुरा गर्नको लागि निश्चित रूपमा जनसचेतन साकोसको व्यवस्थापन निक्कै नै सक्षम, गतिशील, प्रभावकारी र आधुनिक हुन जरूरी छ भन्ने कुरामा सचेत रहँदै व्यवस्थापनको नेतृत्वदायी भूमिकाको हैसियतले प्रभावकारी व्यवस्थापन संस्कारको विकास गर्दै संस्थाको रणनैतिक योजनाद्वारा समुदायमा गुणस्तरीय, सदस्य केन्द्रित वित्तीय र गैर वित्तीय सेवा प्रभावकारी माध्यमद्वारा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छौं ।

जय सहकारी । जय जनसचेतन ।।

# ३३औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन



गोपलध्वज श्रेष्ठ
अध्यक्ष

यस संस्थाको गरिमामय ३३औं वार्षिक साधारण सभाको एकाइगत सभाहरूमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू तथा आमन्त्रित सम्पूर्ण उपस्थित महानुभावहरूमा हार्दिक स्वागत एवं सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

२०५० साल आश्विन २२ गते स्थापित जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. आज ३३औं वर्षमा अगाडि बढिरहेको छ । २६ जना शिक्षक, २ जना कर्मचारी, २ जना व्यापारी, १ जना सामाजिक अभियान्ता र ३ जना किसानहरू गरी जम्मा ३४ जनाले स्थापना गरेको यो संस्था विविध जटिलताहरूलाई पार गर्दै सदस्यहरूको स्वर्णिम भविष्य निर्माणको बाटोमा अविचलित र अविरल रूपमा अगाडि बढी रहेको सर्वविदितै छ । सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक स्तर अभिवृद्धि गरी समुन्नत समाजको निर्माण गर्ने लक्ष्य राखेको संस्थाले छैटौं रणनीतिक व्यवसायिक योजनाबाट "**प्रविधियुक्त प्रतिस्पर्धी सुरक्षित वित्तीय सहकारी संस्था**" को परिकल्पना गरेको थियो त्यसैलाई नै सातौ रणनीतिक योजनाको परिकल्पनालाई निरन्तरता दिइएको छ । संस्था विकासका क्रममा हामीसँग धेरै सवल पक्ष तथा सुधार गर्ने विषयका साथ-साथै विभिन्न अवसर तथा चुनौतीहरू रहेका छन् । सबल पक्षको रक्षा गर्दै कमि कमजोरी सच्याउँदै बाधा अड्चन र चुनौतीहरूको सामना गर्दै अवसरहरूलाई समय सापेक्ष अंगिकार गर्दै अगाडि बढिरहेको गर्विलो इतिह्रासको साक्षी हामी सबै छौं । सहकारीको यही गर्विलो र ओजस्वी इतिह्रासलाई नै निरन्तरता दिनका लागि जनसचेतनको सञ्चालक समिति क्रियाशिल रहेको छ । संस्थाको साखमा इट्टा थप्दै सफलताको थप उच्चाईमा पुऱ्याउनका लागि सल्लाहकार, बुद्धिजीवि, अग्रज, सरकारी तथा गैर सरकारी संघ संस्था, शेयर सदस्य तथा कर्मचारीहरूबाट भरपुर साथ र सहयोगको अपेक्षा गर्दछ । सहयोगी मनहरू प्रति संस्था सधै ऋणी रही रहेको छ र रहिरहनेछ । संस्था स्थापनाको गर्विलो इतिहासको सन्दर्भलाई ओजस्विलो बनाउने यो साधारण सभामा सम्पूर्ण संस्थापकहरूमा उच्च सम्मान राख्दछ । साथै आ.व. २०८२/८३ भरमा मृत्युवरण गर्न पुगेका सम्पूर्ण शेयर सदस्य तथा बाल बचतकर्ताहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण समेत गर्न चाहन्छु ।

संस्थालाई कानुनी अनुपालनामा उत्कृष्ट बनाउनु पर्छ भन्ने उद्देश्यका साथ सहकारी ऐन, नियमावली, निर्देशन तथा मापदण्डहरूको परिपालनामा जोड दिइएको छ । मिति २०८३ आषाढ २ गते बागमती प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयबाट भएको अनुगमन तथा निरीक्षणबाट प्राप्त सुझावहरूलाई अंगिकार गर्दै कार्यान्वयन गरिएको छ ।

**शेयर सदस्य महानुभावहरू,**

हामीले संस्थालाई सहकारी सिद्धान्त, मुल्य मान्यता र आर्दश अनुसार सञ्चालन गर्ने प्रतिवद्धता गरेका छौं । समय सापेक्ष संस्था सञ्चालनका नीति तथा कार्यविधिहरूमा परिमार्जन तथा अद्यावधिक गर्दै हाल १० वटा नीति र २५ वटा कार्यविधि निर्माण गरी सुशासन कायम राख्न प्रयत्न गरेका छौं । कारोवारलाई पारदर्शी बनाएका छौं । प्रविधियुक्त प्रतिस्पर्धी कार्यक्रमहरू सञ्चालन गरेका छौं । "**प्रविधिमैत्री गुणस्तरीय सेवा, सदस्यहरूलाई टेवा**" भन्ने मुख्य उद्देश्य बोकेको संस्थामा सदस्यहरूलाई गर्वदेखि स्वर्गसम्म अर्थात Womb to Tomb का कार्यक्रमहरू सञ्चालनमा

रहेका छन् । सदस्य सेवा अन्तर्गत गर्भवती तथा सुत्केरी भेटघाट, जेहेन्दार तथा उत्कृष्ठ विद्यार्थी छात्रवृत्ति, सदस्यहरूलाई शिक्षा तथा तालिम कार्यक्रम, सदस्य सुरक्षाकोष, मनिट्रान्स्फर, गरिबसँग जनसचेतन, विभिन्न विद्याहरूमा सदस्य सम्मान तथा पुरस्कार कार्यक्रम, औषधी उपचार आर्थिक सहयोग, प्राकृतिक प्रकोपमा सहयोग, लघुवित्त कार्यक्रम, जेष्ठ सदस्यलाई जनसचेतनका सहारा लेखिएको सामाग्री वितरण, जनप्रतिनिधिसँग जनसचेतन, जनसचेतन आजिवन साहारा, सामाजिक संस्कार खर्च लगायतका महत्वपूर्ण सेवा तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौं । संस्थालाई चुस्त, दुरूस्त र पारदर्शी ढंगले सञ्चालन गरी सदस्यहरूलाई प्रविधियुक्त गुणस्तरीय र प्रतिस्पर्धी सेवा प्रदान गर्ने उद्देश्यले व्यवसायिक, सक्षम र दक्ष कर्मचारीको व्यवस्थापनमा जोड दिँदै आएका छौं । सदस्यहरूको सेवालाई छिटो छरितो ढंगले सम्पादन गर्न तथा उत्कृष्ट र गुणस्तरीय सेवा प्रदान गर्न मुख्य कार्यालय सहित १७ वटा सेवा कार्यालयहरूबाट सदस्य सेवा प्रदान गररिहेका छौं ।

**शेयर सदस्य महानुभावहरू,**

संस्थाका वस्तु तथा सेवाहरूलाई गुणस्तरीय, दिगो, भरपर्दो, विश्वासिलो र परिणाममुखी बनाउन २०६५ सालबाट ACCESS BRAND कार्यक्रममा सहभागी भएर निरन्तर मेहनत र सदस्यहरूको सहयोगका कारण संस्थाले २०६९ सालमा BRONZE BRAND प्राप्त गर्न सफल भयौं । संस्थाले BRAND स्तरोन्नती गर्न थप सृजनात्मक, सुधारात्मक र परिणाममुखी कार्यहरू सम्पादन गर्दै २०७३ सालमा SILVER BRAND प्राप्त गऱ्यो । संस्थाले सुरक्षित सदस्य सेवा र सुशासन सहितको सञ्चालनमा स्वदेश लगायत विदेशमा समेत उत्कृष्टताको पहिचान बनाई सकेको छ । बचत तथा ऋण सहकारी संस्थाका सुन्दर पक्षहरू जस्तैः सेवा प्रदान, साझा बन्धन, नाफा गौण, कारोवारमा संलग्नताको आधारमा प्रतिफल वितरण, स्वयंसेवी नेतृत्व, बचत र श्रम प्रदान जीवनयापन लगाएतका सहकारी संस्कृतिलाई आत्मसाथ गर्दै संस्थामा आवद्ध शेयर सदस्यहरूलाई सेवा प्रवाह गर्ने कार्यमा नेताले होइन नीतिले, बोलिले होइन विधिले र परम्पराले होइन पद्धती र प्रविधिले संस्था सञ्चालन गर्नुपर्छ भन्ने भावलाई व्यवहारमा उतार गर्दै आवद्ध सदस्यहरूको आर्थिक सामाजिक परिर्वतनमा संस्था क्रियाशिल रहेको छ । नरहे बाँस नबजे मुरली अर्थात सदस्यहरूको सक्रिय सहभागीता, इमान्दारिता, स्वावलम्बन र पारस्परिक सहयोग र सद्भाव रहेमा मात्र संस्था गतिशिल हुँदै जीवन्त रहने व्यहोरा स्मरण गराउन चाहन्छौं ।

सञ्चालक समितिको तर्फबाट संस्थाको आ.व. २०८२/०८३ को प्रगतिको समिक्षा, समग्र आर्थिक कारोवार, संस्थाले हासिल गरेका उपलब्धी र भावी कार्ययोजना तथा प्रस्तावहरू प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१. **सदस्यताः** २०८३ आषाढ मसान्तसम्ममा यस संस्थामा आवद्ध सदस्यको संख्या ३४,३४७ रहेको छ । गत आ.व. को अन्त्यसम्ममा कुल सदस्य संख्या ३६,६७९ रहेकोमा यस वर्ष बसाई सराई, मृत्यु, दोहोरो सदस्यता तथा ५ वर्ष भन्दा बढी समयदेखि नियमित बचत नगर्ने निष्क्रिय सदस्यहरूको समेत गरी २९३५ जनाको सदस्यता खारेजी गरिएको छ । यस आ.व.मा नयाँ सदस्यता प्राप्त गर्ने सदस्यहरूको संख्या ५९१ रहेको छ ।

२. **शेयर पुँजीः** संस्थाको चुक्ता शेयर पुँजी २०८२ आषाढ मसान्तसम्ममा रू. १५,६२,४३,१००।– रहेकोमा २०८३ आषाढ मसान्तसम्ममा जम्मा रू. १५,९२,८९,४००।– पुगेको छ । शेयर पुँजीमा गत वर्षको तुलनामा १.९५ प्रतिशतले वृद्धि भएको छ ।

३. **संस्थागत पुँजीः** गत वर्ष संस्थागत पुँजीमा गणना गर्न मिल्ने कोषहरूको कुल रकम रू. १८,८७,३३,९४४.३८ रहेकोमा यस वर्ष रू. १८,९८,९८,४३४.६६ रहेको छ । यस आ.व.को अन्त्यमा संस्थाको संस्थागत पुँजी ८.४८ प्रतिशत पुगेको छ ।

४. **बचत निक्षेपः** सदस्यहरूले जम्मा गर्नुभएको कुल बचत निक्षेप २०८२ आषाढ मसान्तसम्ममा रू. १,८०,०८,९६,८७९.७१ पुगेकोमा २०८३ आषाढ मसान्तसम्ममा कुल बचत निक्षेप रू. १,८३,४९,०४,७३०.४६ पुगेको छ । जसमा ५२.६९ प्रतिशत मासिक बचतको अनुपात रहेको छ । बचत निक्षेपमा गत वर्षको तुलनामा १.८९ प्रतिशतले वृद्धि भएको छ । संस्थाले विभिन्न १६ प्रकारका बचत योजनाहरू निर्माण गरी सदस्यहरूको चाहना, क्षमता र आवश्यकता अनुसार बचत गर्ने व्यवस्था मिलाएको छ ।

५. **ऋण लगानीः** २०८२ आषाढ मसान्तमा कुल ऋण लगानी रू. १,६३,६८,२८,००९.३५ रहेकोमा आ.व. २०८२/०८३ मा संस्थाले विभिन्न १४ प्रकारका ऋणका शीर्षकहरूमा रू. ८३,६२,३३,६४९.६५ लगानी र रू. ८१,४४,६४,७२६.७८ असुली गरी २०८३ आषाढ मसान्तमा कुल लगानीमा रहेको ऋण रू. १,६५,८५,९६,९३२.२२ रहेको छ । ऋण लगानीमा गत वर्षको तुलनामा १.३३ प्रतिशतले वृद्धि भएको छ ।

६. **बाह्य ऋणः** गत आ.व. देखिनै बाह्य ऋण शुन्य रहेको छ । सकभर संस्थाले सदस्यहरूबाट संकलित पुँजीलाई मात्र सदस्यहरू माझ परिचालन गर्ने रणनीति अवलम्बन गर्दै आएको छ ।

७. **तरलता अनुपातः** आ.व. २०८१/०८२ को अन्त्यमा संस्थाको तरलता (नगद तथा बैंक) रकम रू. ५२,७४,३६,२८०.५४ अर्थात २९.२९ प्रतिशत रहेकोमा यो आ.व. को अन्त्यमा उक्त रकम रू. ५४,२३,७५,३८९.१५ अर्थात २९.५६ प्रतिशत रहेको छ ।

८. **वित्तीय लगानीः** संस्थाले विभिन्न संस्थाहरूमा आ.व. २०८१/०८२ मा रू. ३,३२,७२,७००.८७ रकम लगानी गरेकोमा आ.व. २०८२/०८३ को अन्त्यसम्ममा रू. ३,३३,४१,९६८.०७ लगानीमा रहेको छ । जुन गत वर्षको तुलनामा ०.२१ प्रतिशतले वृद्धि हो ।

९. **भाखा नाघेको ऋण र ऋण जोखिम कोषको व्यवस्थाः** २०८३ आषाढ मसान्तमा संस्थाको कुल ऋण लगानी रू. १,६५,८५,९६,९३२.२२ मध्ये सक्रिय ऋण (भाखा ननाघेको वा भाखा नाघी ३ महिना व्यतित नभएको र बचत जमानतको ऋण) रू. १,२८,११,४०,१६५.१८, कमसल ऋण (३ महिनादेखि ६ महिनासम्म भाखा नाघेको) रू. ६,८६,६१४.९९, शंकास्पद ऋण (६ महिनादेखि १२ महिनासम्म भाखा नाघेको) रू. ४८,३६,९२८.०१ र खराब ऋण (१२ महिना भन्दा बढी भाखा नाघेको ऋण) रू. ३७,२४,७४,७५९.५६ रहेको छ । जुन कुल ऋण लगानी रकमको अनुपातमा २२.८२ प्रतिशत हुन आउँछ । भाखा नाघेको र असल ऋणको लागि ऋण जोखिम कोषको व्यवस्था गरी उक्त कोषमा यस आ.व. मा रू. १,७०,००,०००।- थप गरी जम्मा रू. १०,२१,६३,८८१।- पुऱ्याइएको छ ।

१०. **स्थिर सम्पत्ति र ह्रासकट्टी विवरणः** गत आ.व.मा संस्थाको स्थिर सम्पत्ति रू. ५,०५,६९,९२५.३४ रहेकोमा आ.व. २०८२/०८३ मा रू.५,८२,९९९.७७ को स्थिर सम्पत्ति थप भई तथा रू. २६,५२,१३३.६९ ह्रासकट्टी खर्च भएको छ, उक्त रकम घटाउँदा रू. ४,८५,००,७९१.४२ बराबरको स्थिर सम्पत्ति बाँकी रहन आएको छ ।

११. **आय व्यय हिसाबः** गत आ.व. को तुलनामा ११.३९ प्रतिशतले आम्दानीमा कमी भई यस आ.व. २०८२/०८३ मा संस्थाको कुल आम्दानी रू. १५,७४,३५,२१९.३२ भएको छ । गत आ.व. को तुलनामा खर्च तर्फ ११।९१ प्रतिशतले कमी भई खर्च रू.१५,६३,९१,४८८.०५ भएको छ । यस आ.व. मा रू. १०,४३,७३१.२७ मात्र सञ्चालन बचत भएको छ । उक्त सञ्चालन बचतलाई सञ्चालक समितिको निर्णयबाट जगेडा कोषमा सारिएको छ ।

१२. **मानव संसाधनको व्यवस्थापनः** गत आ.व. मा ५८ जना कर्मचारी कार्यरत रहेकोमा साधारण सभाको निर्णय तथा वित्तीय बजारमा आएको आर्थिक मन्दीको कारण सञ्चालनमा रहेका सेवाकेन्द्र/संकलनकेन्द्रहरूको

एकीकरण तथा घुम्ती काउण्टरमा परिणतका साथै कर्मचारीहरूको दरवन्दी समेत कटौती गरी संस्थाको नियमित कारोवारलाई व्यवस्थित, जिम्मेवारी र जवाफदेही ढंगले सञ्चालन गर्न यस आ.व. मा ५६ जना कर्मचारीको कार्यरत रहेका छन् । जस मध्ये ३ जना तालिमी, ३ जना कार्यालय सहयोगी र १ जना सुरक्षा गार्डको व्यवस्थापन गरिएको छ । कर्मचारी संयन्त्रलाई चुस्त र भरपर्दो बनाई कामको जिम्मेवारीको बाँडफाँड गरिएको छ । कर्मचारीहरू प्रशिक्षार्थी तह विहिनदेखि प्रमुख कार्यकारी अधिकृतसम्म गरेर आवश्यक मात्रामा दरवन्दीको सृजना गरिएको छ । कर्मचारीहरूमा एकरूपता ल्याउन र संस्थाको पहिचान गराउन युनिफर्मको व्यवस्था गरिएको छ । आवश्यकता अनुसार कर्मचारीहरूको दरवन्दी थप गर्ने, पदपूर्ति गर्ने, बढुवा गर्ने, पुरस्कृत र दण्डित गर्ने, आकर्षक सेवा र सुविधाहरू प्रदान गर्ने आदि कार्यहरूलाई समयानुकुल व्यवस्थित गरिएको छ । संस्थामा कार्यरत कर्मचारीहरूको विवरण देहाय अनुसार रहेको छ ।

| सि.नं. | रोजगारीको प्रकार | पुरूष कर्मचारी | महिला कर्मचारी | जम्मा |
|---|---|---|---|---|
| १. | नियमित रोजगारी | २२ | २७ | ४९ |
| २. | समयगत रोजगारी | २ | ५ | ७ |
| **जम्मा** | | **२४** | **३२** | **५६** |

१३. **साधारण सभाः** संस्थाको ३२ औं वार्षिक साधारण सभाका एकाइ सभाहरू २०८२ आश्विन २१ गते ३ वटा स्थानमा, २२ गते १ वटा स्थानमा, २३ गते ५ स्थानमा, २५ गते १ स्थानमा, २७ गते ४ स्थानमा, २८ गते ४ स्थानमा गरी जम्मा १८ वटा स्थानहरूमा सम्पन्न गरी २०८२ कार्तिक १ गते एकाइ प्रतिनिधिहरूको सभा सम्पन्न गरी निर्णय पुस्तिका प्रमाणित गरिएको थियो । एकाइगत साधारण सभामा २७,५५३ शेयर सदस्य मध्ये १४,५७८ जना (महिलाः ८,५७३ र पुरूषः ६,००५) मा ५२.९१ प्रतिशत शेयर सदस्यहरूको उपस्थिति रहेको थियो ।

१४. **सदस्य सुरक्षा कोष कार्यक्रमः** सदस्यको मृत्यु पश्चात उनीहरूका आश्रित परिवारको आर्थिक सुरक्षा गर्ने अभिप्रायले २०६१ साल कार्तिक महिनामा स्थापित सदस्य सुरक्षा कोषबाट यस आ.व. मा जम्मा ५६ जना सदस्यहरूको स्वर्गारोहण भएकोले निजहरूका आश्रित परिवारलाई रू. १३,४६,०००।- (अक्षरेपी तेह्र लाख छयालीस हजार रूपैयाँ मात्र) भुक्तानी गरिएको छ ।

१५. **सामाजिक संस्कार खर्च सहयोग कार्यक्रमः** सदस्यको मृत्यु पश्चात उनीहरूका आश्रित परिवारलाई सामाजिक संस्कार खर्च सहयोग गर्नको लागि सामुदायिक विकास कोषबाट यस आ.व. मा जम्मा ६१ जना सदस्यहरूको स्वर्गारोहण भएकोले निजहरूका आश्रित परिवारलाई रू. ३,०५,०००।- (अक्षरेपी तीन लाख पाँच हजार रूपैयाँ मात्र) भुक्तानी गरिएको छ ।

१६. **स्वास्थ्य उपचार खर्च सहयोग कार्यक्रमः** गम्भिर प्रकृतिका रोगहरूबाट प्रभावित शेयर सदस्यहरूलाई स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले ५ वर्ष सदस्यता अवधि पुरा भएका नियमित मासिक बचतकर्ता र संस्थामा ऋण कारोवार नियमित भएका सदस्यहरू जटिल (पारालाइसिस, मृगौला फेल, ब्रेन ट्युमर, क्यान्सर र मुटु प्रत्यारोपण गर्नुपर्ने जस्ता) रोगहरूबाट ग्रसित भएमा सम्बन्धित पालिका र वडा कार्यालयको सिफारिसको आधारमा रू.५ हजार देखि रू.१० हजारसम्म स्वास्थ्य उपचार सहयोग प्रदान गर्दै आएको छ । आ.व. ०८२/८३ मा १४ जना सदस्यहरूले रू. ६९,०००।- (अक्षरेपी उनानसत्तरी हजार रूपैयाँ मात्र) रकम यस शीर्षक अन्तर्गत भुक्तानी लिनु भएको छ । संस्थाले वार्षिक रूपमा विभिन्न संघ संस्थाको सहकार्यमा गर्दै

आएको निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम अन्तर्गत यस आ.व. २०८२/८३ मा मेलुङ गाउँपालिका वडा नं. ४ र ५ मा निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा महिला प्रजनन स्वास्थ्य र जनरल चिकित्सा अन्तर्गत ३०५ जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गरिएको थियो ।

१७. **प्राकृतिक प्रकोपमा आर्थिक सहयोगः** विभिन्न किसिमका प्राकृतिक प्रकोपको कारण संस्थामा आवद्ध सदस्यहरूको घर तथा व्यवसायमा क्षती पुगेमा क्षतीको अवस्था हेरी रू. २ हजारदेखि रू. १० हजार सम्म आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ । आ.व. २०८२/०८३ मा नियमित मासिक बचतकर्ता र संस्थामा ऋण कारोवार नियमित भएका सदस्यहरू मध्येबाट ४ जना सदस्यहरूलाई रू. ११,०००।- (अक्षरेपी एघार हजार रूपैयाँ मात्र) बराबरको आर्थिक सहयोग प्रदान गरिएको छ ।

१८. **सुत्केरी स्याहारमा आर्थिक सहयोगः** संस्थाका महिला शेयर सदस्यहरू सुत्केरी हुँदा शिशु र आमाको स्वास्थ्यलाई मध्येनजर गर्दै पोषणयुक्त आहार उपलब्ध गराउने उद्देश्यले रू. २,०००।- नगदै वा सो बराबरको खाद्यान्न उपलब्ध गराउने उद्देश्यले सुत्केरी भेटघाट गर्ने कार्यक्रमको थालनी गरिएको थियो । आ.व. २०८२/०८३ मा महिला सदस्यहरू मध्येबाट ६४ जना सुत्केरी महिलाहरूलाई रू. १,२८,०००।- (अक्षरेपी एक लाख अठ्ठाइस हजार रूपैयाँ मात्र) पोषणयुक्त आहार सहयोग प्रदान गरिएको छ ।

१९. **छात्रवृत्तिः** हरेक वर्ष संस्थामा आवद्ध सदस्य वा सदस्यका छोराछोरी मध्ये गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई विद्यालयले सिफारिस गरेको आधारमा आधारभूत तहमा ५० जना, माध्यमिक (९-१०) ३० जना, माध्यमिक तह (११-१२) २० जना र क्याम्पस तह ५ जना गरी जम्मा १०५ जना विद्यार्थीहरूलाई वार्षिक रूपमा १५०० देखि ७००० सम्म छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेकोमा गत आ.व. मा आधारभूत तह (१-८) को ४१ जना, माध्यमिक तह (९-१०) को २४ जना, माध्यमिक तह (११-१२) को १४ जना र क्याम्पस तह को ५ जना गरी जम्मा ८४ जनालाई रू. २,१४,५००।- बराबरको छात्रवृत्ति प्रदान गरिएको थियो ।

२०. **सम्मान तथा पुरस्कारः** वार्षिक रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छाता संगठनहरूबाट संस्था, पदाधिकारी र कार्यरत कर्मचारीहरू विभिन्न विधाहरूमा सम्मानित हुने गरेका छन् । यसका साथै संस्थामा आवद्ध सदस्यहरूलाई पनि संस्थाले विभिन्न विधामा सम्मान तथा पुरस्कृत गर्ने कार्य गर्दै आएको छ । आ.व. २०८२/८३ मा संस्थाले प्राप्त गरेका र प्रदान गरेका सम्मान तथा पुरस्कारहरू तपसिल बमोजिम रहेका छन् ।

**क) असल नियमित मासिक बचतकर्ता (सम्मान तथा पुरस्कारः सम्मान पत्र)**

| क्र.सं. | सदस्य नं. | नाम थर | ठेगाना | सेवाकेन्द्रको नाम |
|---|---|---|---|---|
| १. | ००१००५९९१ | जीवन लामा | गौरीशंकर गा.पा.-४, दोलखा | चरिकोट सेवाकेन्द्र |
| २. | ००१०३००१० | सोवित श्रेष्ठ | शैलुङ गा.पा.-८, दोलखा | शैलुङ सेवाकेन्द्र |
| ३. | ००१०३७१२० | हरि कुमार श्रेष्ठ | शैलुङ गा.पा.-३, दोलखा | बाघखोर संकलनकेन्द्र |
| ४. | ००१०११९०६ | टंक प्रसाद शिवाकोटी | मेलुङ-१, पवटी, दोलखा | मेलुङ सेवाकेन्द्र |
| ५. | ००१०२१४८७ | ङिमजाङमु शेर्पा | गौरीशंकर गा.पा.-९, दोलखा | जगत संकलनकेन्द्र |
| ६. | ००१००९०१० | चन्द्र बहादुर पाख्रिन | जिरी न.पा.-८, दोलखा | जिरी सेवाकेन्द्र |
| ७. | ००१००२९०१ | दुर्गा बहादुर खड्का | वैतेश्वर गा.पा.-७, दोलखा | मार्बु संकलनकेन्द्र |
| ८. | ००१०२८०९३ | धनपति शर्मा फुयाल | तामाकोशी गा.पा.-६,दोलखा | तामाकोशी सेवाकेन्द्र |
| ९. | ००१००४७६० | शारदा दहाल | वैतेश्वर गा.पा.-४, दोलखा | वैतेश्वर सेवाकेन्द्र |
| १०. | ००१०३५०८२ | मिलन जोगी | वैतेश्वर गा.पा.-३, दोलखा | मिर्गे संकलनकेन्द्र |

| क्र.सं. | सदस्य नं. | नाम थर | ठेगाना | सेवाकेन्द्रको नाम |
|---|---|---|---|---|
| ११. | ००१०२७९५५ | निर्मला तमाङ | गौरीशंकर गा.पा.-३, दोलखा | विगु सेवाकेन्द्र |
| १२. | ००१०३७३३४ | उपेश खड्का | विगु गा.पा.-५, दोलखा | साङ्वा संकलनकेन्द्र |
| १३. | ००१०३६७४२ | ङिमी शेर्पा | गौरशिंकर गा.पा.-६, दोलखा | सुरी संकलनकेन्द्र |
| १४. | ००१०२७२९० | जमुना थामी | कालिञ्चोक गा.पा.-२, दोलखा | बाबरे संकलनकेन्द्र |
| १५. | ००१००८३४७ | बिमला श्रेष्ठ | भी.न.पा.-२, दोलखा | काठमाडौं सेवाकेन्द्र |
| १६. | ००१००९२३७ | कृष्ण भण्डारी | वैतेश्वर गा.पा.-६, दोलखा | नाम्दु संकलनकेन्द्र |
| १७. | ००१००५९१३ | नारायण प्रसाद रेग्मी | कालिञ्चोक गा.पा.-९, दोलखा | कालिञ्चोक सेवाकेन्द्र |

## ख) असल नियमित बाल बचतकर्ता (सम्मान तथा पुरस्कारः सम्मान पत्र)

| क्र.सं. | सदस्य नं. | नाम थर | ठेगाना | सेवाकेन्द्रको नाम |
|---|---|---|---|---|
| १. | ००१०३९४६२ | जिनेश मोक्तान | भीमेश्वर न.पा.-६, दोलखा | चरिकोट सेवाकेन्द्र |
| २. | ००१०३९६६४ | प्रदिप आचार्य | शैलुङ गा.पा.-८, दोलखा | शैलुङ सेवाकेन्द्र |
| ३. | ००१०३७१५५ | प्रजिना श्रेष्ठ | शैलुङ गा.पा.-४, दोलखा | बाघखोर संकलनकेन्द्र |
| ४. | ००१०४०९३८ | सुनिल लिम्बु | मेलुङ गा.पा.-१, दोलखा | मेलुङ सेवाकेन्द्र |
| ५. | ००१०३८०३५ | निकेश तमाङ | विगु गा.पा.-१, दोलखा | जगत संकलनकेन्द्र |
| ६. | ००१०१८७९४ | निह्मा लामा | जिरी न.पा.-९, दोलखा | जिरी सेवाकेन्द्र |
| ७. | ००१०२५०७९ | केन्जल खड्का | वैतेश्वर गा.पा.-७, दोलखा | मार्बु संकलनकेन्द्र |
| ८. | ००१०३०२५७ | आदित्य सुनुवार | तामाकोशी गा.पा.-७, दोलखा | तामाकोशी सेवाकेन्द्र |
| ९. | ००१०१७८०५ | सुजरिया कार्की | वैतेश्वर गा.पा.-४, दोलखा | वैतेश्वर सेवाकेन्द्र |
| १०. | ००१०३७६७९ | अमिस तमाङ | वैतेश्वर गा.पा.-१, दोलखा | मिर्गे संकलनकेन्द्र |
| ११. | ००१०२६१९१ | प्राप्ति खड्का | विगु गा.पा.-४, दोलखा | विगु सेवाकेन्द्र |
| १२. | ००१०३६१५० | प्रशान्त श्रेष्ठ | विगु गा.पा.-५, दोलखा | साङ्वा संकलनकेन्द्र |
| १३. | ००१०३३८८७ | उर्मिला लामा | वैतेश्वर गा.पा.-५, दोलखा | सुरी संकलनकेन्द्र |
| १४. | ००१०२७१२२ | आर्जु थामी | कालिञ्चोक गा.पा.-२, दोलखा | बाबरे संकलनकेन्द्र |
| १५. | ००१०१९१२३ | आयुष काफ्ले | जिरी न.पा.-८, दोलखा | काठमाडौं सेवाकेन्द्र |
| १६. | ००१०१९७८४ | क्षितिज उप्रेती | वैतेश्वर गा.पा.-६, दोलखा | नाम्दु संकलनकेन्द्र |
| १७. | ००१०१८६६४ | गायन थामी | कालिञ्चोक गा.पा.-९, दोलखा | कालिञ्चोक सेवाकेन्द्र |

## ग) असल नियमित जेष्ठ नागरिक बचतकर्ता (सम्मान तथा पुरस्कारः सम्मान पत्र)

| क्र.सं. | सदस्य नं. | नाम थर | ठेगाना | सेवाकेन्द्रको नाम |
|---|---|---|---|---|
| १. | ००१००५२४४ | तुलसा माया चौंलागाई | भीमेश्वर न.पा.-४, दोलखा | चरिकोट सेवाकेन्द्र |
| २. | ००१०३०७५४ | भक्त बहादुर थापा | शैलुङ गा.पा.-८, दोलखा | शैलुङ सेवाकेन्द्र |
| ३. | ००१०३७५२७ | पदम कुमारी क्षेत्री | शैलुङ गा.पा.-३, दोलखा | बाघखोर संकलनकेन्द्र |
| ४. | ००१०१३९७५ | सरस्वती श्रेष्ठ कुमाल | मेलुङ गा.पा.-१, दोलखा | मेलुङ सेवाकेन्द्र |
| ५. | ००१०४१६१२ | भीममाई तमाङ | विगु गा.पा.-१, दोलखा | जगत संकलनकेन्द्र |
| ६. | ००१०३७९४१ | दौरी तमाङ्नी | जिरी न.पा.-९, दोलखा | जिरी सेवाकेन्द्र |
| ७. | ००१०३९३२० | जमानसिं श्रेष्ठ | वैतेश्वर गा.पा.-७, दोलखा | मार्बु संकलनकेन्द्र |
| ८. | ००१०३८१७० | चेतमाया सुनुवार | तामाकोशी गा.पा.-७, दोलखा | तामाकोशी सेवाकेन्द्र |

| क्र.सं. | सदस्य नं. | नाम थर | ठेगाना | सेवाकेन्द्रको नाम |
|---|---|---|---|---|
| ९. | ००१०२१४६८ | धन माया बस्नेत | वैतेश्वर गा.पा.-५, दोलखा | वैतेश्वर सेवाकेन्द्र |
| १०. | ००१०२३७९८ | गंग बहादुर तमाङ | वैतेश्वर गा.पा.-२, दोलखा | मिर्गे संकलनकेन्द्र |
| ११. | ००१०२८९९० | दिल माया खत्री | विगु गा.पा.-४, दोलखा | विगु सेवाकेन्द्र |
| १२. | ००१०३६५३६ | रंग बहादुर थामी | विगु गा.पा.-६, दोलखा | साङ्वा संकलनकेन्द्र |
| १३. | ००१०३७४२८ | धन कुमारी विश्वकर्मा | गौरीशंकर गा.पा.-५, दोलखा | सुरी संकलनकेन्द्र |
| १४. | ००१०२७०८७ | धनपूर्णी थामी | कालिञ्चोक गा.पा.-२,दोलखा | बाबरे संकलनकेन्द्र |
| १५. | ००१०३८६९१ | चेत कुमारी आचार्य | विगु गा.पा.-२, दोलखा | काठमाडौ सेवाकेन्द्र |
| १६. | ००१००६१७१ | दिल माया दहाल | वैतेश्वर गा.पा.-६, दोलखा | नाम्दु संकलनकेन्द्र |
| १७. | ००१००९४४३ | भुलादेवी ओली | कालिञ्चोक गा.पा.-९, दोलखा | कालिञ्चोक सेवाकेन्द्र |

### घ) असल नियमित ऋणी (सम्मान तथा पुरस्कारः सम्मान पत्र)

| क्र.सं. | सदस्य नं. | नाम थर | ठेगाना | सेवाकेन्द्रको नाम |
|---|---|---|---|---|
| १. | ००१०१२८५१ | पुरूषोत्तम सेढाई | कालिञ्चोक गा.पा.-९, दोलखा | चरिकोट सेवाकेन्द्र |
| २. | ००१०३०९१९ | होम बहादुर खत्री | शैलुङ गा.पा.-८, दोलखा | भैंसे सेवाकेन्द्र |
| ३. | ००१०४११६५ | नर बहादुर श्रेष्ठ | शैलुङ गा.पा.-३, दोलखा | बाघखोर संकलनकेन्द्र |
| ४. | ००१०१४०८८ | मुकुन्द दमाई | मेलुङ गा.पा.-१, दोलखा | मेलुङ सेवाकेन्द्र |
| ५. | ००१०२४५९२ | असलमान तमाङ | विगु गा.पा.-१, दोलखा | जगत संकलनकेन्द्र |
| ६. | ००१०१०५५९ | रूद्रे दर्जी | जिरी न.पा.-९, दोलखा | जिरी सेवाकेन्द्र |
| ७. | ००१००२१६० | कृष्ण बहादुर खड्का | वैतेश्वर गा.पा.-७, दोलखा | मार्बु संकलनकेन्द्र |
| ८. | ००१००९१६६ | दिल बहादुर कार्की | तामाकोशी गा.पा.-७, दोलखा | तामाकोशी सेवाकेन्द्र |
| ९. | ००१००३५७० | राधामाया लामिछाने | गौरीशंकर गा.पा.-२, दोलखा | वैतेश्वर सेवाकेन्द्र |
| १०. | ००१०२६९२५ | दिलिप कुमार तमाङ | वैतेश्वर गा.पा.-२, दोलखा | मिर्गे संकलनकेन्द्र |
| ११. | ००१०२५८५४ | कल्याणी ओली | विगु गा.पा.-४, दोलखा | विगु सेवाकेन्द्र |
| १२. | ००१०३०७२३ | बुद्धिमान वि.क. | विगु गा.पा.-८, दोलखा | साङ्वा संकलनकेन्द्र |
| १३. | ००१०३४८५१ | सिरी ध्वज गुरूङ | गौरीशंकर गा.पा.-५, दोलखा | सुरी संकलनकेन्द्र |
| १४. | ००१०२७२०० | कुमारी थामी | कालिञ्चोक गा.पा.-२, दोलखा | बाबरे संकलनकेन्द्र |
| १५. | ००१०००७२० | मिरा उप्रेती | वैतेश्वर गा.पा.-४, दोलखा | काठमाडौं सेवाकेन्द्र |
| १६. | ००१००२८१५ | कृष्ण घिमिरे | वैतेश्वर गा.पा.-६, दोलखा | नाम्दु संकलनकेन्द्र |
| १७. | ००१०११७०१ | रामसुन्दर मैनाली | कालिञ्चोक गा.पा.-९, दोलखा | कालिञ्चोक सेवाकेन्द्र |

### ङ) जनसचेतन आवाज सम्मान (सम्मान तथा पुरस्कारः सम्मान पत्र)

| क्र.सं. | सदस्य नं. | नाम थर | ठेगाना | सेवाकेन्द्रको नाम |
|---|---|---|---|---|
| १. | ००१००५७१६ | जगत बहादुर कार्की | भीमेश्वर न.पा.-५, दोलखा | चरिकोट सेवाकेन्द्र |
| २. | ००१०३२१९८ | नाम्गेल तामाङ | शैलुङ गा.पा.-८, दोलखा | शैलुङ सेवाकेन्द्र |
| ३. | ००१०३९७६२ | सुन्दर खड्का | शैलुङ गा.पा.-६, दोलखा | बाघखोर संकलनकेन्द्र |
| ४. | ००१००८२७९ | हरि बहादुर कोइराला | मेलङ्ु गा.पा.-१, दोलखा | मेलुङ सेवाकेन्द्र |
| ५. | ००१०३८००८ | प्रकाश थापा मगर | विगु गा.पा.-१, दोलखा | जगत संकलनकेन्द्र |
| ६. | ००१००८९९४ | भुपेन्द्रराज सुनुवार | जिरी न.पा.-९, दोलखा | जिरी सेवाकेन्द्र |

| क्र.सं. | सदस्य नं. | नाम थर | ठेगाना | सेवाकेन्द्रको नाम |
|---|---|---|---|---|
| ७. | ००१०००२३० | देवी प्रसाद दहाल | वैतेश्वर गा.पा.-४, दोलखा | वैतेश्वर सेवाकेन्द्र |
| ८. | ००१०००४९१ | विर बहादुर दहाल | वैतेश्वर गा.पा.-४, दोलखा | वैतेश्वर सेवाकेन्द्र |
| ९. | ००१००१४४८ | दोष कुमार बस्नेत | वैतेश्वर गा.पा.-५, दोलखा | वैतेश्वर सेवाकेन्द्र |
| १०. | ००१०१०४१० | रित बहादुर खड्का | वैतेश्वर गा.पा.-५, दोलखा | वैतेश्वर सेवाकेन्द्र |
| ११. | ००१००२५८९ | सुनमाया तमाङ | वैतेश्वर गा.पा.-२, दोलखा | मिर्गे संकलनकेन्द्र |
| १२. | ००१०२९८९४ | शेर बहादुर श्रेष्ठ | गौरीशंकर गा.पा.-८, दोलखा | विगु सेवाकेन्द्र |
| १३. | ००१०३०८५६ | इनद्र बहादुर खत्री | विगु गा.पा.-७, दोलखा | साङ्वा संकलनकेन्द्र |
| १४. | ००१०२७२१३ | कल्पना बानियाँ | कालिञ्चोक गा.पा.-२ दोलखा | बाबरे संकलनकेन्द्र |
| १५. | ००१००२९६१ | उद्धव दहाल खत्री | वैतेश्वर गा.पा.-३, दोलखा | काठमाडौं सेवाकेन्द्र |
| १६. | ००१००७३४६ | अमृत बहादुर दहाल | वैतेश्वर गा.पा.-६, दोलखा | नाम्दु संकलनकेन्द्र |
| १७. | ००१००९४७० | रमा शिवाकोटी | कालिञ्चोक-९, दोलखा | कालिञ्चोक सेवाकेन्द्र |

### च) उत्कृष्ट लघुवित्त समूह सम्मान (सम्मान तथा पुरस्कारः सम्मान पत्र)

| क्र.सं. | समूहको नाम | ठेगाना | सेवाकेन्द्रको नाम |
|---|---|---|---|
| १. | भुमेस्थान महिला समूह | शैलुङ गा.पा.-८, दोलखा | शैलुङ सेवाकेन्द्र |
| २. | चित्रे महिला समूह | शैलुङ गा.पा.-३, दोलखा | बाघखोर संकलनकेन्द्र |
| ३. | लामाबगर महिला समूह | विगु गा.पा.-१, दोलखा | जगत संकलनकेन्द्र |
| ४. | त्रिवेणी महिला समूह | विगु गा.पा.-४, दोलखा | विगु सेवाकेन्द्र |
| ५. | थम्पु जनसचेतन महिला समूह | विगु गा.पा.-६, दोलखा | साङ्वा संकलनकेन्द्र |
| ६. | जनसचेतन सेप्दिङदेवी महिला समूह | गौरीशंकर गा.पा.-५,दोलखा | सुरी संकलनकेन्द्र |
| ७. | लालीगुरास महिला समूह | कालिञ्चोक गा.पा.-२, दोलखा | बाबरे संकलनकेन्द्र |
| ८. | कमलज्योति जनसचेतन महिला समूह | कालिञ्चोक गा.पा.-९, दोलखा | कालिञ्चोक सेवाकेन्द्र |

### छ) उत्कृष्ट दैनिक बचतकर्ता सम्मान (सम्मान तथा पुरस्कारः सम्मान पत्र)

| क्र.सं. | सदस्य नं. | नाम थर | ठेगाना | सेवाकेन्द्रको नाम |
|---|---|---|---|---|
| १. | ००१०१३९७४ | मान कुमारी बुढाथोकी | गौरीशंकर गा.पा.-१, दोलखा | वैतेश्वर सेवाकेन्द्र |
| २. | ००१००४२१६ | दिल माया घिसिङ | वैतेश्वर गा.पा.-३, दोलखा | मिर्गे संकलनकेन्द्र |

### ज) जेष्ठ सदस्य सम्मान (महिला, पुरूष) (सम्मान तथा पुरस्कारः सम्मान पत्र)

| क्र.सं. | सदस्य नं. | नाम थर | ठेगाना | सेवाकेन्द्रको नाम |
|---|---|---|---|---|
| १. | ००१०००९०३ | अम्बर माया श्रेष्ठ | वैतेश्वर गा.पा.-७, दोलखा | वैतेश्वर सेवाकेन्द्र |
| २. | ००१०००६४० | खड्ग बहादुर दर्जी | वैतेश्वर गा.पा.-४, दोलखा | वैतेश्वर सेवाकेन्द्र |

### झ) उत्कृष्ट एस.इ.इ. सम्मान (सम्मान तथा पुरस्कारः सम्मान पत्र र रू. ५,०००/- नगद)

| क्र.सं. | सदस्य नं. | नाम थर | ठेगाना | सेवाकेन्द्रको नाम | प्राप्त जिपिए |
|---|---|---|---|---|---|
| १. | ००१०२१२२१ | विप्लव सापकोटा | शैलुङ गा.पा.-४, दोलखा | बाघखोर संकलनकेन्द्र | ३.८० |
| २. | ००१०१६८६० | दिनन दहाल | वैतेश्वर गा.पा.-४, दोलखा | वैतेश्वर सेवाकेन्द्र | ३.८० |
| ३. | ००१०२१९५४ | पुनम भट्टराई | जिरी न.पा.-३, दोलखा | वैतेश्वर सेवाकेन्द्र | ३.८४ |

ञ) वर्ष उत्कृष्ट कर्मचारी सम्मान (सम्मान तथा पुरस्कारः सम्मान पत्र र रू. ५,०००।- नगद)

| क्र.सं. | सदस्य नं. | नाम थर | ठेगाना | सेवाकेन्द्रको नाम |
|---|---|---|---|---|
| १. | ००१०३८४३८ | सुन्दर के.सी. | भीमेश्वर न.पा.-५, दोलखा | मुख्य कार्यालय |
| २. | ००१०१४३३२ | मेनुका थामी | भीमेश्वर न.पा.-२, दोलखा | कालिञ्चोक सेवाकेन्द्र |
| ३. | ००१०१३९१८ | विमला बराइली | वैतेश्वर गा.पा.-४, दोलखा | वैतेश्वर सेवाकेन्द्र |

ट) वर्ष उत्कृष्ट सेवाकेन्द्र सम्मान (सम्मान तथा पुरस्कारः सम्मान पत्र)

| क्र.सं. | सेवाकेन्द्रको नाम | कर्मचारीको नाम |
|---|---|---|
| १. | शैलुङ सेवाकेन्द्र | शैलुङ गा.पा.-८, दोलखा |

ठ) पूर्व कर्मचारी सम्मान (सम्मान तथा पुरस्कारः सम्मान पत्र)

| क्र.सं. | सदस्यता नं. | कर्मचारीको नाम | ठेगाना |
|---|---|---|---|
| १. | ००१००२४५० | रघुनाथ दहाल | वैतेश्वर गा.पा. ४, दोलखा |
| २. | ००१००१५८७ | मेघराज घिमिरे | वैतेश्वर गा.पा. ६, दोलखा |
| ३. | ००१०००३१५ | डिल्ली प्रसाद दहाल | वैतेश्वर गा.पा. ४, दोलखा |
| ४. | ००१००००१६ | राजेन्द्र प्रसाद ढुंगेल | वैतेश्वर गा.पा. ४, दोलखा |
| ५. | ००१००१७१८ | ओलक प्रसाद दहाल | वैतेश्वर गा.पा. ४, दोलखा |
| ६. | ००१०००८१२ | इन्दिरा शर्मा भण्डारी | वैतेश्वर गा.पा. ३, दोलखा |

ड) पूर्व सञ्चालक सम्मान (सम्मान तथा पुरस्कारः सम्मान पत्र)

| क्र.सं. | सदस्यता नं. | सञ्चालकको नाम | ठेगाना |
|---|---|---|---|
| १. | ००१००१६५० | नवराज खड्का | वैतेश्वर गा.पा. ६, दोलखा |
| २. | ००१००७३४३ | सुमिता शिवाकोटी | वैतेश्वर गा.पा. ६, दोलखा |
| ३. | ००१००२२३२ | भरत के.सी. | वैतेश्वर गा.पा. ५, दोलखा |
| ४. | ००१००२६३९ | हरि बहादुर पाण्डे | वैतेश्वर गा.पा. ५, दोलखा |
| ५. | ००१००३०८१ | सुशिला न्यौपाने | गौरीशंकर गा.पा-५, दोलखा |
| ६. | ००१०००३५७ | मीन प्रसाद दहाल | वैतेश्वर गा.पा. ४, दोलखा |
| ७. | ००१०२९१२६ | जानुका शिवाकोटी | कालिञ्चोक गा.पा.-७, दोलखा |
| ८. | ००१००५३६१ | स्वस्थानी कुँवर | कालिञ्चोक गा.पा.-९, दोलखा |
| ९. | ००१०२६०७२ | लिला बहादुर थामी | बिगु गा.पा-८, दोलखा |
| १०. | ००१००११६६ | फुलकाजी लामा | वैतेश्वर गा.पा. २, दोलखा |
| ११. | ००१००८७०० | टंक बहादुर सुनुवार | तामाकोशी गा.पा.-७, दोलखा |
| १२. | ००१०००८५३ | पुष्पराज दहाल | वैतेश्वर गा.पा-४, दोलखा |
| १३. | ००१००२८४४ | अस्मिता दहाल | वैतेश्वर गा.पा-७, दोलखा |
| १४. | ००१०००३२० | रोच कुमारी चौलागाई | वैतेश्वर गा.पा-४, दोलखा |

ढ) मरणोपरान्त संस्थापक सदस्य सम्मान (सम्मान तथा पुरस्कारः सम्मान पत्र)

| क्र.सं. | सदस्यता नं. | कर्मचारीको नाम | ठेगाना |
|---|---|---|---|
| १. | ००१००००००५ | गोपीकृष्ण शर्मा घिमिरे | वैतेश्वर गा.पा. ५, दोलखा |

२१. **जनसचेतन आजीवन साहाराः** सदस्यहरूलाई वृद्ध अवस्थामा सुरक्षाको प्रत्याभूति दिने उद्देश्यका साथ संस्थाका ७५ वर्षभन्दा बढी उमेर भएका (सदस्य सुरक्षा कोष कार्यक्रममा भाग लिएका) वृद्ध सदस्यहरूलाई "जनसचेतन आजीवन साहारा" अन्तर्गत मासिक रू. ५००।- का दरले त्रैमासिक रूपमा भत्ता उपलब्ध गराइदै आएको छ । जनसचेतनका सदस्यहरूले बुढेसकालमा आर्थिक एवं सामाजिक रूपमा पिछडिनु नपरोस् र उनीहरू आत्मसम्मानका साथ बाँच्न पाउने भन्ने उद्देश्यले बृद्धबृद्धाहरूका लागि विभिन्न सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । आ.व. २०८२/०८३ असार मसान्तसम्ममा संस्थाबाट यो सुविधा प्राप्त गर्ने सदस्यहरूको संख्या १४७ जना जेष्ठ सदस्यहरूलाई रू. ६,१९,५००।- रकम प्रदान गरिएको छ ।

२२. **जेष्ठ सदस्य तिर्थ अवलोकन भ्रमण कार्यक्रमः** संस्थामा आवद्ध शेयर सदस्यहरू मध्येबाट ६५ वर्ष उमेर पुगी ७० वर्ष ननाघेका, सदस्यता अवधि ५ वर्ष पुरा भएका ६० जना सदस्यहरूलाई विभिन्न तिर्थ स्थलहरू अवलोकन भ्रमण गराउने कार्यक्रम रहेको छ । उक्त कार्यक्रम अन्तर्गत निज सदस्य तथा एकाघर परिवारमा नियमित मासिक बचत र संस्थामा ऋण कारोवार नियमित भएका सदस्यहरू मध्येबाट आ.व. २०८२/०८३ मा ५५ जना शेयर सदस्यहरू र व्यवस्थापनको लागि सञ्चालक र कर्मचारीहरू ५ जना गरी जम्मा ६० जनालाई हलेशी महादेव, सुनसरी बराहक्षेत्र धाम र जनकपुरधामको तिर्थ अवलोकन भ्रमण गराइएको छ । उक्त कार्यक्रमको लागि रू. ३,४०,०६८।- (अक्षरेपी तीन लाख चालिस हजार अठसठ्ठी रूपैयाँ) रकम खर्च भएको छ ।

२३. **स्वास्थ्य बीमा प्रिमियम सहयोय कार्यक्रमः** नियमित मासिक वा बाल वा जेष्ठ नाागरिक बचत खातामा न्यूनतम रू. ५० हजार भन्दा बढी बचत रकम हुने सदस्यहरूको लागि स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गतको बीमा प्रिमियममा रू. २५०।- र रू. ५००।- सहयोग गर्ने कार्यक्रम अन्तर्गत ६४ जनालाई रू. २८,०००।- (अक्षरेपी अठ्ठाइस हजार रूपैयाँ) रकम खर्च भएको छ ।

२४. **प्राविधिक पूर्वाधारः** सदस्यहरूलाई चुस्त, दुरूस्त र सहज ढंगबाट सेवा प्रवाह गर्नको लागि संस्थाले तल उल्लेखित आधुनिक प्रविधिमा आधारित सेवालाई प्राथमिकताका साथ अगाडि बढाएको छ ।

क) आधुनिक बैंकिङ्ग सफ्टवेयर (Infinity)
ख) मोबाईल बैंकिङ्ग सेवा
ग) आधुनिक PABX प्रणाली
घ) सि.सि. क्यामेरा र केन्द्रिकृत तथा विकेन्द्रिकृत रेकर्डिङ र व्याकअपको व्यवस्था
ङ) ई-हाजिरी सफ्टवेयरको व्यवस्था
च) AML Reporting सफ्टवेयरको व्यवस्था
छ) ऋण व्यवस्थापन सफ्टवेयरको व्यवस्था
ज) सेवाकेन्द्रहरू संयोजनका लागि आफ्नै वायरलेस ल्यान नेटवर्क
झ) स्थिर सम्पत्ति तथा जिन्सी व्यवस्थापन सफ्टवेयरको व्यवस्था
ञ) बजेटिङ तथा रिर्पोटिङ सफ्टवेयरको व्यवस्था
ट) बैंक हिसाब मिलान सफ्टवेयरको व्यवस्था
ठ) नेपाली अंग्रेजी दुवै भाषाको वेभसाइटको व्यवस्था

२५. **अध्ययन अवलोकन तथा भ्रमणः** यस आ.व. २०८२/०८३ मा संस्थालाई अध्ययन अवलोकनको गन्तव्य बनाउँदै देश भित्रका विभिन्न संघ संस्थाबाट अध्ययन अवलोकन तथा निरिक्षण भएको छ ।

| क्र.स. | निकायको नाम | पटक | अनुगमन तथा भ्रमण गर्ने व्यक्ति र टोली |
|---|---|---|---|
| १. | वन तथा वातावरण मन्त्री, बागमति प्रदेश, हेटौडा | १ | माननिय भरत के.सी. सहितको टोली |
| २. | प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, सानेपा | १ | शाखा अधिकृत श्री प्रकाश खड्का सहितको टोली |
| ३. | श्रम तथा रोजगार कार्यालय, टेकु, काठमाडौं | १ | संयोजक श्री विवेक यादव सहितको टोली |
| ४. | जिल्ला अदालत तथा नापी कार्यालय, दोलखा | १ | डिठ्ठा मुना इटनी, डिठ्ठा विपना बुढाथोकी, वैत्तानिक कानुन व्यवसायी श्री राजेन्द्र नारायण श्रेष्ठ र अमिन हिराचन्द्र हमाल |
| ५. | पूर्व प्रतिनिधि सभा सांसद | १ | श्री माधव सापकोटा सहितको टोली |
| ६. | जिल्ला प्रशासन कार्यालय, दोलखा र जिल्ला प्रहरी कार्यालय, दोलखाको संयुक्त | १ | प्रमुख जिल्ला अधिकारी भोला दहाल, ज्ञान बहादुर महत्तो प्रमुख नायव उपरिक्षक जिल्ला प्रशासन कार्यालय, जयन्त के.सी सप्रबल नेपाल नं १८ गुल्म दोलखा, दिल बहादुर श्रेष्ठ प्रमुख अधिवक्ता, डा. वीर बहादुर महत्तो गोरखापत्र संस्थान |
| ७. | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) | १ | अध्यक्ष श्री चन्द्र प्रसाद ढकाल र खेमराज सुवेदी |
| ८. | दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि., दोलखा | १ | श्री जीवसराज खड्का, जगत प्रसाद सुवेदी, नारायण श्रेष्ठ, तेन्जिङ शेर्पा, पर्शुराम कार्की, लक्ष्मी दहाल, इश्वर बहादुर खड्का, मेघराज के.सी., अनिल श्रेष्ठ र राजकुमार श्रेष्ठ |
| ९. | छिन्ताङ देवी बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं | १ | सञ्चालक, कर्मचारी तथा शेयर सदस्यहरूको संयुक्त टोली |
| १०. | सेवा प्रदायक संस्था | १ | श्री अरविन्द्र प्रधान (इन्फो डेभलपर्स प्रा.लि. परिवार) |
| ११. | सगुन बचत तथा ऋण सहकारी संस्था लि. सर्लाही | १ | सञ्चालक, कर्मचारी तथा शेयर सदस्यहरूको संयुक्त टोली |
| १२. | दुलारी बचत तथा ऋण सहकारी संस्था लि. मोरङ | १ | सञ्चालक तथा कर्मचारीहरूको संयुक्त टोली |
| १३. | मधुवन बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं | १ | सञ्चालक तथा कर्मचारीहरूको संयुक्त टोली |
| १४. | प्रिमियम टेक्नोलोजी प्रा.लि. | १ | प्रमुख कार्यकारी अधिकृत श्री अपिल कोइराला र निर्देशक मोहन लाल वन |

२६. **तालिम तथा गोष्ठीमा सहभागिताः** कार्यदक्षता अभिवृद्धि गर्न, सीप एवं कुशलता प्राप्त गर्न, जटिल कार्यलाई सरलतापूर्वक सञ्चालन गर्न तालिम प्राप्त योग्य एवं दक्ष सञ्चालक र कर्मचारीको आवश्यकता पर्दछ । सक्षम सञ्चालक एवं कर्मचारीले मात्र संस्थालाई निर्देशित लक्ष्यमा पुऱ्याउन सक्छन् । यही अभिप्रायले आफ्ना सञ्चालक तथा कर्मचारीहरूलाई आवश्यक पर्ने तालिम प्रदान गर्ने गरेको छ ।

## सञ्चालकहरूको तालिममा सहभागिता

| S.N. | Training Name | Date | Place | Participator's Name | Post |
|---|---|---|---|---|---|
| 1. | SACCOS Seminar | 2082.09.03 To 04 | Lalitpur | Gopaldhoj Shrestha | Chairperson |
| 2. | Leadership Bootcamp | 2083.02.05 To 07 | Kathmandu | Gopaldhoj Shrestha | Chairperson |
| 3. | Seminar on legal Provisions in Loan Management | 2083.02.16 to 17 | Charikot | Gopaldhoj Shrestha, Naryan Prasad Dahal, Rajendra Prasad Dhungel, Santosh Prasad Bimali, Bimala Dahal Ghimire | BOD Member |

## कर्मचारीहरूको तालिममा सहभागिता

| S.N. | Training Name | Date | Place | Participator's Name |
|---|---|---|---|---|
| 1. | Saving Game Training | 2082.04.11-12 | Mainapokhari | 25 people, including 5 staff members and 20 members. |
| 2. | Advance Microsoft Excel Training | 2082.04.21 to 24 | Online (Zoom) | Ramesh Lamichhane |
| 3. | Tax Compliance & Planning Training | 2082.04.19 | Kathmandu | Yogendra Dahal |
| 4. | 2nd National Cooperative Youth & Tech Conclave 2082 | 2082.10.13 to14 | Lalitpur | Yogendra Dahal & Sundar Kc |
| 5. | NFRS Training | 2082.11.13 To 15 | Charikot | Bandana Ghimire & Yubaraj Basnet |
| 6. | CURIMA | 2083.01.13 | | Rajan Dahal |
| 7. | Frontline Staff Capacity Enhancement Training | 2083.02.24 | Charikot | Bhawani Gautam, Anish Pandey, Rita Sunuwar & Kalpana Budhathoki |
| 8. | Seminar on legal Provisions in Loan Management | 2083.02.16 to 17 | Charikot | Nawaraj Dahal, Nabindra Rimal, Ratna Bahadur Dahal, Shree Krishna Neupane & Tek Bahadur Khatri |

२७. **मनिट्रान्सफर सेवा:** रोजगारीको सन्दर्भमा धेरै युवा सदस्यहरू विदेश गएका छन् । उनीहरूले कमाएर पठाएको रकम परिवारले संस्थामार्फत सहजै प्राप्त गर्न सकुन् भन्ने उद्देश्यका साथ मनिट्रान्सफर सेवा उपलब्ध गराइएको छ । उनीहरूले IME, Western Union, Himal Remit, Best Remit, Ipay Remit, Easylink लगायतका मनिट्रान्सफरहरू मार्फत रकम पठाउन र झिक्न सकिने व्यवस्था सबै सेवाकेन्द्रहरूबाट मिलाइएको छ । आ.व. २०८२/०८३ मा २११३ जना सदस्यहरूले र गैर सदस्य ३६७ जनाले गरी जम्मा २४८१ जनाले रू. १३,०३,८९,०३८।- (तेह्र करोड तीन लाख उनान्नब्बे हजार अड्तीस रूपैयाँ मात्र) बराबरको यो सेवा उपभोग गरेका छन् ।

२८. **नीति, कार्यविधि र निर्देशिकाहरू:** संस्थालाई नीति, विधि र प्रविधिको दायरामा सञ्चालन गर्ने उद्देश्य अनुरूप संस्थाले विगतमा निर्माण गरी कार्यान्वयनमा ल्याएका १० वटा नीति र २२ वटा कार्यविधिहरूलाई समय सापेक्ष अद्यावधिक तथा परिमार्जन गरी तपसिल बमोजिमका १० वटा नीति र २५ वटा कार्यविधि तथा निर्देशिकाहरू तयार गरी लागु गरिएको छ ।

| नीतिहरू | कार्यविधिहरू/निर्देशिका |
|---|---|
| १. संस्था सञ्चालन तथा व्यवस्थापन नीति | १. कार्यालय सञ्चालन तथा अनुगमन कार्यविधि |
| २. सदस्यता नीति | २. साधारण सभा सञ्चालन कार्यविधि |
| ३. आर्थिक नीति | ३. निर्वाचन कार्यविधि |
| ४. सुशासन नीति | ४. समिति तथा उपसमितिहरूको बैठक सञ्चालन कार्यविधि |
| ५. बचत तथा ऋण नीति | ५. योजना तर्जुमा तथा समिक्षा कार्यविधि |
| ६. मानव संसाधन तथा व्यवस्थापन नीति | ६. बचत संकलन, ऋणी लगानी तथा असुली कार्यविधि |
| ७. लघुवित्त तथा अन्य सेवा सञ्चालन नीति | ७. कोष व्यवस्थापन तथा खर्च कार्यविधि |
| ८. सूचना प्रविधि नीति | ८. वस्तु तथा सेवाको विकास र मुल्य निर्धारण कार्यविधि |
| ९. सम्पत्ति शुद्धीकरण तथा जोखिम व्यवस्थापन नीति | ९. अन्य सेवा प्राप्ति तथा भुक्तानी कार्यविधि |
| | १०. सामान खरिद, बिक्री तथा जिन्सी दाखिला कार्यविधि |
| १०. अभिलेख व्यवस्थापन तथा कागजात धुल्याउने नीति | ११. सूचना प्रविधि कार्यविधि |
| | १२. कार्यालय उपकरण प्रयोग तथा संरक्षण सम्बन्धी कार्यविधि |
| | १३. कार्यालय सरसफाई, कागजात सुरक्षा तथा नष्ट कार्यविधि |
| | १४. सदस्य शिक्षा, भ्रमण तथा तालिम सम्बन्धी कार्यविधि |
| | १५. सम्मान, पुरस्कार तथा दण्ड जरिवाना सम्बन्धी कार्यविधि |
| | १६. सदस्य सुरक्षा कोष सञ्चालन कार्यविधि |
| | १७. नगद/बैंक प्राप्ति तथा भुक्तानी सम्बन्धी कार्यविधि |
| | १८. तरलता व्यवस्थापन तथा बाह्य ऋण सम्बन्धी कार्यविधि |
| | १९. मनिट्रान्सफर सेवा सञ्चालन कार्यविधि |
| | २०. धितो मुल्यांकन कार्यविधि |
| | २१. सामाजिक परीक्षण कार्यविधि |
| | २२. जोखिम व्यवस्थापन तथा मुल्यांकन कार्यविधि |
| | २३. सेवा शुल्क निर्धारण कार्यविधि |
| | २४. कर्मचारी प्रोत्साहन भत्ता कार्यविधि |
| | २५. सम्मान पुरस्कार तथा छात्रवृत्ति वितरण सम्बन्धी निर्देशिका |

२९. **लघुवित्त कार्यक्रमः** जिल्लाको उत्तरी क्षेत्र, वित्तीय सुविधा र पहुँचको हिसाबले दुर्गम मानिएका बस्तीहरूमा बसोबास गर्ने संस्थामा आवद्ध सदस्यहरूको लागि वित्तीय सुविधा तथा पहुँच पुऱ्याउने उद्देश्यले लघुवित्त कार्यक्रम सञ्चालनमा ल्याइएको छ । आ.व. २०८२/०८३ को अन्त्यसम्ममा ८० वटा समूहमा १२७७ जना सदस्यहरू रहेका भने उक्त समूहका ५७३ जना सदस्यहरूलाई रू. ८,६१,०१,१४२.८४ (अक्षरेपी आठ करोड एकसठ्ठी लाख एक हजार एक सय बयालिस रूपैयाँ चौरासी पैसा मात्र) रकम लगानीमा रहेको छ ।

३०. **जनसचेतन कपको आयोजनाः** "सहकारीमा युवा विद्यार्थीको सहभागिता" गर्ने उद्देश्यले संस्थाले वार्षिक रूपमा जनसचेतन कपको आयोजना गर्ने घोषणा गरेको छ । विगतमा वैतेश्वर गाउँपालिका भित्रका माध्यमिक विद्यालय स्तरीय भलिबल प्रतियोगिता आयोजना गरिएता पनि यस आ.व. २०८२/०८३ मा उक्त कार्यक्रमलाई विविध कारणहरूले गर्दा निरन्तरता दिन सकिएको छैन ।

३१. **डस्टविन वितरण कार्यक्रमः** "हाम्रो बजार राम्रो बजार" बनाउने उद्देश्यले कार्यक्षेत्र भित्रका बजार क्षेत्र, धार्मिक स्थल, पार्क, सार्वजनिक स्थल र विद्यालयहरूमा क्रमश डस्टविन वितरण गर्ने कार्यक्रम संस्थाले तय गरेको छ ।

३२. **वृक्षारोपण कार्यक्रमः** संयुक्त राष्ट्र संघले तय गरेका दिगो विकासका लक्ष्य प्राप्तिमा सहकारी संस्थाहरूको भूमिकालाई मनन गर्दै संस्थाले तय गरेको "पर्यावरण संरक्षणमा सहकारी" नारालाई साकार बनाउन वार्षिक रूपमा कार्यक्षेत्र भित्रका विभिन्न स्थानहरूमा क्रमशः वृक्षारोपण गर्दै जाने कार्यक्रम रहेको छ । यस आ.व.मा यस कार्यक्रमलाई निरन्तरता दिन सकिएको छैन ।

३३. **जनसचेतनको सहारा कार्यक्रमः** संस्थामा आवद्ध जेष्ठ सदस्यहरूलाई जनसचेतनको लोगो अंकित न्यानो कपडा (टोपि, गलबन्दी र बर्को) वितरण गर्ने कार्यक्रम वार्षिक रूपमा गर्दै आएकोमा आ.व. २०८२/०८३ मा महिला ६६ र पुरूष ७१ जना गरी जम्मा १३७ जना जेष्ठ सदस्यहरूलाई न्यानो कपडा वितरण गरेको छ ।

३४. **स्थापना दिवसः** संस्थाको ३३औं स्थापना दिवस ३२औं वार्षिक साधारण सभाको एकाइ २ को साधारण सभामा ३३ वटा मैन बत्ती बालेर मनाइएको थियो ।

३५. **सहभागिता र प्रतिनिधित्वः** संस्थाका अध्यक्ष दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को लेखा सुपरीवेक्षण समिति संयोजक पदमा, सदस्य सन्तोष प्रसाद विमली समृद्ध आवास विशिष्टिकृत सहकारी संघको सञ्चालक सदस्य पदमा र प्रमुख कार्यकारी अधिकृत नवराज दहाल दोलखा म्यानेजर क्बलको सचिव पदमा निर्वाचित हुनु भएको छ ।

३६. **कर योगदानः** संस्थाले आ.व. २०८२/०८३ मा राज्यलाई निम्नानुसार कर योगदान गरेको थियो ।

| क्र.सं. | शीर्षक | योगदान रकम |
|---|---|---|
| १. | ब्याज कर | ४७,४६,५०५.३२ |
| २. | साधारण सभा भत्ता कर | १२,२१,३७७.५० |
| ३. | भाडा कर | १६,६३२.२० |
| ४. | घरभाडा कर | १,६६,५७१.०० |
| ५. | अग्रिम कर कट्टी (पब्लिक लि./प्रा.लि./अन्य निकाय तथा व्यक्तिगत वा एकलौटी फर्म) | १,२७,१४८.२१ |
| ६. | पारिश्रमिक आय कर | २,५६,७३९.१६ |
| ७. | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | १३,६८९.०० |
| ८. | सुचिकृत शुल्क (स्थानीय तह) | २४,८५०.०० |
| ९. | पुँजीगत लाभकर निकाय | २,५०,०००.०० |
| १०. | पुँजीगत लाभकर व्यक्तिगत | ९,७२,७७३.०० |
| ११. | संस्थागत चालु आ.व. आयकर | २१,६७,३९०.१६ |
| **जम्मा** | | **९९,६३,६७५.५५** |

३७. **आन्तरिक सञ्चार प्रणालीः** संस्थाले सदस्यहरूलाई आफ्ना गतिविधिहरू तथा सूचनाहरू प्रवाह गर्नको लागि फेसबुक पेज, वेबसाईट तथा इमेल ठेगाना खोली सूचनाहरू सम्प्रेषण गर्ने गरेको छ ।

वेबसाईटः www.janasachetan.org.np

फेसबुकः https://www.facebook.com/janasachetan

इमेल ठेगानाः info@janasachetan.org.np

छिटो छरितो सञ्चारको लागि कार्यालय प्रमुख लगायत सिनियर व्यवस्थापनका कर्मचारीहरूलाई सि.यू.जि. सिम कार्ड व्यवस्थापन गरिएको छ।

## ३८. संस्थाको वित्तीय संरचनाको मुख्य मुख्य सुचांकहरूको तुलनात्मक अवस्थाः

| क्र.सं. | विवरण | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | सदस्यता | ३३,०११ | ३४,३४७ | १०४.०५ |
| २. | शेयर | १६,४०,१४,७००.०० | १५,९२,८९,४००.०० | ९७.१२ |
| ३. | जगेडा तथा अन्य कोषहरू | २५,३४,५८,७०८.३२ | २३,०५,१६,२६२.०० | ९०.९५ |
| ४. | बचत निक्षेप | १,८८,९१,९८,६२५.५९ | १,८३,४९,०४,७३०.४६ | ९७.१३ |
| ५. | शेयर तथा अन्य लगानी हिसाब | ३,७९,५०,५०८.०७ | ३,३३,४१,९६८.०७ | ८७.८६ |
| ६. | ऋण लगानी | १,९४,१५,७५,५४१.४९ | १,६५,८५,९६,९३२.२२ | ८५.४३ |
| ७. | स्थिर सम्पत्ति | ५,१५,८१,३१०.०० | ४,८५,००,७९१.४२ | ९४.०३ |
| ८. | खुद बचत | ४,२२,७४,५६८.४५ | १०,४३,७३१.२४ | २.४७ |
| ९. | जम्मा सम्पत्ति | २,४२,२५,६५,२७५.७५ | २,५९,९६,५३,९९३.८३ | १०७.३१ |

## ३९. आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि प्रस्तावित कार्ययोजना तथा बजेटः

### क) सदस्यताः

| विवरण | शेयर सदस्य | बाल बचतकर्ता | जम्मा |
|---|---|---|---|
| महिला | १४,०८० | ३,७४९ | १७,८२९ |
| पुरूष | १२,६७० | ४,६९८ | १७,३६८ |
| संस्थागत | ५५ | - | ५५ |
| **जम्मा** | **२६,८०५** | **८,४४७** | **३५,२५२** |

संस्थामा आवद्धता जनाई निष्क्रिय सदस्यको रूपमा रहेका सदस्यहरूलाई निम्नानुसारको समयावधिका आधारमा सदस्यता खारेज गरी भुक्तानी दिनुपर्ने शीर्षकमा राख्ने व्यवस्था गरिदै आएकोमा सो लाई निरन्तरता दिंदै सदस्यतामा गुणस्तरीयता कायम गर्ने रणनीति अवलम्बन गरिनेछ ।

| क्र.सं. | समयावधि | खारेज गरिने चरण |
|---|---|---|
| १. | विगत ५ वर्षदेखि नियमित रूपमा बचत नगर्ने सदस्यहरूको सदस्यता | पहिलो चरण |
| २. | विगत ३ वर्षदेखि नियमित रूपमा बचत नगर्ने सदस्यहरूको सदस्यता | दोस्रो चरण |
| ३. | विगत २ वर्षदेखि नियमित रूपमा बचत नगर्ने सदस्यहरूको सदस्यता | तेस्रो चरण |
| ४. | विगत १ वर्षदेखि नियमित रूपमा बचत नगर्ने सदस्यहरूको सदस्यता | चौथो चरण |

**ख) शेयर पुँजीः** २०८४ आषाढ मसान्तसम्ममा शेयर पुँजी रू. १६,९१,३२,५००।– पुऱ्याउने लक्ष्य लिइएको छ । आवद्ध शेयर सदस्यहरूलाई औषत शेयरको अवधारणमा अभ्यस्त गराइने छ ।

**ग) जगेडा कोष तथा अन्य कोषहरूः** २०८४ आषाढ मसान्तमा संस्थाको कोषहरूमा रू. २४,८१,७८,२८२.८४ पुऱ्याउने लक्ष्य लिइएको छ ।

**घ) बचत निक्षेपः** आगामी वर्षको अन्त्यमा रू. १,९५,७८,४९,४११.८१ पुऱ्याउने लक्ष्य लिइएको छ । हाल भइरहेका बचतका प्रकारहरूमा सदस्यहरूको चाहन, क्षमता र आवश्यकता अनुसार थप तथा समय सापेक्ष अद्यावधिक गर्दै जाने निति अवलम्बन गरिनेछ ।

**ङ) ऋण लगानीः** आगामी आ.व.को आषाढ मसान्तमा लगानीमा रहने ऋण रू. २,१५,९७,७०,२५०.६६ पुऱ्याउने लक्ष्य लिइएको छ । आगामी आ.व. मा लगानी गरिने रकम उत्पादन मुलक क्षेत्रलाई जोड दिने नीति अवलम्बन गरिनेछ ।

च) **वित्तीय लगानीः** आगामी आ.व. को अन्त्य सम्ममा रू. ३,४६,९२,२०९.३३ मात्र रहने गरी वित्तीय लगानी गरिनेछ ।

छ) **भाखा नाघेको ऋण र ऋण जोखिम कोषको व्यवस्थाः** भाखा नाघेको ऋणको असुलीलाई प्रभावकारी बनाउँदै असुली प्रक्रियालाई तीव्रता दिइनेछ । यस आ.व. लाई ऋण असुली वर्षको रूपमा लिई ढिला सुस्ती र अटेरी गर्ने सदस्यहरूको सार्वजनिक सूचना प्रकाशन र लिलामी प्रक्रिया अगाडि बढाइनेछ । ऋणलाई भाखा नाघ्न नदिन ऋणको लगानी प्रक्रियालाई समेत सुदृढिकरण गरिनेछ । सहकारी विभागको सहकारी संघ संस्थाहरूमा सुशासन प्रवर्द्धनको लागि जारी गरिएको एकीकृत निर्देशन, २०८२, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२ तथा नेपाल राष्ट्र बैंकको बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ बमोजिम भाखा नाघेको र असल ऋणको लागि ऋण जोखिम कोषको व्यवस्था गरिनेछ । साथै कर्जा असुली न्यायाधिकरणको सहयोगमा भाखा नाघेको ऋणको असुली प्रक्रियालाई अगाढि बढाइनेछ । यसका अलवा संस्थाबाट लगानी गरिने ऋणलाई सुरक्षित र जोखिम रहित बनाउन कर्जा सूचना केन्द्रको सदस्यता लिई साख सूचना लिए पश्चात मात्र लगानी गर्ने रणनीति अवलम्बन गरिनेछ ।

ज) **लाभांशः** सहकारी विभागको सहकारी संघ संस्थाहरूमा सुशासन प्रवर्द्धनको लागि जारी गरिएको एकीकृत निर्देशन, २०८२, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२ तथा नेपाल राष्ट्र बैंकको बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ बमोजिम भाखा नाघेको ऋणमा पर्याप्त जोखिम कोषमा रकम व्यवस्था गरी तथा पुँजी पर्याप्तताको अनुपातको पालना पश्चात मात्र शेयर सदस्यहरूलाई शेयरमा लाभांश प्रदान गर्न मिल्ने भएकोले सो को पूर्ण कार्यान्वयन गरे पश्चात मात्र लाभांश वितरण गरिनेछ । यसरी प्रदान गरिने दरलाई प्रतिस्पर्धी र बजारदर अनुसार कायम गर्न प्रयत्न गरिनेछ ।

झ) **आय-व्यय हिसाबः** आ.व. २०८३/०८४ मा संस्थाको कुल आम्दानी रू. २२,६२,५१,८२९.०२ हुने र खर्च रू. २०,७१,८६,६७९.२५ हुने अनुमान गरिएको छ । साथै कुल सञ्चालन बचत रू. १,९०,६५,१४९.७७ हुने अनुमान गरिएको छ ।

ञ) **मानव संसाधनको व्यवस्थापनः** संस्थाको नियमित कारोवारलाई व्यवस्थित, जिम्मेवारी र जवाफदेही ढंगले सञ्चालन गर्न कर्मचारीहरूको संख्या, पद तथा दरवन्दीहरूमा थपघट गरिनेछ । वित्तीय बजारमा आएको आर्थिक मन्दी तथा निष्क्रिय सदस्यहरूको खारेजीको रणनीतिका कारण सञ्चालनमा रहेका सेवाकेन्द्र/संकलनकेन्द्रहरूको एकीकरण गर्ने तथा घुम्ती काउण्टरहरूमा परिणत गर्दै जाने नीति अवलम्बन गरिनेछ । सेवाकेन्द्र/संकलनकेन्द्रको संकुचन तथा निष्क्रिय सदस्यको सदस्यता खारेजी गर्ने रणनीतिको कारण कार्यरत केही कर्मचारीको संख्यामा कटौती गर्ने र केही नयाँ कर्मचारीहरू भर्ना गर्ने रणनीति अवलम्बन गरिनेछ । यसरी कर्मचारीको संख्यामा कटौती गर्दा कार्यसम्पादन मुल्यांकन तथा कार्य विवरण र उपयोगिताको आधार लिइनेछ । आवश्यकताको आधारमा कर्मचारीहरूको दरवन्दी थप गर्ने, पदपूर्ति गर्ने, बढुवा गर्ने, पुरस्कृत तथा दण्ड गर्ने, आकर्षक सेवा र सुविधाहरू प्रदान गर्ने आदि कार्यहरूलाई समयानुकुल व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

ट) **संरक्षित पुँजी फिर्ता कोषको रकम वितरणः** संरक्षित पुँजी फिर्ता कोषको मूल मर्मलाई आत्मसाथ गर्दै संस्थाबाट ऋण लिई असल कारोवार गर्ने सदस्यहरू (३ महिना भन्दा बढी समय भाखा ननघाउने सदस्य) र नियमित मासिक बचत गर्ने सदस्यहरूलाई संरक्षित पुँजी फिर्ता कोषको रकम सहकारी नियमावलीले तोके बमोजिम

वितरण गरिनेछ । नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी निर्देशन तथा मापदण्डको अधिनमा रही यस कोषको रकम वितरण गरिनेछ ।

ठ) **सेवाकेन्द्र तथा संकलनकेन्द्रको एकीकरण तथा घुम्ती काउण्टरमा परिणतः** संस्थाले आफ्नो कार्यक्षेत्र भित्रका विभिन्न स्थानहरूमा सदस्यहरूको चाप र मागको आधारमा सेवाकेन्द्र तथा संकलनकेन्द्रहरूको स्थापना गर्दै लाने रणनीति अवलम्बन गरिनेछ । वित्तीय बजारमा आएको आर्थिक संकट तथा निष्क्रिय सदस्यहरूको खारेजीको रणनीतिका कारण हाल सञ्चालनमा रहेका सेवाकेन्द्र/संकलनकेन्द्रहरूको प्रगति प्रतिवेदनको आधारमा सवलीकरण र स्थायीत्वको व्यवस्था गर्दै एकीकरण गर्ने तथा घुम्ती काउण्टरहरूमा परिणत गर्दै जाने नीति अवलम्बन गरिनेछ । यसरी सञ्चालनमा रहेका सेवाकेन्द्र/संकलनकेन्द्रको एकीकरण तथा घुम्ती काउण्टरमा परिणत गर्दा सदस्यहरूको सेवा प्राप्तिलाई विशेष ख्याल गरिनेछ ।

ड) **गुणस्तर सुनिश्चितता कार्यक्रमहरूमा निरन्तरताः** संस्थाबाट प्रदान गरिने सेवा तथा सुविधाहरूलाई विश्वासिलो भरपर्दो, गुणस्तरीय, छिटो र छरितो बनाई संस्थाको चौतर्फी विकासमा सहयोग पुऱ्याउने उद्देश्यले नियामक निकाय तथा छाता संगठनहरूबाट प्रतिपादित तथा प्रर्वद्धित गुणस्तर सुनिश्चितताका कार्यक्रमहरूमा सहभागिता जनाउने तथा निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।

ढ) **विनियम, नीति, निर्देशिका तथा कार्यविधिः** संस्थाको विनियमका केही दफाहरू संसोधन गर्न र केही व्यवस्थाहरू थप गर्न आवश्यक भएकोले आगामी वार्षिक साधारण सभामा विनियम संसोधन प्रस्ताव पेश गरी आवश्यकता अनुसार थप नीति, कार्यविधि र निर्देशिकाहरू तर्जुमा गर्ने र विद्यमान नीति, निर्देशिका तथा कार्यविधिहरू समयानुकुल अद्यावधिक गरी लागु गर्ने योजना राखिएको छ ।

ण) **सदस्यहरूको सन्तुष्टि मुल्यांकनः** संस्थाले सदस्यहरूलाई उपलब्ध गराउँदै आएको वस्तु तथा सेवाहरूमा गुणस्तरीयता र छरितोपनको विषयमा सदस्य सन्तुष्टि सर्वेक्षण गरिनेछ । साथै संस्थाका वस्तु तथा सेवाहरूले सदस्यहरूको जीवनमा पारेको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावको पनि सर्वेक्षण गरिनेछ । सुझाव संकलनका लागि सदस्य गुनासो पुस्तिका, गुनासो पेटिका, गुनासो सुनुवाई अधिकारी मार्फत प्रत्यक्ष टेलिफोन सम्पर्क, सदस्य परामर्श भेला, क्षेत्रीय सभा तथा गोष्ठीहरू आयोजना गरी सुधारका लागि सदस्यहरूको सुझाव संकलन गर्ने र प्राप्त सुझावहरूको आधारमा संस्थाको भावी योजना तथा कार्यदिशा तयार गरिनेछ । सदस्यहरूको सहभागितालाई उत्प्रेरित गर्न सन्तुष्टि सर्वेक्षणमा संलग्न हुने सदस्यहरू मध्येबाट गोला प्रथाबाट छनौट गरी पुरस्कृत समेत गरिनेछ । यसका साथै संस्थाको प्रभावकारीताको मुल्यांकन गर्नको लागि वार्षिक रूपमा सामाजिक परीक्षण गर्ने कार्यको समेत थालनी गरिनेछ ।

त) **उद्यमशीलता अभिवृद्धिः** सदस्यहरूलाई उद्यमशीलता अभिवृद्धि गर्नको लागि आगामी वर्ष क्षेत्रगत रूपमा निम्नानुसारका कार्यहरू गरिनेछ ।

- सम्भावित सदस्यहरू छनौट गरी व्यवसाय विकास तालिमको व्यवस्था गरिनेछ ।
- दोलखा जिल्लामा सम्भाव्य केही व्यवसायहरूको नमुना व्यवसायिक योजना तयार पारी सदस्यहरूलाई उपलब्ध गराइनेछ ।
- स्थानीय सरकारहरूसँगको सहकार्यमा व्यवसायी बनाउनको लागि विभिन्न किसिमका तालिमहरूको व्यवस्थापन गरिनेछ ।

- व्यवसाय विकास कक्ष मार्फत ऋण लगानी गर्नुपूर्व आवश्यक परामर्शहरू प्रदान गरिनेछ ।
- विभिन्न किसिमका सिपमूलक तालिमहरू आयोजना गरिनेछ ।
- संस्थाको वेबसाईटमा सदस्य उत्पादन बिक्री पार्टल राखिनेछ र सितैमा विज्ञापन राखिदिने व्यवस्था गरिनेछ ।

थ) **सदस्यहरूको सदस्य पहिचान फारम (KYM) अद्यावधिक गर्ने:** सदस्यहरूको यकिन जानकारीहरू अद्यावधिक गराइरहनु पर्ने भएको हुँदा यस आ.व. मा थप राष्ट्रिय परिचय-पत्र र स्थायी लेखा नम्बर समेत अद्यावधिक गर्ने गरी सो सदस्यता पहिचान फारम भर्ने भराउने कार्यलाई निरन्तरता दिइनेछ ।

द) **बजार विश्लेषण तथा ब्याजदर:** बदलिँदो वित्तीय बजारलाई ध्यानमा राखी मासिक रूपमा बजार अवस्थाको अध्ययन तथा सर्वेक्षण गरी आवश्यकता अनुसार सञ्चालक समितिले ब्याजदर परिमार्जन गर्ने योजना राखिएको छ ।

ध) **साकोस एकरूपता प्रणाली, स्थिरीकरण कोष र प्रवर्द्धन कोषमा सहभागिता:** नेपालको सहकारी अभियानलाई मजबुत बनाउने उद्देश्यले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. द्वारा सञ्चालन हुने साकोस एकरूपता प्रणाली तथा स्थिरीकरण कोषमा सहभागिता जनाई सो कार्यलाई निरन्तरता दिइनेछ । साथै राज्यद्वारा निर्देशित सहकारी प्रवर्द्धन कोषमा वार्षिक रूपमा योगदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

न) **सहकारी अध्ययन अवलोकन भ्रमण:** सहकारी संस्थाहरूको असल अभ्यासहरूको अध्ययन अवलोकन गरी सो को सिकाई यस संस्थामा समय सापेक्ष रूपमा लागु गर्ने उद्देश्य राखी संस्थाका समिति, उपसमिति, कर्मचारी, अगुवा सदस्य तथा उद्यमीहरू सम्मिलित समूहलाई सहकारी अध्ययन अवलोकन भ्रमणमा सहभागी गराउने योजना राखिएको छ । यस्ता भ्रमण कार्यक्रमहरू लागतमा आधारित हुनेछन् ।

प) **तालिम तथा विकासका कार्यक्रमको व्यवस्था:** सिकाई समृद्धि पक्षको विकास गर्नको लागि आ.व. २०८३/०८४ मा सदस्य, सञ्चालक र कर्मचारीहरूका लागि विभिन्न प्रकारका तालिम तथा विकासका कार्यक्रमहरूको व्यवस्था मिलाइनेछ । समिति, उपसमितिका पदाधिकारी तथा सदस्यहरू र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिमहरू तथा नियामक निकायद्वारा जारी मापदण्ड तथा निर्देशन र सहकारी संस्था सञ्चालन प्रक्रियामा अकर्षित कानुन तथा अभ्यासहरूको बारेमा अभिमुखीकरण कार्यक्रमको आयोजना गरिनेछ ।

फ) **वस्तु तथा सेवा विस्तार:** सदस्यहरूको सन्तुष्टि सर्वेक्षण गर्दा सदस्यहरूले माग गरे बमोजिमका वस्तु तथा सेवाहरूको अध्ययन तथा अनुसन्धान गरी समयानुकुल सेवाहरूलाई निरन्तरता दिइनेछ ।

ब) **सुशासनको परीक्षण:** संस्थाको वित्तीय विवरण मासिक रूपमा सार्वजनिक गर्ने र हरेक वर्ष संस्थाबाट प्रवाह गरिने वस्तु तथा सेवाको बारेमा सुशासन परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । सहकारी विभागबाट जारी भएको सदस्यता केन्द्रीयता सूचकांकको परीक्षणलाई समेत निरन्तरता दिइनेछ । सहकारी संस्थामा सहकारीताको विकासको लागि सहकारीका सिद्धान्तको परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

भ) **सदस्य सुविधाका कार्यक्रमहरू:** आ.व. २०८३/०८४ का लागि सदस्य सुविधाका देहायका कार्यक्रमहरू लागु गर्ने योजना राखिएको छ । उल्लेखित सेवाहरूको प्राप्त गर्न नियमित न्यूनतम बचत र न्यूनतम शेयर खरिद अनिवार्य शर्त रहनेछ ।

१) क्यान्सर, प्यारालाईसिस, मृगौला तथा मुटु प्रत्यारोपन गर्नुपर्ने रोगहरूमा कोषको अवस्था हेरी रू. ५ हजारदेखि बढीमा रू.१० हजारसम्म राहतको व्यवस्थालाई निरन्तरता दिइनेछ । साथै यस आ.व. देखि बाल बचतकर्ता र जेष्ठ शेयर सदस्यलाई समेत यो कार्यक्रममा आवद्ध गराइनेछ ।

२) १८ वर्ष देखि ४५ वर्षसम्मका उमेर समूहका सदस्यहरूले उद्योग स्थापना गरी सञ्चालन गरेमा त्यस्ता उद्योगको लागि संस्थाले निर्धारण गरेको अधिकतम ब्याजदरमा २% कम गरी ऋण लगानी गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३) ६० वर्ष नपुग्दै संस्थामा सदस्यता प्राप्त गर्ने सदस्यहरूलाई सामाजिक संस्कार खर्च (किरिया खर्च) वापत प्रदान गर्दै आएको रू. ५,०००।- लाई निरन्तरता दिइनेछ । साथै यस आ.व.बाट बाल बचतकर्ता र ६० वर्ष उमेर पुगेर सदस्य बन्ने जेष्ठ नागरिक शेयर सदस्यलाई समेत यस्तो सामाजिक संस्कार खर्च वापतको रकम उपलब्ध गराइनेछ ।

४) प्राकृतिक प्रकोपको कारण भएको क्षतीको अवस्था हेरी दिइने राहत रकम रू. २,०००।- देखि रू. १०,०००।- सम्मलाई निरन्तरता दिइनेछ । मानविय क्षेती समेत भएको अवस्थामा रू. १०,०००।- र अन्यको हकमा रू. ५,०००।- सम्म राहत उपलब्ध गराउने गरी व्यवस्थापन गरिनेछ । यसरी रकम प्राप्त गर्न घटना घटेको ३५ दिन भित्र रितपूर्वक निवेदन अनिवार्य गरिएको छ ।

५) ६० वर्ष अगावै संस्थामा सदस्यता लिने तथा सदस्य सुरक्षा कोषमा आवद्ध ७५ वर्ष उमेर पुगेका शेयर सदस्यलाई त्रैमासिक रूपमा उपलब्ध गराइदै आएको आजीवन साहारा भत्तालाई निरन्तरता दिइनेछ । यस कार्यक्रमबाट आजीवन साहारा भत्ता प्राप्त गर्नको लागि तपसिल बमोजिमका शर्तहरू अनिवार्य गरिनेछ ।

क) मासिक रू. २००।- का दरले अनिवार्य बचत गरेको हुनुपर्नेछ ।

ख) शेयर र मासिक बचत खातामा न्यूनतम रू. ५०,०००।- (पचास हजार) मौज्दात भएको हुनुपर्नेछ । यस्तो सुविधा प्राप्त गर्न संस्थाले तोकेको १०० कित्ता शेयर अनिवार्य खरिद गरेको हुनुपर्नेछ ।

६) शेयर सदस्यहरूले नवजात शिशु जन्मेको ३५ दिन भित्र संस्थामा शिशुको नाममा बाल बचत खाता खोलेमा शुन्य मौज्दातमा खाता खोलिदिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७) सदस्यहरूले आफ्नो खाताको रकम नेपालको जुनसुकै स्थानबाट झिक्न मिल्ने गरी प्रविधिको पहुँचमा विस्तार गर्दै लगिनेछ ।

८) सरकारी तथा गैरसरकारी निकायहरूको सहयोग एवं समन्वयमा सदस्यहरूको आम्दानीमा वृद्धि पुऱ्याउने किसिमका व्यवसायिक तालिमहरू सञ्चालन गरिनेछ ।

९) सदस्य सुरक्षाकोष मार्फत सदस्यहरूको मृत्यु पश्चात भुक्तानी गरिने रकमको सीमालाई निम्नानुसार वर्गीकरण गरी वितरण गरिनेछ । वार्षिक रूपमा कोषमा योगदान र मासिक बचत अनिवार्य सर्त रहनेछन । यस कोषबाट प्राप्त हुने रकमको अधिकतम सीमा रू. ५० हजार रहनेछ ।

**तपसिल**

| क्र.सं. | समयावधि | रकम रू. |
|---|---|---|
| १ | सुरूको पहिलो वर्ष | रू. ५ हजार मात्र |
| २ | दोस्रो वर्षदेखि १० वर्षसम्म | रू. ५ हजार + प्रतिवर्ष १ हजारका दरले थप |
| ३ | १० वर्ष भन्दा माथि | रू. ५ हजार + प्रतिवर्ष २ हजारका दरले थप |

१०) संस्थाको सदस्य नभएका नयाँ बुहारीले विवाह भएको ३५ दिन भित्र सदस्यको लागि आवेदन दिएमा नयाँ बुहारी स्वागत कार्यक्रम अन्तर्गत प्रवेश शुल्कमा शत प्रतिशत छुट दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११) कृषि, पशुपालन तथा स्थानीय कच्चा पदार्थमा आधारित घरेलु लघुउद्यम गर्न इच्छुक सदस्यहरूले समूह बनाई निवेदन पेश गरेमा सो सँग सम्बन्धित क्षमता अभिवृद्धि तथा सीपमुलक तालिमहरू सञ्चालन गरिनेछ ।

१२) विगतको सदस्य जीवन बीमा कार्यक्रमलाई निरन्तरता दिँदै विभिन्न बीमा कम्पनीहरूसँग सहकार्य गरी सदस्यहरूको जीवन बीमा तथा निर्जीवन बीमा गर्ने कार्यक्रमको आवश्यकताको आधारमा सुरूवात गरिनेछ । साथै सामुहिक जमानीमा लगानी गरिने ऋणहरूको अनिवार्य बीमा गर्ने कार्यक्रमको सुरूवात गरिनेछ । यस्तो ऋणको बीमा गर्ने कार्यक्रमलाई विस्तारै अन्य ऋणहरूको हकमा समेत लागु गर्दै लगिनेछ ।

१३) आवद्ध सदस्यहरूमा उद्यमशिलता विकास गर्नको लागि व्यवसाय विकास सहयोग कक्षको स्थापना गरिनेछ । संस्थामा ऋण माग गर्ने र व्यवसाय गर्न इच्छुक सदस्यहरूलाई व्यवसायिक योजनाहरू उपलब्ध गराउने तथा आवश्यक परामर्श उपलब्ध गराइनेछ ।

१४) जनसचेतन कप लगायतका सामाजिक कार्यक्रमहरूलाई सम्भावना भएसम्म निरन्तरता दिइनेछ ।

१५) कार्यक्षेत्र भित्रका शेयर सदस्य, बाल बचत कर्ता तथा भावी सदस्यहरूलाई वित्तीय साक्षरताका कार्यक्रमहरूमा सहभागी गराइनेछ । यसका साथै माद्यमिक विद्यालय तथा क्याम्पसमा अध्ययनरत विधार्थीहरूको लागि समेत वित्तीय साक्षरता कक्षाहरू इन्फोग्राम सहित सञ्चालन गरिनेछ ।

१६) संस्थाबाट प्रवाह हुने सेवालाई छिटो छरितो र कागज रहित बनाउनको लागि सबै सेवाकेन्द्र तथा संकलनकेन्द्रहरूमा E-Teller, QR Code र Free Internet को व्यवस्था गर्दै लगिनेछ ।

१७) वातावरण संरक्षणको लागि कार्यक्षेत्र भित्रका सार्वजनिक स्थल तथा विद्यालयहरूको लागि डस्टविन वितरण तथा वृक्षारोपणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८) विभिन्न निकाय तथा स्थानीय सरकारको साझेदारीमा क्षेत्र पहिचान गरी वार्षिक रूपमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । यस वर्ष शैलुङ गा.पा. मा सञ्चालन गरिनेछ ।

१९) नियमित मासिक वा बाल वा जेष्ठ नाागरिक बचत खातामा तपसिल अनुसारको बचत रकम हुने सदस्यहरूको लागि स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गतको बीमा प्रिमियममा निम्नानुसार सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ । यस्तो रकम प्राप्त गर्न स्वास्थ्य बीमा कार्डको प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ ।

| क्र.स. | मासिक वा बाल वा जेष्ठ नागरिक बचत खातामा रहने रकम | उपलब्ध गराइने सहयोग रकम |
|---|---|---|
| १. | न्यूनतम रू. ५० हजारदेखि १ लाखसम्म | रू. २५०।- |
| २. | न्यूनतम रू. १ लाखदेखि माथिको | रू. ५००।- |

२०) छात्रवृत्ति वितरण, सार्वजनिक स्थलहरूको सरसफाई, बगैंचा निर्माण तथा वातावरण सौन्दर्यता सुधारका कार्यलाई निरन्तरता दिइनेछ ।

२१) प्रत्येक सेवाकेन्द्र तथा संकलनकेन्द्र अन्तर्गत मासिक रूपमा सदस्यता विस्तारित मञ्च तथा सदस्यता जागरण अभियानका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२२) सहकारीमा युवा विद्यार्थीको सहभागितालाई अभिवृद्धि गर्न संस्थामा आवद्ध रहेका न्यूनतम १०० जना सदस्य रहेका माद्यमिक विद्यालय तथा क्याम्पसहरूमा जनसचेतन युवा क्लबको गठन गरिनेछ । यस्ता क्लबहरू मार्फत वार्षिक रूपमा सम्बन्धित विद्यालय तथा क्याम्पसहरूको मागमा आधारित १ वटा साहित्यिक कार्यक्रम (वक्तृत्वकला, वादविवाद, मनोवाद, संवाद, कथा, कविता, निबन्ध लेखन र हाजिरी जवाफ) को आयोजना गरिनेछ ।

२३) बालबालिकाहरूमा बचत गर्ने बानीको विकास गर्नको लागि संस्थामा आवद्ध हुने बालबालिकाको लागि स्टेशनरी सामाग्रीको व्यवस्थापन गर्ने कार्यको सुरूवात गरिनेछ ।

२४) संस्थाका वस्तु तथा सेवाहरूलाई थप प्रभावकारी बनाउन दोलखा जिल्लाका ९ वटै स्थानीय तहमा जनप्रतिनिधिसँग जनसचेतन कार्यक्रमको सञ्चालनलाई निरन्तरता प्रदान गरिनेछ ।

२५) जनसचेतनबाट ऋण लिई उत्कृष्ट र नमूना योग्य कृषि तथा पशुपालन सम्बन्धी व्यवसाय गर्ने लक्षित वर्गका सदस्यहरूलाई संस्थामा रहेको शुन्य लागत कोषको १०% ले हुने रकम सहुलियत दरमा मागको आधारमा ऋण लगानी गर्ने कार्यको थालनी गरिनेछ ।

२६) संस्थामा आवद्ध भएको ५ वर्ष पूरा भएका र ७० वर्ष उमेर पुगेका शेयर सदस्यहरूलाई वितरण गरिदै आएको ऊनको टोपी, गलबन्दी तथा बर्को वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस्तो वितरणलाई समायानुकुल लागतमा वृद्धि नहुने गरी परिमार्जन गर्दै लगिनेछ ।

२७) विभिन्न साझेदार संघ संस्थाहरूको सहकार्यमा वार्षिक रूपमा खुल्ला रक्तदान कार्यक्रमको आयोजनालाई निरन्तरता दिइनेछ ।

२८) जेष्ठ सदस्यहरूको तिर्थ अवलोकन भ्रमण कार्यक्रमलाई लागतमा आधारित बनाई निरन्तरता दिइनेछ । जसका लागि देहाय बमोजिमका योग्यताहरू कायम गरिनेछ ।

क) संस्थामा आवद्ध भएको कम्तीमा १० वर्ष पूरा भएको तथा ६५ वर्ष उमेर पुगी ७० वर्ष ननाघेको हुनुपर्ने ।

ख) संस्थाले निर्धारण गरेको न्यूनतम शेयर खरिद गरेको ।

ग) एकाघर परिवारमा ऋण कारोवार तथा जमानत बसेको भए भाखा ननाघेको हुनुपर्ने ।

घ) मासिक रूपमा गर्नुपर्ने बचत पछिल्लो ६ महिनादेखि नियमित रूपमा गरेको हुनुपर्ने ।

ङ) तोकिएको समयसिमा भित्र तोकिएको ढाँचामा निवेदनका साथ रू. १ हजारको रसिद संलग्न गर्नुपर्ने ।

च) मासिक बचतको अंश फिर्ता नलिने सदस्यहरूलाई छनौटको प्राथमिकता बनाइनेछ ।

२९) संस्था स्थापना दिवसको सन्दर्भमा अनाथ बालबालिका/बृद्धबृद्धा/असाहयहरूलाई खाद्यान्न तथा सरसफाई सामाग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३०) लघुवित्त कार्यक्रमलाई थप प्रभावकारी बनाउन दोलखा जिल्लाका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई अभिमुखिकरण गरी स्वयसेविका मार्फतका आमा समूहहरूलाई लघुवित्त समूहमा रूपान्तरण गर्ने कार्यक्रमलाई अगाडि बढाइनेछ । यसरी लघुवित्त समूहमा आवद्ध भई कारोवार गर्ने आमा समूहलाई वृद्धि विकासको लागि प्रति लघुवित्त समूह रू. ५ हजार प्रोत्साहन खर्च उपलब्ध गराइनेछ । यस्तो प्रोत्साहन खर्च समूह बनेको छ महिनापछि १ पटक मात्र उपलब्ध गराइनेछ ।

३१) लघुवित्त कार्यक्रमलाई आवश्यकता र मागको आधारमा विस्तार तथा निरन्तरता दिइनेछ ।

३२) संस्थाका महिला शेयर सदस्यहरू सुत्केरी हुँदा शिशु र आमाको स्वास्थ्यलाई मध्येनजर गर्दै पोषणयुक्त आहार उपलब्ध गराउने उद्देश्यले रू. २,०००।- (दुई हजार मात्र) नगदै वा सो बराबरको खाद्यन्न उपलब्ध गराउने सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस्तो कार्यक्रममा सहभागिता जनाउन संस्थामा आवद्ध भएको १ वर्ष पुरा भएको, एकाघर परिवारमा ऋण भए नियमित भएको, बचत नियमित भएको र न्यूनतम शेयर खरिद गरेको हुनुपर्नेछ । यस्तो सुविधा प्राप्त गर्न अनिवार्य ३५ दिन भित्र जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपिका साथ तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

३३) नेपाल सरकारबाट क र ख वर्गको कार्ड प्राप्त विकलाङ्ग (अपाङ्ग) शेयर सदस्यहरूको परिचय-पत्र एकाघर परिवारका सदस्यले लिई साधारण सभाका कार्यक्रममा उपस्थित जनाउँदा उपस्थिति खर्च वापतको रकम उपलब्ध गराउने कार्यलाई निरन्तता दिइनेछ ।

३४) संस्थाका गतिविधिहरू तथा सदस्यहरूको सफलताका कथाहरू र प्रतिभा समेटेर त्रैमासिक रूपमा इ-बुलेटिन प्रकाशन गर्ने कार्यलाई निरन्तता दिइनेछ ।

३५) कृषि तथा पशुपालन कार्यमा संलग्न कृषकहरूका समस्याहरूलाई समाधान गर्ने उद्देश्यले प्रत्येक सेवाकेन्द्र /संकलनकेन्द्र अन्तर्गत वार्षिक कम्तीमा २ वटा कृषकसँग जनसचेतन कार्यक्रम आयोजना गर्ने कार्यको थालनी गरिनेछ ।

३६) पुँजी पर्याप्तताको अनुपातलाई कार्यान्वयन गर्न शेयर पुँजीमा वृद्धि गर्न औषत शेयरको अवधारणलाई निरन्तरता दिइनेछ । नयाँ सदस्यता प्रदान गर्दा शेयर खरिदलाई न्यूनतम २० कित्ता बनाइएको छ । २० कित्ता भन्दा कम शेयर हुने सदस्यहरूलाई आ.व. २०८३/०८४ भित्रमा अनिवार्य २० कित्ता बनाउन अनुरोध गरिनेछ । साथै ऋण लगानी गर्दा अनिवार्य ऋणी सदस्यलाई औसत शेयर खरिद गर्न अनुरोध गरिनेछ । ठूलो शेयर पुँजी हुने सदस्यहरूलाई समेत औषत शेयर अवधारणामा आवद्ध गराइनेछ ।

३७) भाखा नाघेको किस्तामा दिनगन्ति हिसाबमा ३ प्रतिशतमा मात्र हर्जना लिइने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३८) नियमित मासिक सावाँ तथा ब्याज (ब्याज) बुझाउने सदस्यहरूलाई पाकेको ब्याजमा प्रदान गरिदै आएको ५ प्रतिशत छुटलाई निरन्तरता दिइनेछ ।

३९) संस्थाबाट लगानी भएका सम्पूर्ण ऋणहरूको सदुपयोगिता अनुगमन गरिनेछ । सामान्यतया लगानी भएको ३ महिना भित्र अनिवार्य सदुपयोगिता अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४०) माथि उल्लेखित सबै सेवाका कार्यक्रमहरूमा बाल बचतकर्ता र जेष्ठ नागरिक शेयर सदस्यहरूलाई समेत आवद्ध गराउन सबै शेयर सदस्य तथा बाल बचतकर्ताहरूबाट सामुदायिक उत्तरदायित्व कोषमा वार्षिक रू. ५० (पचास) योगदानलाई अनिवार्य गरिनेछ ।

४१) अघिल्लो वर्षहरूमा पुरा हुन नसकेका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

**म)** **उपसमितिहरूको अभिमुखिकरण र सक्रियताः** संस्थाले निर्धारण गरेका नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी ढंगबाट सम्पन्न गर्न गठित उपसमितिहरूको सक्रियतामा वृद्धि गरिनेछ । यसका लागि उपसमिति सदस्यहरूको क्षमता अभिवृद्धि तालिम तथा अभिमुखिकरण कार्यक्रमहरू सञ्चालन गरी जिम्मेवारी थप गर्दै लगिनेछ ।

**य) कानुनहरूको अक्षरस पालनाः** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट जारी सहकारी ऐन, नियमावली, निर्देशन तथा परिपत्रहरूको कार्यान्वयन गर्दै सुशासन कायममा जोड दिइनेछ ।

१) सहकारी ऐन २०७४ को दफा ३५ अनुसार सदस्यले संस्थालाई तिर्नु, बुझाउनु पर्ने कुनै दायित्व निर्धारित समय भित्र भुक्तानी नगरेमा वा सदस्यले पालना गर्नुपर्ने व्यवस्थाको उल्लघंन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा नपाउने प्रावधानलाई अक्षरस पालना गरिनेछ ।

२) सहकारी ऐन २०७४ को दफा १३९ अनुसार सहकारी संस्थाको रकम सदस्य बाहेक अरू कसैलाई सामाजिक कार्यमा भन्दा बाहेक अन्य कार्यका लागि आर्थिक सहयोग गर्न पाइने छैन भन्ने कानुनी व्यवस्थालाई अक्षरस पालना गरिनेछ ।

**र) स्थायी सम्पत्ति व्यवस्थापनः** एकीकरणबाट प्राप्त भएका र प्रयोग विहिन सम्पत्ति तथा सामाग्रीको लिलाम गरी नगदमा परिणत गरिनेछ । संस्थाको नाममा रहेका जग्गा तथा भवन र मोटरसाइकलहरूलाई बिक्री गरिनेछ ।

**ल) गैर बैंकिङ्ग सम्पत्ति व्यवस्थापनः** लिलाम सकारबाट प्राप्त गैर बैंकिङ्ग सम्पत्तिहरूको व्यवस्थापनमा सक्रियता दिई नकमाउने सम्पत्ति कम गर्दै लगिनेछ । हालसम्म संस्थाको नाममा सकार भएका घर तथा जग्गाहरूको लिलाम बिक्री प्रक्रियालाई अगाडि बढाइनेछ ।

**व) सेवाकेन्द्र तथा संकलनकेन्द्र स्तरमा कर्मचारीहरूलाई सवारी साधनको व्यवस्थापनः** सञ्चालनमा रहेका सबै सेवाकेन्द्र तथा संकलनकेन्द्रहरू र मुख्य कार्यालयलाई कम्तीमा १ वटा २ पाँग्रे सवारी साधन व्यवस्थापनको लागि कर्मचारीहरूलाई ब्याज अनुदान, मर्मत खर्च र इन्धन खर्च उपलब्ध गराउने कार्यको थालनी गरिनेछ ।

**श) एकीकरणः** संस्थाको कार्यक्षेत्र भित्र तथा जोडिएका स्थानका विभिन्न उद्देश्यका सहकारी संस्थाहरू वीच एकीकरणको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

**ष) आय तथा व्यय विवरणः** आ.व. २०८३/०८४ मा संस्थाको आम्दानी र खर्चको अनुमान निम्नानुसार गरिएको छ ।

**आम्दानी तर्फ**

| विवरण | रकम |
|---|---|
| **ऋणबाट ब्याज आम्दानी** | **२२,०१,१५,४१८.४३** |
| **बैंक ब्याज आम्दानी** | **२२,०२,५८०.५९** |
| **लगानीबाट लाभाशं आम्दानी** | **१,००,०००.००** |
| **अन्य आम्दानी** | **३८,३३,८३०.००** |
| सेवा शुल्क | १५,००,०००.०० |
| प्रवेश शुल्क | १,८१,०००.०० |
| कमिसन आम्दानी | १,५०,०००.०० |
| फोटोकपी आम्दानी | ६,०००.०० |
| विविध | ९४,०००.०० |
| कागजात शुल्क | ३,००,०००.०० |
| हल भाडा | २०,०००.०० |
| सदस्यता नविकरण शुल्क | ३,३७,८३०.०० |

| विवरण | रकम |
|---|---|
| एस.एम.एस. शुल्क | २,५०,०००.०० |
| चार्जअफ गरिएको ऋण | ५,००,०००.०० |
| टावर भाडा | १,४०,०००.०० |
| भ्रमण आवेदन शुल्क | ५५,०००.०० |
| जम्मा आम्दानी | २२,६२,५१,८२९.०२ |

**खर्च तर्फ**

| सञ्चालन खर्चका शीर्षकहरू | आ.व. २०८३/०८४ |
|---|---|
| **ब्याज खर्च** | **७,२८,५१,४३७.३५** |
| **अन्य खर्च** | **१,११,२१,९४४.७०** |
| *कार्यालय खाजा खाना खर्च* | *३,६३,३५५.३०* |
| *समवेदना खर्च* | *२५,४७९.३०* |
| *समर्थन (सर्पोट) खर्च* | *१,००,०००.००* |
| *ज्याला खर्च* | *२४,०००.००* |
| *दान (सहयोग) खर्च* | *२०,०००.००* |
| *एस.एम.एस. खर्च* | *३,००,०००.००* |
| *कमिशन खर्च* | *६६,०००.००* |
| *सूचना प्रकाशन तथा विज्ञापन खर्च* | *६०,०००.००* |
| *सवारी साधन कर भुक्तानी खर्च* | *२०,०००.००* |
| *लेखापरीक्षण खर्च* | *५०,०००.००* |
| *पुस्तक तथा पत्रिका खर्च* | *५०,०००.००* |
| *वार्षिक शुल्क-इन्फिनिटी सफ्टवेयर* | *१०,००,०००.००* |
| *बैंक शुल्क खर्च (कालोसूची खर्च समेत)* | *१८,०००.००* |
| *सेवा खर्च* | *१,००,०००.००* |
| *सामुदायिक उत्तरदायित्व खर्च* | *५०,०००.००* |
| *सरसफाई खर्च* | *३०,०००.००* |
| *वार्षिक शुल्क-वेबसाईड* | *३५,०००.००* |
| *चाडपर्व र धार्मिक खर्च* | *६०,०००.००* |
| *सामान खरिद खर्च* | *१,००,०००.००* |
| *वार्षिक शुल्क-इ-हाजिरी सफ्टवेयर* | *४३,८५२.६०* |
| *वार्षिक शुल्क-ट्रस्ट ए.एम.एल सफ्टवेयर* | *६५,२५७.५०* |
| *वार्षिक शुल्क -ऋण व्यवस्थापन सफ्टवेयर* | *८५,०००.००* |
| *जग्गा दर्ता शुल्क खर्च* | *६,०००.००* |
| *सदस्य भ्रमण कार्यक्रम खर्च* | *४,००,०००.००* |
| *जनसचेतन साकोसको सफलताको कथा कार्यक्रम* | *२,२०,०००.००* |
| *ऋण चार्जअफ* | *११,००,०००.००* |
| *सामाजिक लेखापरीक्षण खर्च* | *३,३०,०००.००* |
| *ह्रासकट्टी खर्च* | *३०,००,०००.००* |

| सञ्चालन खर्चका शीर्षकहरू | आ.व. २०८३/०८४ |
|---|---|
| अध्ययन अवलोकन खर्च | १०,००,०००.०० |
| स्वास्थ्य प्रिमियम खर्च | १२,००,०००.०० |
| लिलाम खर्च | १२,००,०००.०० |
| **कर्मचारी खर्च** | **५,३०,२४,३८६.२०** |
| कर्मचारी तलब खर्च | ३,७४,०९,७९६.०० |
| कर्मचारी पोशाक खर्च | ५,९०,०००.०० |
| कर्मचारी सञ्चार खर्च | २,४०,०००.०० |
| चाडपर्व भत्ता | २१,११,३३६.०० |
| सामाजिक सुरक्षा कोष खर्च | ५६,४९,२९५.२० |
| कर्मचारी भ्रमण भत्ता खर्च | ६,००,०००.०० |
| कर्मचारी स्वास्थ्य उपचार (चिकित्सा) खर्च | २१,११,३३६.०० |
| कर्मचारी विदा भत्ता खर्च | २९,५५,८७३.०० |
| सवारी साधन ब्याज अनुदान खर्च | ४,९८,७५०.०० |
| सवारी साधन मर्मत खर्च | ३,३०,०००.०० |
| सवारी साधन इन्धन खर्च | ५,२८,०००.०० |
| **प्रशासनिक खर्च** | **२,२४,७५,०००.००** |
| सञ्चार खर्च | ६०,०००.०० |
| कार्यालय चिया तथा पुर्नताजकी | १,१०,०००.०० |
| स्टेशनरी खर्च | २,८०,०००.०० |
| इन्टरनेट शुल्क खर्च | ५,००,०००.०० |
| इन्धन खर्च | १,००,०००.०० |
| यातायात खर्च | १,५०,०००.०० |
| छपाई तथा स्टेशनरी खर्च | ५,००,०००.०० |
| नविकरण शुल्क खर्च | १,५०,०००.०० |
| घरभाडा खर्च | १८,००,०००.०० |
| पानी तथा बिजुली खर्च | ३,२०,०००.०० |
| मालपोत शुल्क खर्च | २०,०००.०० |
| तालिम तथा शिक्षा खर्च | ६,००,०००.०० |
| कार्यालय सजावट तथा सुधार खर्च | ५,००,०००.०० |
| अतिथि सत्कार खर्च | ३०,०००.०० |
| स्थानीय तहको कर तथा दर्ता | ६०,०००.०० |
| बीमा खर्च | ३,००,०००.०० |
| परामर्श खर्च | ३,००,०००.०० |
| ल्यान उपकरण स्थानको भाडा | ६०,०००.०० |
| सुरक्षा खर्च | १,००,०००.०० |
| कार्यक्रम सहभागिता शुल्क | १,५०,०००.०० |
| सामुदायिक विकास खर्च | २०,००,०००.०० |
| चिठि पत्र रजिष्टर खर्च | २०,०००.०० |

| सञ्चालन खर्चका शीर्षकहरू | आ.व. २०८३/०८४ |
|---|---|
| *टिसर्ट तथा ब्याग छपाई खर्च* | *६,००,०००.००* |
| *पानी तथा सरसफाई खर्च* | *३०,०००.००* |
| *मर्मत सम्भार खर्च* | *१०,००,०००.००* |
| *ऋण असुली सूचना प्रकाशन खर्च* | *१२,००,०००.००* |
| *वार्षिक शुल्क-ट्याब बैंकिङ्ग खर्च* | *८०,०००.००* |
| *वार्षिक शुल्क-मोबाईल बैंकिङ्ग सदस्य सीमा खर्च* | *३,००,०००.००* |
| *ऋण ताकेता खर्च* | *३,००,०००.००* |
| *लेखापरीक्षण शुल्क खर्च* | *६,००,०००.००* |
| *स्थिर सम्पत्ति बिक्री घाटा* | *१२,००,०००.००* |
| *सदस्य सन्तुष्टि सर्वेक्षण खर्च* | *२,००,०००.००* |
| *ऋण असुली कानुनी खर्च* | *३,००,०००.००* |
| *भु सेवा सञ्चालन खर्च* | *५,०००.००* |
| *दाखिल खारेज खर्च* | *६०,००,०००.००* |
| *लघुवित्त समूह प्रोत्साहन तथा प्रवर्द्धन खर्च* | *२५,००,०००.००* |
| *विविध खर्च* | *५०,०००.००* |
| **सदस्य सेवा तथा कार्यक्रम खर्च** | **१,५२,१३,९११.००** |
| *कार्यक्रम खर्च* | *६,००,०००.००* |
| ***वार्षिक साधारण सभा खर्च*** | **१,२२,०६,९११.००** |
| *सदस्य उपस्थित खर्च* | *९४,११,८४०.००* |
| *यातायात खर्च* | *१,३०,०००.००* |
| *कार्यालय खाजा खाना खर्च* | *३,१०,५६६.००* |
| *छपाई तथा स्टेशनरी खर्च* | *४,१४,३०५.००* |
| *इन्धन खर्च* | *१,००,०००.००* |
| *ज्याला खर्च* | *६०,०००.००* |
| *भाडा खर्च* | *१,२०,०००.००* |
| *सम्मान तथा पुरस्कार खर्च* | *१,००,२००.००* |
| *प्रचार तथा विज्ञापन खर्च* | *६०,०००.००* |
| *बाल प्रोत्साहन खर्च* | *१५,००,०००.००* |
| *छात्रवृत्ति खर्च* | *२,५०,०००.००* |
| *सदस्यता विस्तारित मञ्च कार्यक्रम खर्च* | *१,५०,०००.००* |
| *अभिमुखिकरण कार्यक्रम खर्च* | *३,००,०००.००* |
| *बैठक भत्ता खर्च* | *९,०९,०००.००* |
| *सञ्चालक सञ्चार खर्च* | *१,०८,०००.००* |
| *उपसमिति बैठक चिया तथा खाना खर्च* | *६०,०००.००* |
| *सञ्चालक बैठक खाना खर्च* | *३०,०००.००* |
| *सञ्चालक भ्रमण भत्ता खर्च* | *६,००,०००.००* |
| **ऋण सुरक्षण खर्च** | **३,५०,००,०००.००** |
| **जम्मा** | **२०,९६,८६,६७९.२५** |

## स्थिर सम्पत्तिको अनुमान (पुँजीगत खर्च)

| क्र.स. | विवरण | जम्मा रू. |
|---|---|---|
| १. | मनिटर | १,५०,०००.०० |
| २. | ल्यापटप कम्प्युटर | ५,००,०००.०० |
| ३. | कम्प्युटर | ८,००,०००.०० |
| ४. | वायरलेस ल्यान विस्तार | ५,००,०००.०० |
| ५. | प्रिन्टर (तमसुक प्रिन्ट गर्न) | ४,५०,०००.०० |
| ६. | सिसिक्यामेरा सेट | ५०,०००.०० |
| ७. | सफ्टवेयर (एचआर र बजेट) | ५,००,०००.०० |
| ८. | ब्याट्री तथा इन्भर्टर र सोलार | ४,००,०००.०० |
| ९. | फर्निचर तथा फिक्चर्स | ५,००,०००.०० |
| १०. | रिभल्भिङ चियर | २,००,०००.०० |
| ११. | ट्याबलेट | ३५,०००.०० |
| १२. | स्मार्ट बोर्ड | २,५०,०००.०० |
| १३. | फाएरवाल, राउटर र स्वीच | १०,००,०००.०० |
| | **जम्मा** | **५३,३५,०००.००** |

स) **आय व्यय तथा वासलातको प्रक्षपणः** बुँदा नं. (क) देखि (श) सम्मको वार्षिक कार्ययोजना अनुसार देहाय बमोजिमको आयव्यय तथा वासलात प्रक्षेपण गरिएको छ ।

### प्रक्षेपित आयव्ययको संक्षिप्त विवरण आ.व. २०८३/०८४

| विवरण | रकम |
|---|---|
| ब्याज आम्दानी | २२,०१,१५,४१८.४३ |
| बचतमा ब्याज खर्च | ७,२८,५१,४३७.३५ |
| **खुद ब्याज आम्दानी** | **१४,७२,६३,९८१.०९** |
| बैंक ब्याज आम्दानी | २३,०२,५८०.५९ |
| गैर सञ्चालन आम्दानी | ३८,३३,८३०.०० |
| **कुल सञ्चालन आम्दानी** | **१५,३४,००,३९१.६७** |
| कर्मचारी खर्च | ५,३०,२४,३८६.२० |
| प्रशासनिक खर्च | १,६९,७५,०००.०० |
| ह्रासकट्टी र परिसोधन खर्च | ३०,००,०००.०० |
| सदस्य सेवा तथा कार्यक्रम खर्च | १,५२,१३,९११.०० |
| अन्य सञ्चालन खर्च | १,११,२१,९४४.७० |
| ऋण नोक्सानी कोष व्यवस्था | ३,५०,००,०००.०० |
| **कूल सञ्चालन खर्च** | **१३,४३,३५,२४१.९०** |
| कर अधिको नाफा | १,९०,६५,१४९.७७ |
| कर | - |
| **खुद मुनाफा** | **१,९०,६५,१४९.७७** |

## प्रक्षेपित वित्तीय अवस्थाको विवरण (वासलात २०८३/०८४)

| क्र.स. | पुँजी तथा दायित्व | आ.व. २०८३/०८४ (अनुमानित) |
|---|---|---|
| १. | शेयर पुँजी | १६,९१,३२,५००.०० |
| २. | जगेडा तथा अन्य कोष | २४,८१,७८,३८२.८४ |
| ३. | बचतहरू | १,९५,७८,४९,४११.८१ |
| ४. | ऋण नोक्सानी व्यवस्था | १४,०१,६३,८८१.०० |
| ५. | अन्य दायित्व | १०,४९,२५,६०५.६५ |
| ६. | बाह्य ऋण | - |
| जम्मा | | २,६२,०२,४९,७८१.३० |

| क्र.स. | सम्पत्ति | आ.व.२०८३/०८४ (अनुमानित) |
|---|---|---|
| १. | स्थिर सम्पत्ति | ५,०८,८७,९२५.१२ |
| २. | वित्तीय लगानी | ३,४६,९२,२०९.३३ |
| ३. | नगद तथा बैंक मौज्दात | ३२,२९,६१,९५४.७३ |
| ४. | लगानीमा रहेको ऋण | २,१५,९७,७०,२५०.६६ |
| ५. | धरौटि तथा अन्य चालु सम्पत्ति | ५,०५,११,१०९.२७ |
| ६. | मसलन्द मौज्दात | १४,२६,३३२.१८ |
| जम्मा | | २,६२,०२,४९,७८१.३० |

हालसम्म संस्थाले प्राप्त गरेका उपलब्धीहरू आफैमा गौरवको विषय भएता पनि, प्राप्त उपलब्धीहरूको रक्षा गर्दै आगामी दिनहरूमा थप उपलब्धी हासिल गर्नको निमित्त संस्थाले देहाय अनुसारका दीर्घकालिन लक्ष्यहरू निर्धारण गरेको छ ।

१. गुणस्तर सुनिश्चितता कार्यक्रममा सहभागिता तथा निरन्तरता दिने ।
२. सुशासनमा आधारित दिगो सहकारीका साथ समृद्ध सदस्य निर्माण गर्ने ।
३. कार्यक्षेत्र भित्र रहेका सहकारीहरूवीच एकीकरण गरी सम्पूर्ण वित्तीय समाधान गर्ने बृहत सहकारी संस्था निर्माण गर्ने ।
४. सेवाक्षेत्रको विस्तार गरी ठूलो जनसंख्याका बीचमा सहकारीलाई स्थापित गर्ने ।
५. आर्थिक सामाजिक रूपले कष्टकर जीवनयापन गरिरहेका समुदायका बीचमा सहकारी अभियानलाई स्थापित गर्न सरल र सहज प्रकारका नीति तथा कार्यक्रम तय गर्ने ।
६. बचत तथा ऋणका साथसाथै सदस्यहरूलाई वित्तीय परामर्श तथा वित्तीय योजना निर्माणको लागि प्रोत्साहित गर्ने ।
७. बेरोजगार युवाहरूलाई व्यवसायिक बनाउन आवश्यक व्यवसायिक योजना तथा तालिमहरू आयोजना गर्दै सुरक्षित लगानीका सम्भावनाहरूको खोजी गर्ने ।
८. प्रतिस्पर्धात्मक र स्तरीय सेवा प्रदान गर्न आवश्यक पर्ने नयाँ विधि तथा प्रविधिको खोजी र प्रयोग गर्ने ।
९. स्थानीय पालिकाहरूसँगको सहकार्यमा पालिकाबाट सिफारिस भएको कुनै १ सहकारी संस्था सञ्चालन तथा सवलीकरणमा प्राविधिक सहजीकरण गर्ने । साथै पालिका स्तरीय तालिम तथा गोष्ठिहरूमा सहभागी तथा प्राविधिक सहयोग गर्ने ।

१०. व्यवसाय विकास कक्ष मार्फत सुरक्षित ऋण लगानी तथा प्रभावकारी असुलीको लागि उद्यमीदेखि उद्योगीसम्म कार्यक्रम गर्ने ।

**शेयर सदस्यज्यूहरू,**

यस सम्मानित साधारण सभा समक्ष निम्न प्रस्तावहरू निर्णयार्थ प्रस्तुत गर्दछु:

- आ.व. २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन तथा गतिविधिहरू सम्बन्धमा ।
- आगामी आ.व. २०८३/८४ को वार्षिक कार्ययोजना तथा बजेट सम्बन्धमा ।
- आ.व. २०८२/८३ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
- आ.व. २०८२/८३ को बाह्य लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
- नियमनकारी निकायको निर्देशनको जानकारी सम्बन्धमा ।
- आगामी आ.व. को लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
- लिलामबाट संस्थाको नाममा सम्पत्ति सकार तथा नाममा कायम भएको घर जग्गा बिक्री गर्ने सम्बन्धमा ।
- ऋण विश्लेषण प्रतिवेदन सम्बन्धमा ।
- संस्थागत प्रतिनिधिहरूको जानकारी सम्बन्धमा ।
- एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने सम्बन्धमा ।
- बाह्य दायित्व स्वीकार तथा सदस्यहरूको दायित्व मिनाहा सम्बन्धमा ।
- घर, जग्गा तथा सवारी साधन खरिद र बिक्री गर्ने सम्बन्धमा ।
- विनियम, नीति तथा कार्यविधिहरू संशोधन एवं थप सम्बन्धमा ।
- सञ्चालक समितिका निर्णयहरू अनुमोदन तथा समितिलाई अख्तियार प्रदान सम्बन्धमा ।
- एकाइ साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि छनौट सम्बन्धमा ।
- एकाइ प्रतिनिधिहरूको साधारण सभामा सहभागी हुने प्रतिनिधि छनौट सम्बन्धमा ।
- कार्यसूचीमा थप प्रस्तावहरू सम्बन्धमा ।

**अन्त्यमा,**

अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त, मुल्य, मान्यता, ऐन, कानुन, निर्देशन, राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड, सहकारी रजिष्ट्रारको कार्यालयबाट जारी निर्देशन तथा संस्थाको विनियम र यसले निर्माण गरेका नीति तथा कार्यविधिको परीधिभित्र रही सुशासनमा आधारित उत्कृष्ट साकोस निर्माण गर्दै सदस्यहरूलाई समृद्ध बनाउने कार्यक्रमहरू सञ्चालन गरी सहकारी अभियानलाई निरन्तर अगाडि बढाउन संस्था कटिवद्ध छ । यस महान कार्यलाई सहयोग र प्रोत्साहित गर्नुहुने शेयर सदस्यहरू, विशिष्ट व्यक्तित्वहरू, सरकारी तथा गैर सरकारी निकायहरू, सञ्चालक समिति, लेखासुपरीवेक्षण समिति तथा अन्य उपसमितिहरू तथा कर्मचारीहरू लगायत तपाई सम्पूर्ण शेयर सदस्यहरू सबैलाई धन्यवाद दिन चाहन्छु र आगामी दिनहरूमा पनि सहयोगको अपेक्षा राख्दछु । साथै नेपालीहरूको महान चाड बडा दशैं, नेपाल सम्वत् ११४७, शुभ दीपावली तथा छट पर्वको अवसरमा सबै शेयर सदस्य, बाल बचतकर्ता तथा सम्वद्ध सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद । जय सहकारी ॥ जय जनसचेतन ॥।

# ऋण उपसमितिको प्रतिवेदन



**नारायण प्रसाद दहाल**
संयोजक

इकाइगत सभाका सभाध्यक्षज्यू, संस्थाको निमन्त्रणलाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, मञ्चमा आसिन अतिथिज्यूहरू, पत्रकारज्यूहरू, एवं उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु । साथै नेपालीहरूको महान चाड बडा दशैं, नेपाल सम्वत् ११४७, शुभ दीपावली तथा छट पर्वको अवसरमा सबै शेयर सदस्य, बाल बचतकर्ता तथा सम्वद्ध सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

बचत तथा ऋण सहकारी संस्था नामैले बचत तथा ऋणको काम गर्ने अधिकार पाएका संस्थाहरू हुन् । आम्दानीको प्रमुख श्रोत भनेकै ऋण लगानीबाट प्राप्त हुने ब्याज भएकाले यो संस्थाको मेरूदण्डको रुपमा रहेको हुन्छ । यस संस्थाले स्थानीय स्तरमा छरिएर रहेको स-सानो रकमलाई बचतको माध्यमबाट एकीकृत गरी सो रकमलाई सदस्यहरू माफ ऋणको रूपमा परिचालन गरी सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थामा सुधार गरी उद्यमशील, स्वावलम्बी र आत्मनिर्भर बनाउन निरन्तर रूपमा लागिरहेको व्यहोरा अवगत नै छ । संस्थामा बचतको निरन्तर आगमन भइरहन्छ तर त्यसलाई सही ऋणी पहिचान गरी ऋण लगानी गर्न चुनौतिपूर्ण काम हो । बचत सदस्यहरूको अधिकार हो भने ऋण सदस्यलाई दिइने सुविधा वा सहुलियत मात्र हो । यो सबैले पाउनै पर्छ भन्ने हुँदैन । ऋण लगानी गर्दा त्यसको असुली सुरक्षित तवरले गर्न सकिन्छ कि, सकिदैन ? भन्नेमा विशेष चासो लिई लगानी गर्नुपर्ने हुन्छ । कुनै पनि वित्तीय संस्थाको मेरूदण्ड भनेको पुँजीको संरचना हो, वित्तीय संरचनालाई आधार मानेर पुँजीको श्रोत जुटाई ऋण लगानी र असुलीको सन्तुलन तथा उचित व्यवस्थापनका लागि संस्थाले ऋण लगानी गर्दा ५ सि को अवधारणालाई अंगीकार गरी संस्थागत धितो मुल्यांकन गराई सुरक्षित तवरले ऋण लगानी गर्ने गरिएको छ । संस्थाले सहकारी सिद्वान्तलाई आधार मानेर आफ्ना सदस्यहरूलाई वित्तीय तथा गैह्रवित्तीय सेवा दिँदै आएको छ । हाल संस्थाले आफ्ना सेवाहरूबाट सदस्यहरूको सुरक्षाको लागि **सहकारी ऐन, २०७४ तथा नियमावली, २०७५ संस्थाको बचत तथा ऋण नीति, २०७८ (संसोधन सहित) र बचत संकलन, ऋण लगानी तथा असुली कार्यविधि, २०७८**, (संसोधन सहित) को अधिनमा रही, ऋण माग गर्ने सदस्यको व्यवसाय विस्तारका लागि नवीनतम् उद्यमशीलतामा जोड दिँदै ऋणको उद्देश्य र ऋण मापन गरी स्थलगत निरीक्षणका आधारमा ऋण लगानी गर्दै आइरहेको छ ।

ऋण लिँदा बखतको सम्झौता बमोजिम समय मै ऋण भुक्तानी नगर्ने ऋणीहरूको तथा धितोवालाहरूको ३ पुस्ते विवरण सहित ऋण तिर्न आउने बारेको ३५ दिने सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्दा समेत अटेर गर्ने १७ जना ऋणी सदस्यहरूको ऋण असुलीका लागि कर्जा असुली न्यायाधिकरणमा मुद्धा दर्ता गरी असुली प्रक्रिया अगाडि बढाइएको छ । जुन मध्ये १७ जनाको नै मुद्दा फैसला भइसकेकोले कार्यान्वयनमा जानको लागि सञ्चालक समितिले निर्णय गरी प्रक्रिया अगाडि बढाइएको छ । मुद्दा दर्ता गर्दा लाग्ने कुल माग दावी रकमको ०.२५ प्रतिशत तथा फैसलाको कार्यान्वयन पछि बुझाउनु पर्ने ०.७५ प्रतिशत रकम समेत ऋण स्वयंको हुने भएकाले सबै ऋणहरूमा ऋण लिँदा बखतको सम्झौता बमोजिम समय मै ऋण भुक्तानी गर्नुहुन हार्दिक अनुरोध समेत गर्दछौं ।

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

अब, म संस्थाको ऋण लगानी तथा असुली सम्बन्धमा विद्यमान नीतिगत व्यवस्था, ऋणको सीमा, जोखिम कोषको व्यवस्था, हामीले गरेका नविनतम् प्रयास लगायतका व्यवस्था प्रस्तुत गर्न चाहन्छु ।

१. **नीतिगत व्यवस्थाः** संस्थाले आफ्ना सेवाहरूबाट सदस्यहरूको सुरक्षाको लागि, **मौजुदा विनियम, बचत तथा ऋण नीति, २०७८ र बचत संकलन, ऋण लगानी तथा असुली कार्यविधि, २०७८, सहकारी विभागको निर्देशन तथा मापदण्ड**को अधिनमा रही ऋण माग गर्ने सदस्यको व्यवसायको विस्तारका लागि नवीनतम् उद्यमशीलतामा जोड दिंदै ऋणको उद्देश्य र ऋण मापन गरी संस्थामा भएको तरलता र सदस्यहरूले माग गरेको रकम र स्थलगत निरीक्षणका आधारमा ऋण लगानी गर्दै आएका छौं । सदस्यहरूलाई व्यावसायिक बनाउनको लागि सीपमूलक तालिमको व्यवस्था गरिएको छ, यस क्रमलाई वार्षिक कार्यक्रम अनुसार निरन्तरता दिइएको छ । ऋणका उद्देश्यहरूलाई विविधिकरण गरिएको छ, विभिन्न व्यवसाय गर्ने व्यवसायी तथा उद्यमी सदस्यको पहिचान गरी उक्त सदस्यहरूलाई ब्याजदरमा परिमार्जन नहुने गरी निश्चीत ७ प्रतिशत कायम रहनेगरी ब्याजदर कायम गरिएको छ, कृषि व्यवसाय गर्ने कृषक सदस्यलाई तथा उद्योग सञ्चालन गरी अन्य व्यक्तिहरूलाई रोजगार दिएर व्यवसाय गर्ने उद्योगीहरूलाई दिंदै आएको ऋणको ब्याजदरमा ०.५ प्रतिशत थप सहुलियत उपलब्ध गराई त्यसलाई निरन्तरता दिंदै आएका छौं ।

२. **उत्पादनमूलक क्षेत्रमा ऋण सेवा वृद्धिको योजनाः** संस्थाले विगत वर्षहरूमा अपनाएको विधिलाई यस वर्षदेखि पूर्णरूपमा लागु हुने गरी "**ऋण मार्फत उद्यमशीलता, उद्यमशीलता मार्फत स्वरोजगारी र स्वरोजगारी मार्फत आत्मनिर्भरता**" लाई आत्मसाथ गरिएको छ । सदस्यहरूको आर्थिकस्तर, उद्यमशील क्षमता, कामप्रतिको रूची र अनुभव, वित्तीय बुझाई र अनुशासन जस्ता कुराहरूको आधारमा हुँदा खाने वर्गका सदस्यहरूलाई हुने खाने र हुने खाने वर्गका सदस्यहरूलाई समृद्ध बनाउने गरी ऋण सेवाहरूको विकास गर्दै वास्तविक पुँजीको अभावमा उद्यमशील बन्नबाट रोकिएका सदस्यहरूको उत्थानका लागि ऋण सेवाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

३. **ऋणको सीमाः** संस्थाको **बचत तथा ऋण नीति, २०७८** को अधिनमा रही संस्थामा भएको तरलता र वित्तीय बजारमा भएको उतार चढावलाई अध्ययन गर्दा ऋण लगानीको सीमालाई अधिकतम रू. २,५०,००,०००|– कायम गरिएको छ, भने ऋण लगानी प्रक्रियालाई सरल, सहज, छिटो र प्रभाकारी बनाउन देहाय बमोजिम ऋण सिफारिस र स्वीकृति सीमा कायम गरिएको छ ।

| क्र.स. | ऋण रकम | स्वीकृत गर्ने निकाय | ऋण स्वीकृत हुन लाग्ने समय |
|---|---|---|---|
| १. | ३ लाखसम्म | सेवाकेन्द्र स्तरमा व्यवस्थापन | कागजातहरू पुरा भएको मितिले बढीमा ५ दिन भित्र लगानी गर्ने गरिएको छ । |
| २. | ५ लाखसम्म | व्यवस्थापन | कागजातहरू पुरा भएको मितिले बढीमा ७ दिन भित्र लगानी गर्ने गरिएको छ । |
| ३. | ५ लाख १ देखि ५० लाखसम्म | ऋण उपसमिति | कागजात लगायत प्रक्रियाहरू पुरा भएको मितिले बढीमा १५ दिन भित्र वित्तीय सक्षमताको आधारमा लगानी गर्ने गरिएको छ । |
| ४. | ५० लाखदेखि माथि | सञ्चालक समिति | कागजात लगायत प्रक्रियाहरू पुरा भएको मितिले बढीमा ३० दिन भित्र वित्तीय सक्षमताको आधारमा लगानी गर्ने गरिएको छ । |

४. **आ.व. २०८२/०८३ को कार्य सम्पादनः** गत आ.व. २०८२/०८३ मा आन्तरिक ऋण व्यवस्थापन समितिको बैठक ६१९ पटक, ऋण उपसमितिको बैठक ५१ पटक, सञ्चालक समितिको बैठक १२ पटक बसी ऋण लगानीका लागि स्वीकृति तथा सिफारिस गरिएको छ । विश्लेषणको आधारमा सिफारिस भएका ऋणहरू स्वीकृति भए पश्चात लगानी गरिएको छ । ऋण लगानी प्रक्रियालाई सहज र छिटो छरितो बनाउने उद्देश्यले सेवाकेन्द्र व्यवस्थापन उपसमिति र ऋण उपसमितिको बैठक आवश्यकता अनुरूप बस्ने व्यवस्था मिलाइएको छ ।

५. **उत्पादनमूलक क्षेत्रमा लगानी गरिएको ऋण रकमः**

| क्र.सं. | ऋण शीर्षक | ऋण रकम | क्षेत्र/प्रतिशत |
|---|---|---|---|
| १. | व्यापार व्यवसाय ऋण | ४६,३२,९४,२३६.६९ | |
| ४. | वैदेशिक रोजगार ऋण | ५,६२,३२,२३९.५७ | |
| ६. | शैक्षिक ऋण | ४१,१९,१९३.०० | |
| ७. | समूह ऋण | ८,६१,०१,१४२.८४ | |
| ८. | विशेष व्यवसाय ऋण | ४,१२,९५,८००.०० | |
| ९. | उच्च शिक्षा ऋण | ८,८८,०९,७७९.३३ | उत्पादनमूलक क्षेत्र ५३.८८ प्रतिशत |
| १०. | कृषि ऋण | ६,५७,५२,९१०.२५ | |
| ११. | पशुपालन ऋण | १,८५,०५,५५४.६३ | |
| १२. | औद्योगिक ऋण | ४,८४,७७,८१०.०० | |
| १३. | उद्यमी ऋण | २,१०,००,०००.०० | |
| **जम्मा** | | **८९,३५,८८,६६६.३१** | |

६. **अनुत्पादक क्षेत्रमा लगानी गरिएको ऋण रकमः**

| क्र.सं | ऋण शीर्षक | ऋण रकम | क्षेत्र/प्रतिशत |
|---|---|---|---|
| १. | सामाजिक ऋण | ३,६६,०६४.०० | |
| २. | उपकरण खरिद ऋण | ६८,८०९.०० | |
| ३. | घर निर्माण ऋण | ३२,२३,९८,५९४.८२ | |
| ४. | जग्गा खरिद ऋण | २४,३६,६७,४२०.४९ | |
| ५. | हायर पर्चेज ऋण | २,४६,०७,१२४.९१ | |
| ६. | आवधिक बचत धितो ऋण | २,०३,१३,३८७.०० | अनुत्पादक क्षेत्र ४४.१८ प्रतिशत |
| ७. | शेयर खरिद ऋण | १,८६,२७८.०० | |
| ८. | मासिक बचत धितो ऋण | १३,६८,४३५.९३ | |
| ९. | व्यत्तिगत सवारी साधन खरिद ऋण | ५४,७१,७९३.९४ | |
| १०. | व्यक्तिगत ऋण | ८७,०४,४८०.०० | |
| ११. | बचत धितो ऋण | १०,५५,९१,६७२.०६ | |
| **जम्मा** | | **७३,२७,४४,०६०.१५** | |

**७. कर्मचारीहरूलाई लगानी गरिएको ऋण रकमः**

| क्र.सं | ऋण शीर्षक | ऋण रकम | क्षेत्र/प्रतिशत |
|---|---|---|---|
| १. | कर्मचारी हायर पर्चेज ऋण | ९५,०३२.०० | १.९५ प्रतिशत |
| २. | कर्मचारी सहुलियत ऋण | ३,२१,६९,१७३.७६ | |
| जम्मा | | ३,२२,६४,२०५.७६ | |

आ.व. २०८२/८३ को अन्त्यसम्ममा २८८६ जना (महिला १४७६, पुरूष १४१०) सदस्यहरूलाई जम्मा रू. १,६५,८५,९६,९३२.२२ (अक्षरेपी एक अर्ब पैसठ्ठी करोड पचासी लाख छयानब्बे हजार नौ रूपैयाँ बत्तिस रूपैयाँ बाइस पैसा मात्र) ऋण लगानीमा रहेको ऋण रहेको छ । औषत ऋण रकम ५,७४,७०४.४१ (पाँच लाख चौरहत्तर हजार सात सय चार रूपैयाँ एकालिस पैसा) प्रतिव्यक्ति रहेको छ ।

८. **ब्याजदर परिमार्जनः** बजार विश्लेषणको आधारमा सञ्चालक समितिबाट ऋणको ब्याजदर समय सापेक्ष रूपमा समायोजन गर्ने गरिएको छ ।

९. **ऋण असुली कार्यलाई प्रभावकारी बनाउन गरिएका प्रयासहरूः**

क. **ब्याज छुट तथा सहुतियत प्रदानः** विश्वव्यापी आर्थिक मन्दीका कारणले सदस्यहरूको आय आर्जन र रोजगारीमा परेको प्रभावलाई मध्यनजर गर्दै ऋण भुक्तानी अवधि थपका साथै ब्याज रकममा नियमित अवस्था भन्दा थप छुट तथा सहुलियत प्रदान गरिएको छ ।

ख. **पूर्व सूचना तथा नियमित सम्पर्कः** किस्ता सुरू हुनु ३ दिन अगावै SMS बाट जानकारी गराउने साथै किस्ता सुरू हुनु १ दिन अगाबै सदस्यलाई टेलिफोन मार्फत नियमित जानकारी गराउने व्यवस्था गरिएको छ । साथै कर्मचारीहरू र सञ्चालक समितिबाट भाखा नाघेका ऋणी सदस्यहरूलाई निरन्तर भेटघाट र परामर्श गर्ने गरिएको ।

ग. **असल ऋणी सम्मान तथा प्रोत्साहनः** ऋणको साँवा र ब्याज नियमित बुझाउने सदस्यहरू मध्येबाट उत्कृष्ट ऋणी छनौट गरी संस्थाको वार्षिक साधारण सभा तथा स्थापना दिवसको अवसरमा असल ऋणी सदस्यलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने गरिएको ।

घ. **ऋण लगानीको नियमित अनुगमनः** ऋण लगानीका लागि प्राप्त फाइलहरूलाई नियमित रूपमा ऋण उपसमितिबाट निरीक्षण गर्ने गरिएको छ भने आवश्यकता अनुसारको ऋण उपसमितिको बैठक बसी ऋण लगानीलाई सहज र व्यवस्थित गरिएको छ ।

ङ. **उत्पादनमुलक क्षेत्रमा लगानी प्राथमिकताः** यस आर्थिक वर्ष २०८२/०८३ मा समग्र लगानी मध्येबाट अनुत्पादक ऋण लगानी भन्दा उत्पादक तथा आयमुलक क्षेत्रमा ऋण लगानीमा जोड दिइएको छ ।

च. **नीति तथा कार्यविधि सम्बन्धी परिमार्जनः** ऋण लगानी कार्यलाई समयानुकूल व्यवस्थित र वैज्ञानिक बनाउनका लागि बचत तथा ऋण नीति, तथा कार्यविधिलाई समय समयमा परिवर्तन गर्ने गरिएको छ ।

छ. **सार्वजानिक सूचना प्रकाशनः** लामो समयसम्म भाखा नघाउने ऋणी सदस्यहरूलाई पटक पटक तर-ताकेता गर्दा पनि कारोवारलाई नियमित गराउन वेवास्ता गर्ने ऋणी सदस्यहरूको नामावली ऋण तिर्न आउने बारेको ३५ दिने सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्ने गरिएको ।

ञ. **कर्जा असुली न्यायाधिकरणमा मुद्धा दर्ताः** ऋण तिर्न आउने बारेको ३५ दिने सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्दा समेत अटेर गर्ने १७ जना सदस्यहरूको ऋण असुलीका लागि कर्जा असुली न्यायाधिकरणमा मुद्धा दर्ता गरी असुली प्रक्रिया अगाडि बढाइएको ।

झ. **धितो लिलामी प्रक्रियाः** ऋण तिर्न आउने बारेको ३५ दिने सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्दा समेत अटेर गर्ने सदस्यहरूको ऋण असुलीका लागि धितो लिलामीको अभ्यास समेत अवलम्बन गरिएको ।

ञ. **कानुनी उपचारको अबलम्बनः** धितो लिलामीबाट संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा थप रकम असुलीको लागि कानुनी प्रक्रियालाई अवलम्बन गर्दै मुद्धा मार्फत असुली प्रक्रिया अगाडि बढाइएको ।

ट. **वित्तीय साक्ष्रता तथा सचेतना अभिवृद्धिः** सदस्यता विस्तारित मञ्च तथा वित्तीय साक्षरता कक्षाहरूको माध्यमबाट समेत ऋणको माग, सदुपयोगिता, भुक्तानी विधि र समयमै भुक्तानी नगर्दा हुने हानी नोक्सानीको बारेमा जानकारी गराउने गरिएको ।

१०. **ऋण असुली कार्यलाई प्रभावकारी बनाउन आगामी आ.व. मा गरिने प्रयासहरूः**

क. सदस्यहरूको नियमित आय स्रोतका आधारमा दैनिक, मासिक र त्रैमासिक किस्ता प्रणालीको व्यवस्था गरिनेछ ।

ख. नियमित किस्ता, ब्याज नबुझाउने र लिएको ऋणको दुरूपयोग गर्ने सदस्यहरूलाई उच्च हर्जानाको दर कायम गरिनेछ र ऋण असुलीमा तरताकेता गरिनेछ ।

ग. मिति २०८३ असार मसान्तसम्म किस्ता, ब्याज नबुझाएका र संस्थाको सम्पर्कमा नआई ऋण तिर्न, बुझाउन आलटाल गर्ने सदस्यहरूको यसै वर्षभित्र संस्थालाई लेखी लेखाई दिएको र संस्थाको नाममा रोक्का रहेको अचल सम्पत्ति लिलाम बिक्री गरी असुल गर्न सञ्चालक समितिलाई अनुरोध गरिनेछ ।

**अन्तमा,**

यस संस्थाको वृद्धि र विकासमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयर सदस्यज्यूहरू, सञ्चालक समिति, उपसमितिहरू, सल्लाहकारहरू, धितो मुल्यांकनकर्ता र लगानी तथा असुली कार्यमा अहोरात्र खटिने सम्पूर्ण व्यवस्थापनका साथीहरू लगायत सम्पूर्ण शुभचिन्तकहरूमा हार्दिक आभार तथा सहकारी अभिवादन सहित धन्यवाद व्यक्त गर्न चाहन्छौं । आगामी दिनहरूमा थप सहयोगको अपेक्षा गरेका छौं ।

जय सहकारी, जय जनसचेतन ।

संयोजकः नारायण प्रसाद दहाल

सदस्यः गणेश शिवाकोटी

सदस्यः धनमाया दहाल लामिछाने

# ३३औं वार्षिक साधारण सभामा प्रस्तुत लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन



**प्रशान्त चौलागाई**
संयोजक

३३औं वार्षिक साधारण सभाका एकाइगत सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, मञ्चमा आसिन अतिथिगण, विभिन्न संघ संस्थाहरूबाट प्रतिनिधित्व गर्नुहुने अतिथि वर्ग, सञ्चालक समिति तथा उपसमितिका पदाधिकारी एवं सदस्यज्यूहरू, प्रमुख कार्यकारी अधिकृतज्यू एवं कर्मचारीहरू र संस्थामा भए गरेका वार्षिक कार्यक्रमहरूको बारेमा बुझेर संस्थालाई आफ्नो लक्ष्यमा पुऱ्याउन रणनीतिक व्यवसायिक योजनाहरू तय गर्नको लागि र आफ्नो अमुल्य सुझाव दिन उपस्थित हुनु भएका सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा लेखा सुपरीवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत तथा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु । संस्थाको ३३औं वार्षिक साधारण सभामा आ.व. २०८२/०८३ मा लेखा सुपरीवेक्षण समितिको ५ वटा बैठक बसी संस्थामा भए गरेका कार्यक्रमहरूको अध्ययन र विश्लेषण गरी नेपालको प्रचलित सहकारी ऐन, नियमावली, मापदण्ड, निर्देशिका, संस्थाको विनियम, नीति, कार्यविधि अनुसार भए/नभएको अवस्थालाई सारांशमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक गतिविधिहरूमा सर्वत्र मन्दी छाएका कारण उद्योग व्यवसाय, आयात निर्यात, सरकारी राजस्व, बैंक तथा वित्तीय संस्थाहरूको व्यवसाय, कर्जा असुली र आम्दानीमा समेत ठूलो चुनौतीको अवस्था देखा परेको कुरा यहाँहरूमा अवगत नै छ । देशको अर्थतन्त्रलाई सही अवस्थामा ल्याउन सरकार तथा अन्य नियामक निकायहरूले प्रयास गरेको भएपनि पर्याप्त मात्रामा हुन सकिरहेको छैन । देशको अर्थतन्त्र असाधारण, प्रतिकुल एवं चुनौतीपूर्ण अवस्थामा रहेको समयमा यसको प्रत्यक्ष असर सहकारी क्षेत्रमा समेत पर्न गएको छ । अर्थतन्त्रमा देखिएको यो विषम परिस्थितिमा व्यवसाय विस्तार, कर्जाको साँवा तथा ब्याज असुलीमा देखिएको समस्या एवं मुनाफा आर्जनमा प्रभाव परेता पनि संस्थाले अवलम्बन गरेको असुली प्रक्रिया, जोखिम व्यवस्थापनको प्रभावकारी नीति, बलियो संस्थागत पुँजी, सञ्चालन खर्चमा गरिएको मितव्ययी एवं दक्ष जनशक्तिको कारण आज वित्तीय तथा सुशासनका हिसाबले संस्था स्थीर रूपमा सञ्चालनमा रहेको छ ।

आ.व. २०८२/०८३ आर्थिक रूपमा सम्पूर्ण सहकारी संस्थाहरूको लागि चुनौतीपूर्ण नै रह्यो । तथापि जनसचेतन बचत तथा ऋण सहकारी संस्थाले विषम् परिस्थितिको बाबजुद पनि आफ्ना सदस्यहरूलाई नियमित रूपमा ऋण लगानी गर्दै बचत फिर्ता दिनका लागि पर्याप्त मात्रामा तरलताको व्यवस्थापन गर्दै अघि बढी नै रह्यो । फलस्वरूप शेयर सदस्यहरूको विश्वसनीयता कायम राख्न संस्था सफल भएको छ । संस्थाले शेयर सदस्यहरूसँग यस वर्ष व्यापक रूपमा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरी सदस्य र संस्थाको सम्बन्ध सुमधुर बनाउन सफल रहेको अनुगमनका क्रममा पायौं । यो अत्यन्तै सराहनीय कार्य रह्यो ।

जनसचेतन सदैव सुशासन प्रति सचेत छ र संस्थाको हरेक गतिविधिमा सुशासनलाई प्रवर्द्धन गर्न प्रतिवद्ध छ । संस्थामा संस्थागत सुशासनको पाटोलाई बलियो बनाई संस्थाका हरहिसाब तथा गतिविधिहरूलाई चुस्त दुरूस्त र पारदर्शी राख्नका लागि संस्थाको लेखा सुपरीवेक्षण समितिले सदैब संस्थाको गतिविधिलाई सघन रूपमा अनुगमन

गरी तत्कालै सुधारका लागि सुझाव दिनुका साथै त्रैमासिक प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने गरिएको कुरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु । लेखा सुपरीवेक्षण समितिले दिएका सुझावहरूलाई सञ्चालक समितिले गहन रूपमा छलफल गरी कार्यान्वयन गर्दै गरेको र दीर्घकालिन रूपमा कार्यान्वयन गर्नुपर्ने केही सुझावहरूलाई योजना बनाई कार्यान्वयन गर्दै जाने समितिको प्रतिवद्धता समेत हामीले पाएका छौं । यस संस्था बागमती प्रदेश सहकारी ऐन २०७६ र नियमावली २०७६ मा भएको व्यवस्था तथा विभागबाट जारी निर्देशनलाई आत्मसात गरी सञ्चालनमा रहेको छ । सहकारी अभियानलाई सुदृढ गर्दै संस्थाका हरेक गतिविधि नीति कार्यविधिको अधिनमा रही सञ्चालन भइरहेको जानकारी यस सभासमक्ष गर्न पाउँदा म अत्यन्तै हर्षित एवं गौरवान्वित भएको छु ।

अब, म यस सम्मानित ३३औं वार्षिक साधारण सभा समक्ष आ.व. २०८२/०८३ मा यस समितिले सुपरीवेक्षणका क्रममा देखिएका विषयहरूको प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

१. **साधारण सभाको निर्णयको कार्यान्वयन अवस्था:** जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. को ३२औं साधारण सभाका अधिकांश निर्णयहरू कार्यान्वयन भएको पाइयो ।

२. **प्रतिवेदन अवधिमा बसेको बैठक संख्या निर्णयहरू र कार्यान्वयनको अवस्था:** आ.व. २०८२/०८३ श्रावणदेखि असार महिनाभित्र यस संस्थाको विभिन्न समिति, उपसमितिका बैठक तपसिल बमोजिम बसेको पाइयो ।

| क्र.सं | समिति तथा उपसमितिहरू | बैठक संख्या | सेवा सुविधा |
|---|---|---|---|
| १. | सञ्चालक समिति | १२ | १,५४,०००.०० |
| २. | सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापन उपसमिति (१७ वटा कार्यालयहरूको) | १८ | ५०,०००.०० |
| ३. | ऋण उपसमिति | ५१ | १,२६,०००.०० |
| ४. | आन्तरिक ऋण व्यवस्थापन उपसमिति (कर्मचारीहरूको) ३ वटा कार्यालयहरूमा | ६१९ | ० |
| ५. | मानव संसाधन व्यवस्थापन उपसमिति | १ | २,०००.०० |
| ६. | मानव संसाधन व्यवस्थापन कार्यदल (कर्मचारीहरूको) | ० | ० |
| ७. | शिक्षा उपसमिति | ० | ० |
| ८. | खरिद उपसमिति | ५ | २४,०००.०० |
| ९. | सूचना तथा सञ्चार उपसमिति | ० | ० |
| १०. | व्यवसाय प्रवर्द्धन उपसमिति | ० | ० |
| ११. | महिला विकास उपसमिति | २ | ७,०००.०० |
| १२. | धितो लिलाम उपसमिति | ० | ० |
| १३. | जोखिम मुल्यांकन उपसमिति | १ | १,०००.०० |
| १४. | कर्मचारीहरूको बैठक (सेवाकेन्द्र प्रमुख सहितको) | ६ | ० |
| १५. | सवारी साधन लिलाम उपसमिति | ० | ० |
| १६. | ऋण सदुपयोगिता अनुगमन उपसमिति | ० | ० |
| १७. | सल्लाहकार समिति | १ | १२,०००.०० |
| १८. | लेखा सुपरीवेक्षण समिति | ५ | १६,०००.०० |
| १९. | निर्वाचन उपसमिति | ० | ० |
| | **जम्मा** | **७१५** | **३,९२,०००.००** |

३. **शेयर पुँजीको संरचना तथा परिचालनको अवस्थाः** शेयर पुँजी कुनै पनि संस्था सञ्चालनको बलियो र दिगो आधार हो । संस्थामा कुल सम्पत्तिको अनुपातमा शेयर पुँजीको रकम पर्याप्त देखिदैन साथै शेयरको रकम सदस्य संख्याको अनुपातमा समान रूपमा वितरण भएको पनि देखिदैन । तसर्थ संस्थामा पर्याप्त शेयर पुँजी कायम गराउन र शेयर एभरेजिङ विधि अपनाई संस्थालाई थप बलियो पुँजी निर्माण गर्न सुझाव गरियो ।

४. **पुँजीकोषको संरचना तथा परिचालनको अवस्थाः** संस्थामा कुल सम्पत्तिको अनुपातमा पुँजीकोषको रकम सन्तोषजनक देखिदैन । संस्था पर्याप्त नाफामा नभएकाले साधारण जगेडा कोष तथा अन्य कोषहरू कमजोर देखिन्छन । ऋण नोक्सानी कोषको व्यवस्था पर्याप्त देखिदैन । संस्थामा आ.व. २०८२/०८३ मा शेयर बोनस वितरण गर्ने अवस्था देखिदैन तथा अन्य कोषहरूबाट खर्च गर्ने अवस्था देखिदैन । जगेडा कोषलाई संस्था सञ्चालनको प्रमुख आधार बनाउनु पर्ने भएकाले शेयर पुँजीलाई दिगो र औषत गराउनका निम्ति कार्ययोजना बनाई कार्यान्यन गराउन सुझाव गरियो ।

५. **दायित्व भुक्तानीको अवस्थाः** संस्थामा दायित्व भुक्तानीको अवस्था नियमित छ । भुक्तानी दिनुपर्ने दायित्व हिसाबमा संस्था सन्चालन बाहिरका र कार्यक्षेत्र बाहिरका हिसाब देखिदैन । संस्थामा आ.व. २०८२/०८३ मा सबै करार तथा सम्झौताहरूको परिपालना भएकोले कुनै कानुनी/करार पालना नगरेकोमा कुनै पनि सम्झौता वापत दायित्व सृजना हुने अवस्था देखिदैन ।

६. **स्थीर सम्पत्तिको अवस्थाः** संस्थामा घर/जग्गा, कार्यालय फर्निचर तथा उपकरण, गैर बैंकिङ्ग तथा अदृश्य गरी विभिन्न शीर्षकमा सम्पत्तिहरू देखिन्छन् । सम्पत्तिहरूको NFRS प्रणालीबाट आजको बजार मुल्य बराबर हुने गरी लेखा राखेको देखिन्छ जसमा निरन्तर प्रयोगमा आउने, कहिलेकाही प्रयोगमा आउने र प्रयोममा नआउने स्थिर सम्पत्ति भनि वर्गीकरण गर्नुपर्ने सुझाव गरियो । साकोस एकीकरण पश्चात प्राप्त गरेको सम्पत्तिहरू प्रयोग नभएकोले बेच्नुपर्ने भनि छुट्याइ आवश्यक निर्णय लिने र अन्य सम्पत्तिहरू के कति र कसरी प्रयोग गरिएको छ ? एकिन गरी, राख्ने वा बेच्नुपर्ने भनि छुट्याइ आवश्यक निर्णय लिन सुझाव गरियो ।

७. **चालु सम्पत्तिको अवस्थाः** संस्थामा लामो समयदेखि विभिन्न शीर्षकहरूमा अग्रिम भुक्तानी तथा पाउनुपर्ने हिसाब भनि राखेको देखियो । यस्ता हिसाबहरूलाई प्राथमिकताका आधारमा असुलउपर वा मिलान गर्नुपर्ने देखिएकाले नियमित हिसाबमा अन्यथा आवश्यक परेका कानुनी बाटोबाट भएपनि समाधान खोज्न सुझाव गरियो ।

८. **ऋण तथा अन्य लगानीहरूको अवस्थाः** संस्थामा ऋण लगानी नियमित भएको देखिन्छ । ऋण लगानी गर्दा क्षेत्राधिकार र मापदण्ड भित्र रहेर नै लगानी गरेको देखिन्छ । सामान्य भन्दा धेरै बढी मात्रामा ऋणहरू भाखा नाघेको देखिएको हुनाले ऋण असुली प्रक्रियालाई प्रभावकारी बनाउन सुझाव गरियो । तरलताका हिसाबले ऋण लगानीको रकम कम देखिन्छ त्यसैले सुरक्षित लगानी बढाउन सुझाव गरियो । सहकारी मापदण्ड बमोजिम सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरूलाई एकै अवधिमा ऋण लगानी गर्न नहुने व्यवस्था रहेको र सो को प्रतिकुल नहुने गरी संस्थाका ४९ प्रतिशत भन्दा बढी सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिहरूले ऋण उपभोग नगरेको पाइयो । अन्य लगानीको हकमा संस्थाले सहकारी तथा गैर सहकारी गरी विभिन्न क्षेत्रमा लगानी गरेको देखिन्छ । लगानीलाई नाफा कमाउने वा नाफा नकमाउने भनि वर्गीकरण गरी नियमित गर्ने वा झिक्ने नीति बनाउन सुझाव गरियो ।

९. **नियामक निकायको निर्देशन पालनाको अवस्थाः** संस्थामा नियमित रूपमा नियामक निकायको निर्देशन पालना गरेको देखिन्छ । ऐन, मापदण्ड तथा निर्देशनहरूको अधिकतम परिपालना भएको देखिन्छ । अधिकार र

कर्तव्यका विषयमा संस्था जानकार देखिन्छ । नियामक निकायमा बुझाउनुपर्ने विवरणहरू नियमित बुझाएको देखिन्छ भने त्यस्ता निकायहरूसँग नियमित सम्वाद र सम्पर्कमा रहेको देखिन्छ ।

१०. **लेखा सुपरीवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्थाः** लेखा सुपरीवेक्षण समितिले प्रतिवेदन मार्फत तथा मौखिक रूपमा दिएका सुझावहरू अविलम्ब पालना हुने गरेको छ । केही निर्णयहरू कार्यान्वयन गर्न गराउन समय लाग्ने भएकोले लेखा सुपरीवेक्षण समितिको सुझावहरूलाई सञ्चालक समितिले कार्ययोजना बनाई कार्यान्वयन गर्ने गरेको पाइयो ।

११. **लेखा सुपरीवेक्षण समितिबाट थप सुझावहरूः**

- संस्थाका केही सेवाकेन्द्र प्रमुखहरूको क्षमता मुल्यांकन गरी आवश्यक परेमा योजना बनाई अभिमुखीकरण गर्न सुझाव गरिन्छ ।
- कर्जा असुली न्यायधिकरण तथा कर्जा सूचना केन्द्रसँग सम्बन्धित कार्यविधि निर्माण गर्न सुझाव गरिन्छ ।
- संस्थामा भविष्यमा काममा नआउने सम्पत्ति वा सामानहरू बिक्री गर्न सुझाव गरिन्छ ।
- संस्थालाई सामाजिक उत्तरदायित्वको परिपालना गर्न सुझाव गरिन्छ ।
- धितो मुल्यांकनको विधिलाई थप व्यवस्थित गर्न सुझाव गरिन्छ ।
- संस्थालाई राष्ट्रिय अन्तर्राष्ट्रिय मन्चहरूमा आफुलाई प्रतिनिधित्व गराउन गर्न सुझाव गरिन्छ ।
- संस्थाको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्तिहरू बिक्री गर्न सुझाव गरिन्छ ।
- नाफा नकमाउने सेवाकेन्द्र बन्द गर्न सुझाव गरिन्छ ।
- संस्थाका सदस्यहरूलाई बहुआयामिक सेवाहरू तथा उत्पादनमा जोड्न कार्यक्रम बनाउन सुझाव गरिन्छ ।
- संस्थाको प्रशासनिक तथा कर्मचारी खर्चहरूमा मितव्ययिता अपनाउन सुझाव गरिन्छ ।
- संस्थाका सदस्यहरूलाई स्थानीय तह, प्रदेश तथा संघ सरकारका कार्यक्रमहरूसँग जोड्न सहजीकरण गर्न सुझाव गरिन्छ ।

**अन्त्यमा,**

नेपालीहरूको महान चाड बडा दशैं, नेपाल सम्वत् ११४७, शुभ दीपावली तथा छट पर्वको अवसरमा सबै शेयर सदस्य, बाल बचतकर्ता तथा सम्वद्ध सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना साथ यहाँहरू माझबाट विदा हुन्छु ।

धन्यवाद । जय सहकारी ।।

| | |
|---|---|
| प्रशान्त चौलागाई | सोम प्रसाद घिमिरे |
| संयोजक | सदस्य |

मिति : २०८३/०५/२१, आइतबार

पर्यवेक्षणको अवधि : आ.व. २०८२/०८३

SHRESTHA SUNIL & ASSOCIATES
Chartered Accountants

# स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन

**सदस्य महानुभावहरू,**

जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वैतेश्वर गाउँपालिका वार्ड नं. ५, काब्रे, दोलखा

**कैफियतहरू सहितको राय,**

हामीले जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेड (यसपछि 'संस्था' भनिएको छ) यसै साथ संलग्न मिति २०८३ आषाढ मसान्तको वित्तीय स्थिति विवरण (वासलात), सोही मितिमा अन्त्य भएको आर्थिक वर्ष २०८२/०८३ को नाफा वा नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा वित्तीय विवरणहरूसँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत राय व्यक्त गर्ने आधारहरू खण्डमा उल्लेख भएका विषयहरूले पार्ने असर बाहेक संलग्न वित्तीय विवरणहरूले संस्थाको २०८३ आषाढ मसान्तको वित्तीय अवस्था र सोही मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य विस्तृत आम्दानीको अवस्था, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरूसँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) बमोजिम उचित र यथार्थ चित्रण गर्दछ ।

**कैफियत राय व्यक्त गर्ने आधारहरू,**

हामीले लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । सो अनुरूप हाम्रो जिम्मेवारी यस प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षण उपर लेखा परीक्षकको दायित्व खण्डमा उल्लेख गरिएको छ ।

हामी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको आचार संहिता (Code of Ethics) बमोजिम संस्थाबाट स्वतन्त्र छौं र सो आचार संहिता बमोजिम हामीले आचरणगत जिम्मेवारी बहन गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरूले लेखापरीक्षकको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**नेपाल वित्तीय प्रतिवेदन मानको आधारमा तयार गरिएका वित्तीय विवरणहरूमा असर पार्ने विषयहरूः**

- ऋण नोक्सानीमा निहित जोखिमलाई न्युनिकरण गर्न संस्थाद्वारा गरिएका कर्जा लगानीहरूलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरिएको नियामकीय मापदण्ड बमोजिम कर्जा लगानीलाई किस्ता/ब्याज भुक्तानी अवधिका आधारमा असल, कमसल, शंकास्पद तथा खराब ऋणमा वर्गीकरण गरी क्रमांगत रूपमा १, २५, ५० र १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने प्रावधान अनुरूप संस्थाद्वारा कुल ऋण नोक्सानी कोष रू. ७१,२९,९४,४३२.७७ व्यवस्था गर्नु पर्नेमा संस्थाद्वारा रू. १०,२१,६३,८८१.०० मात्रै व्यवस्था गरिएको पाइयो जस अनुरूप ऋण नोक्सानी कोष रू. ६१,०८,३०,५५१.७७ ले कम रहेको पाइयो । सो कैफियतको प्रभाव संस्थाको नाफा/नोक्सानी खातामा तथा खुद सम्पत्तिको मुल्यमा असर परेको छ ।
- श्री राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरिएको नियामकीय मापदण्ड बमोजिम संस्थाद्वारा २०८२ आषाढ मसान्तसम्म सकारिएका गैर बैंकिङ्ग सम्पत्तिलाई आर्थिक वर्ष २०८२-८३ का लागि पचास प्रतिशत र र त्यस आर्थिक वर्ष बाहेक अन्य सकारिएका गैर बैंकिङ्ग सम्पत्तिलाई शत्प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नु पर्दछ । संस्थाको वित्तीय विवरण अन्तर्गत रू. २,४३,३४,०५९.३८ गैर बैंकिङ्ग सम्पत्ति र लिलामी पश्चात ऋणीसँग असुल उपर गर्नु पर्ने रकम रू. १,३५,६२,५४९.५३ रहेको छ । उपरोक्त नियामक प्रावधान अनुरूप संस्थाद्वारा जोखिम व्यवस्था नगरीएको पाइयो जस अनुरूप नोक्सानी व्यवस्था रू. ३,५३,५४,३८५.२२ ले कम रहेको पाइयो । सो कैफियतको प्रभाव संस्थाको नाफा/नोक्सानी खातामा तथा खुद सम्पत्तिको मुल्यमा असर परेको छ ।

Contact No: +977-9851238831
Email: info@sns-associate.com, cashresthasunil@gmail.com
New Baneshwor, Opposite Baneshwor Banquet, Kathmandu, Nepal

Shrestha Sunil & Associates ★ Chartered Accountants ★

**लेखापरीक्षणको मुख्य विषयहरू (Key Audit Matters)**

संस्थाको यस अवधिको वित्तीय विवरणको लेखापरीक्षणका क्रममा हाम्रो व्यावसायिक निर्णयका आधारमा लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण विषयहरू नै लेखापरीक्षणको मुख्य विषयहरू हुन् । यी विषयहरू हाम्रो समग्र वित्तीय विवरणहरूको लेखापरीक्षणको क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको थियो र हामी यी विषयहरूमा छुट्टै राय प्रदान गर्दैनौं । हाम्रो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लेखापरीक्षण सम्बन्धित निम्न मुख्य विषयहरू रहेको हामीले निर्धारण गर्‍यौं ।

| **१. संस्थाको वित्तीय प्रतिवेदनलाई असर पार्ने सूचना प्रविधि प्रणालीहरू र नियन्त्रणहरू** | |
|---|---|
| **लेखापरीक्षणको मुख्य विषय** | **हाम्रो लेखापरीक्षणले मुख्य लेखापरीक्षण विषयलाई कसरी सम्बोधन गर्‍यो** |
| संस्थाको सम्पूर्ण कारोवारहरूको प्रशोधन तथा अभिलेख व्यवस्थापन गर्न सूचना प्रविधि प्रणालीहरूमा निर्भर छन् । वित्तीय प्रतिवेदन प्रणालीको यथार्थपरकता (Accuracy) र विश्वसनियता (Reliability) सूचना प्रविधि प्रणालीहरू र यससँग सम्बन्धित नियन्त्रण वातावरण (Control Environment) मा निर्भर हुन्छ ।<br>संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियामा सूचना प्रविधि प्रणालीहरू र सम्बन्धित नियन्त्रण वातावरणको व्यापक महत्वका कारण, हामीले संस्थाको सूचना प्रविधि प्रणालीहरू र सम्बन्धित नियन्त्रण वातावरणको परीक्षणलाई चालु वर्षको लेखापरीक्षणको प्रमुख लेखापरीक्षण विषयको रूपमा पहिचान गरेका छौं । | वित्तीय प्रतिवेदनसँग सम्बन्धित सूचना प्रणालीहरूको निष्ठाको मुल्यांकन गर्ने क्रममा हाम्रो टोलीले सम्बन्धित नियन्त्रणहरूको मुल्यांकन तथा परीक्षणका लागि संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियासँग सम्बन्धित सूचना प्रविधि पूर्वाधार र प्रणालीहरूको बुझाइ प्राप्त गर्‍यो । हामीले नमुनागत रूपमा ऋणको ब्याज आम्दानी र निक्षेपको ब्याज खर्चको परिक्षण गर्‍यौ । |
| **२. निष्क्रिय कर्जाको पहिचान तथा वर्गीकरण र कर्जा तथा सापटका लागि नोक्सानी व्यवस्था** | |
| **लेखापरीक्षणको मुख्य विषय** | **हाम्रो लेखापरीक्षणले मुख्य लेखापरीक्षण विषयलाई कसरी सम्बोधन गर्‍यो** |
| राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरिएको नियामकीय मापदण्डले निष्क्रिय कर्जाको पहिचान तथा वर्गीकरण र कर्जा तथा सापटीका लागि नोक्सानी व्यवस्था सम्बन्धी प्रावधानहरू तोकेको छ ।<br>पहिचान गरिएका निष्क्रिय कर्जाका लागि नोक्सानी व्यवस्था कर्जाको समयावधि र वर्गीकरण, असुली अनुमान, धितो/सुरक्षणको मुल्य र अन्य गुणात्मक कारकहरूका आधारमा अनुमान गरिन्छ र यो प्राधिकरणद्वारा तोकिएको न्यूनतम नोक्सानी व्यवस्थाको मानदण्ड र ICAN द्वारा प्रदान गरिएको छुट (Carve–out) अनुसारको जोखिम सम्पत्तिको ह्रास/नोक्सानीको अधीनमा रहन्छ ।<br>वित्तीय संस्थाको कुल सम्पत्तिमा ऋण लगानीको हिस्सा ठूलो रहने, कर्जा जोखिम व्यवस्थापन प्रणाली संस्थाको वित्तीय स्वास्थसँग प्रत्यक्ष रूपमा जोडिने हुनाले कर्जा नोक्सानी व्यवस्थाका लागि ठूलो मात्रामा अनुमान आवश्यक पर्ने विषय सहित समग्र लेखापरीक्षणमा यसको उच्च महत्वलाई ध्यानमा राख्दै हामीले यसलाई प्रमुख लेखापरीक्षण विषयका रूपमा लिएका छौं । | हाम्रा मुख्य लेखापरीक्षण प्रक्रियाहरूमा निम्न विषयहरू समावेश थिए, तर यी मात्र सीमित थिएनन,<br>क. प्राधिकरणद्वारा तोकिएका कर्जा लगानी, वर्गीकरण तथा जोखिम व्यवस्थापनको मापन,<br>ख. संस्थाको कर्जा नीति अनुसार नयाँ कर्जा सुविधाहरूको स्वीकृति र ऋण उपसमितिको कर्जा मुल्यांकन र जोखिम विश्लेषण कार्यसम्पादन,<br>ग. प्राधिकरणको मापदण्ड अनुसार कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तताको मुल्यांकन,<br>घ. नमुनागत कर्जा फाइलहरू अवलोकन । |

**विषयगत जोड, (Emphasis of Matter)**

**१. नोट २२ – "NFRS समायोजन कोष"**

संस्थाद्वारा नेपाल वित्तीय प्रतिवेदन मानको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा प्रोद्भावी आधारमा लेखांकन प्रणालीको अवलम्बन गरी आर्जन गरेको ब्याज आम्दानीलाई वितरण योग्य नाफामा गणना नगर्नका निमित्त NFRS समायोजन कोष अन्तर्गत लेखांकन गर्ने नीति अपनाइएको छ । उक्त विषयका सन्दर्भमा हाम्रो रायमा कुनै परिमार्जन भएको छैन ।

**२. खुद बचतको वितरण**

संस्थाद्वारा चालु आर्थिक वर्षको खुद वितरण योग्य मुनाफा रू. १०,४३,७३१.२४ सम्पूर्ण रकमलाई सञ्चालक समितिको बैठकको निर्णय अनुसार साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ । उक्त विषयका सन्दर्भमा हाम्रो रायमा कुनै परिमार्जन भएको छैन ।

**अन्य विषय, (Other Matter)**

३२ असार २०८२ मा समाप्त आर्थिक वर्षको संस्थाको वित्तीय विवरणहरूको लेखापरीक्षण पूर्वाधिकारी लेखापरीक्षकबाट भएको थियो, जुन ५ भाद्र २०८२ मा कैफियत सहित राय व्यक्त गरिएको थियो ।

लेखापरीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसँग सम्बन्धित कमीकमजोरीहरू तथा सो निराकरणका लागि दिइएका सुझावहरू (व्यवस्थापन पत्र) प्रति यहाँहरूको ध्यानाकर्षण गर्दछौं ।

**अन्य जानकारी (वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेकको)**

वित्तीय विवरण साथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारीहरू व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको संस्थाको समितिहरूको प्रतिवेदन पर्दछन् । त्यस्ता प्रतिवेदनहरू यस लेखापरीक्षणको प्रतिवेदन मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वित्तीय विवरण उपरको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासनको निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा, अन्य जानकारी पढी त्यस्ता जानकारीहरू वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेको ज्ञानहरूसँग सारभूत रूपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रूपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हाम्रो जिम्मेवारी हो । हामीले गरेको कार्यहरूको आधारमा यदि अन्य जानकारीहरू सारभूत रूपमा गलत वर्णन गरिएको निष्कर्षमा निस्किएमा, त्यस्ता तथ्यहरूको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो ।

**वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरूको दायित्व,**

प्रचलित कानुन तथा नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतीकरण गर्नु संस्थाको व्यवस्थापनको जिम्मेवारी हो । उक्त जिम्मेवारी अन्तर्गत वित्तीय विवरणहरू तयार पार्ने तथा वित्तीय विवरणहरूको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरू पर्दछन् र जसमा वित्तीय विवरणहरू त्रुटी तथा जालसाजीको कारणले सारभूत रूपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरूको छनौट एवं कार्यान्वयन गर्ने र आवश्यकतानुसार लेखा अनुमान गर्ने कार्यहरू समेत पर्दछन् ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्नता (Going Concern) व्यवसाय गर्न सक्ने अवस्थाको आँकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक तथ्यहरूको खुलासा गर्नुपर्दछ । साथै संस्थालाई लिकुइडेट गर्न नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न निकाय सम्बन्धित लेखाको आधार प्रयोग गर्नुपर्दछ ।

संस्थाको शासकीय भूमिका वहन गर्नेहरूले संस्थाको वित्तीय प्रतिवेदन तयारीको प्रक्रियालाई निरीक्षण गर्नुपर्दछ ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखा परीक्षकको दायित्व,**

हाम्रो उद्देश्य समग्रमा वित्तीय विवरणहरू जालसाजी वा त्रुटीका कारणले गलत आँकडा सहित प्रस्तुत भएका छैनन् भन्ने कुरामा मनासिव आश्वस्तता प्राप्त गर्नु र लेखापरीक्षणको आधारमा हाम्रो राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु रहेको छ । मनासिव आश्वस्तता उच्च तहको आश्वासन हो, तर नेपाल लेखापरीक्षणमान अनुसार गरिएको लेखापरीक्षणले सारभूत रूपमा गलत वर्णन भएको अवस्था सधै पत्ता लगाउछ भन्ने प्रत्याभूति होइन ।

गलत वर्णन एकल वा समष्टिमा जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्छ र यी वित्तीय विवरणहरूको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र सो गलत वर्णनलाई सारभूत मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक र व्यावसायिक सन्देह कायम गरेका छौं ।

**यस क्रममा हामीले,**

- जालसाजी वा त्रुटीको कारणले वित्तीय विवरणहरू सारभूत रूपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरू प्राप्त गरेका छौं ।
- जालसाजीमा मिलीभगत, जालसाजी, जानीजानी भुल गर्ने काम, गलत प्रस्तुति वा आन्तरिक नियन्त्रणको उल्लङ्घन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिम, त्रुटीको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिम भन्दा बढी हुन्छ ।
- संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसँग प्रासङ्गिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।
- संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरूको उपयुक्तता र लेखा अनुमानहरूको व्यवहारिकता तथा ती सँग सम्बन्धित खुलासाहरूको मुल्यांकन गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरूको आधार संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको

निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासातर्फ सदस्यहरूको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ । साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षणको प्रतिवेदन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।

- व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरू लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र विवरणहरूको मुल्यांकन गरेका छौं ।
- लेखापरीक्षणको राय व्यक्त गर्ने संस्थाको वित्तीय जानकारी वा व्यावसायिक क्रियाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं ।

शासकीय भूमिका वहन गर्नेहरू समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनावद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमी कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरू सूचित गरेका छौं । शासकीय भूमिका वहन गर्नेहरू समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासङ्गिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरू र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरूको बारेमा पनि सूचित गरेका छौं ।

**अन्य कानुनी तथा नियामकीय आवश्यकतासँग सम्बन्धित प्रतिवेदन,**

उपरोक्त अनुसार हामीले परीक्षण गरेको विवरणहरूको आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं,

- हामीलाई लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टीकरणहरू उपलब्ध भएका छन् ।
- हाम्रो लेखापरीक्षणको आधारमा संस्थाले कैफियत राय व्यक्त गर्ने आधारहरूमा जनाइएको कैफियतहरू साथै निम्न बुँदागत रूपमा उल्लेख गरिएका विषयहरूमा बाहेक हिसाब किताव, श्रेस्ता सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम रितपूर्वक राखिएको पाइयो ।
    - सहकारी ऐन र नियमावली बमोजिम सदस्य हुन अयोग्य रहेका केही निकायहरू संस्थामा सदस्य रहेको पाइयो ।
    - राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरिएको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धित निर्देशन बमोजिम संस्थाले सम्पत्ति शुद्धीकरण तथा सो सँग सम्बन्धित अन्य जोखिमको लेखापरिक्षण नगराइएको पाइयो ।
    - संस्थाले बचत धितो ऋण लगानी अन्तर्गत प्रस्तुत गरेका केही ऋण लगानीहरूको बचत धितो अन्य बक्यौता ऋण लगानीसँग समायोजन भइसकेका कारण बचत धितो नरहेको पाइयो ।
- संस्थाले कैफियत राय व्यक्त गर्ने आधारहरूमा जनाइएको कैफियतहरू बाहेक सहकारी ऐनको दफा ७४ बमोजिम लेखा राखेको पायौं ।
- हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा संस्थाको कारोवार सन्तोषजनक रहेको पाइयो ।
- हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरूबाट सञ्चालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौ ।

Shrestha Sunil & Associates
Chartered Accountants

सि.ए. सुनिल श्रेष्ठ
एकल अभ्यासकर्ता,
नि.
श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

स्थानः बनेपा, काभ्रे
मितिः २०८३/०५/२६

UDIN: 260911CA01697Ftdvt

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.

वैतेश्वर गा.पा.-५, काब्रे, दोलखा

## वित्तीय अवस्थाको विवरण (वासलात)

२०८३ साल आषाढ मसान्त

| विवरण | टिप्पणी | २०८३ आषाढ ३२ | २०८२ आषाढ ३२ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ४ | ५४३,९८२,३८१.४९ | ५२७,४३६,२८०.५४ |
| मुद्दती मौज्दात | ५ | - | - |
| सदस्यलाई दिएको ऋण सापटी | ६ | १,५२८,९४९,५७२.२३ | १,५३४,२३९,३५३.४६ |
| कर्मचारीलाई दिएको ऋण सापटी | ७ | ३२,२६४,२०५.७६ | २२,९२५,६४७.८५ |
| धितोपत्रमा लगानी | ८ | ३१,७०७,६००.०० | ३१,८५२,६००.०० |
| आयकर सम्पत्ति | ९ | ५,८३२,२२८.२५ | ७,१९४,९६०.५६ |
| लगानी सम्पत्ति (गैर बैंकिङ्ग सम्पत्ति) | १० | २४,३३४,०५९.३८ | ५,०८४,४४७.३८ |
| सम्पत्ति तथा उपकरण | ११ | ४८,४४७,२३०.५६ | ५०,३४५,९२६.९४ |
| अदृश्य सम्पत्ति | १२ | ५३,५६०.८० | २२३,९९८.३३ |
| उपयोगको अधिकार सम्पत्ति | १३ | १,५५८,६६१.३७ | ३,२५८,९६४.५८ |
| अन्य सम्पत्तिहरू | १४ | २३,०२६,२९२.९२ | ११,२६७,७९८.३४ |
| स्थगन कर सम्पत्ति | १५ | - | - |
| **कुल सम्पत्ति** | | **२,२४०,१५५,७९२.७६** | **२,१९३,८२९,९७७.९८** |
| **दायित्व** | | | |
| तिर्न बाँकी बाह्य ऋण | १६ | - | - |
| सदस्यबाट संकलन गरेको बचत | १७ | १,८३४,९०४,७३०.४६ | १,८००,८९६,८७९.५८ |
| आयकर दायित्व | ९ | - | - |
| पट्टा दायित्व | १८ | २,११९,७४२.८१ | ३,७०७,९२५.२३ |
| अन्य दायित्वहरू | १९ | ४४,७१३,०१६.१७ | ३३,९२६,०९४.७८ |
| स्थगन कर दायित्व | १५ | ९७०,८४७.५३ | १,०३७,५६०.७२ |
| **जम्मा दायित्वहरू** | | **१,८८२,७०८,३३६.९७** | **१,८३९,५६८,४६०.३१** |
| **इक्विटी** | | | |
| शेयर पुँजी | २० | १५९,२८९,४००.०० | १५६,२४३,१००.०० |
| साधारण जगेडा कोष | २१ | १८७,४७०,५४७.३० | १८६,३४४,००३.२६ |
| अन्य कोषहरू | २२ | १०,६८७,५०८.५० | ११,६७४,४१४.४१ |
| **कुल पुँजी** | | **३५७,४४७,४५५.८०** | **३५४,२६१,५१७.६७** |
| **कुल पुँजी तथा दायित्व** | | **२,२४०,१५५,७९२.७६** | **२,१९३,८२९,९७७.९८** |
| **संभावित दायित्व तथा प्रतिवद्धता** | **२३** | **-** | **-** |
| **प्रतिशेयर खुद सम्पत्ति** | | **२२४.४०** | **२२६.७४** |

मिति : २०८३/०५/२५
स्थान : काब्रे, दोलखा ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | | | |
|---|---|---|---|---|---|
| नविन्द्र रिमाल<br>लेखा प्रमुख | नवराज दहाल<br>प्रमुख कार्यकारी अधिकृत | विमला दहाल (घिमिरे)<br>सञ्चालक सदस्य | नारायण बस्नेत<br>सञ्चालक सदस्य | सन्तोष प्रसाद बिमली<br>सञ्चालक सदस्य | केदार प्रसाद दहाल<br>सञ्चालक सदस्य |
| ज्ञान बहादुर तामाङ<br>सञ्चालक सदस्य | राजेन्द्र प्रसाद ढुंगेल<br>कोषाध्यक्ष | शिवराम ढकाल<br>सहसचिव | नारायण प्रसाद दहाल<br>वरिष्ठ उपाध्यक्ष | गोपालध्वज श्रेष्ठ<br>अध्यक्ष | सिए. सुनिल श्रेष्ठ<br>श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स |

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.

वैतेश्वर गा.पा.-५, काभ्रे, दोलखा

## नाफा वा नोक्सान विवरण

२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्मको

| विवरण | टिप्पणी | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|---|
| ब्याज आम्दानी | २४ | १५१,९७१,२२२.२३ | १७८,४४६,५७८.३५ |
| ब्याज खर्च | २५ | ७७,१४३,२३१.२९ | ११३,९०८,११६.३२ |
| **खुद ब्याज आम्दानी** | | **७४,८२७,९९०.९४** | **६४,५३८,४६२.०३** |
| शुल्क तथा कमिशन आम्दानी | २६ | २,२८०,८९९.४९ | १,७९३,८३७.२८ |
| शुल्क तथा कमिशन खर्च | २७ | - | ४४,५४१.२० |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | **७७,१०८,८९०.४३** | **६६,२८७,७५८.११** |
| अन्य सञ्चालन आम्दानी | २८ | १,७०३,२२९.१५ | १,८६६,१४६.४७ |
| **कुल सञ्चालन आम्दानी** | | **७८,८१२,११९.५८** | **६८,१५३,९०४.५८** |
| ऋण तथा अन्य सम्पत्तिमा नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | २९ | १७,०००,०००.०० | २,५००,०००.०० |
| **खुद सञ्चालन आम्दानी** | | **६१,८१२,११९.५८** | **६५,६५३,९०४.५८** |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | ३० | ३५,९९५,२९२.११ | ३६,४०७,३१२.६० |
| प्रशासनिक खर्च | ३१ | २०,६३२,०८१.११ | २०,३४५,७२४.६७ |
| ह्रासकट्टी र परिशोधन खर्च | ३२ | ३,४५३,४९३.३९ | ४,०९२,९३९.८६ |
| **सञ्चालन नाफा** | | **१,७३१,२५२.९८** | **४,८०७,९२७.४५** |
| गैर सञ्चालन आम्दानी | ३३ | ६९३,००९.०४ | ५५८,२१६.०० |
| गैर सञ्चालन खर्च | ३४ | - | २३२,०४२.८१ |
| **आयकर अघिको नाफा** | | **२,४२४,२६२.०१** | **५,१३४,१००.६४** |
| आयकर खर्च | ३५ | | |
| चालु आयकर | | २,१६७,३९०.१६ | - |
| स्थगन कर आम्दानी/खर्च | | (६६,७१३.१९) | (५०३,३००.२८) |
| **खुद नाफा/(नोक्सान)** | | **३२३,५८५.०५** | **५,६३७,४००.९२** |

मिति : २०८३/०५/२५
स्थान : काभ्रे, दोलखा ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | | | |
|---|---|---|---|---|---|
| नविन्द्र रिमाल<br>लेखा प्रमुख | नवराज दहाल<br>प्रमुख कार्यकारी अधिकृत | विमला दहाल (घिमिरे)<br>सञ्चालक सदस्य | नारायण बस्नेत<br>सञ्चालक सदस्य | सन्तोष प्रसाद बिमली<br>सञ्चालक सदस्य | केदार प्रसाद दहाल<br>सञ्चालक सदस्य |
| ज्ञान बहादुर तामाङ<br>सञ्चालक सदस्य | राजेन्द्र प्रसाद ढुंगेल<br>कोषाध्यक्ष | शिवराम ढकाल<br>सहसचिव | नारायण प्रसाद दहाल<br>वरिष्ठ उपाध्यक्ष | गोपालध्वज श्रेष्ठ<br>अध्यक्ष | सिए. सुनिल श्रेष्ठ<br>श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स |

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.

वैतेश्वर गा.पा.-५, काभ्रे, दोलखा

## नाफाको बाँडफाँड हिसाब

२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्मको

| विवरण | प्रतिशत | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|---|
| यस वर्षको मुनाफा | | ३२३,५८५.०५ | ५,६३७,४००.९२ |
| सञ्चित घाटा समायोजन | | - | - |
| NFRS समायोजन कोष समायोजन | | ७२०,१४६.१९ | (५,५००,८७२.९६) |
| **वितरणयोग्य मुनाफा** | | **१,०४३,७३१.२४** | **१३६,५२७.९६** |
| साधारण जगेडा कोष, चालु आ.व. | १०० | १,०४३,७३१.२४ | - |
| साधारण जगेडा कोष, गत आ.व. | २५ | - | ३४,१३१.९९ |
| **संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा नाफा बाँडफाँड अगाडिको नाफा** | | - | **१०२,३९५.९७** |
| **बाँडफाँड** | | | |
| संरक्षित पुँजी फिर्ता कोष | २५ | - | २५,५९८.९९ |
| सहकारी प्रवर्द्धन कोष | ०.५ | - | ५११.९८ |
| **अन्य कोषमा बाँडफाँड अगाडिको नाफा** | | - | **७६,२८५.००** |
| **अन्य कोषको बाँडफाँड** | | | |
| शेयर लाभांश कोष | ६५ | - | ४९,५८५.२५ |
| कर्मचारी बोनस कोष | ५ | - | ३,८१४.२५ |
| सहकारी शिक्षा कोष | ५ | - | ३,८१४.२५ |
| सहकारी विकास कोष | ५ | - | ३,८१४.२५ |
| सामुदायिक विकास कोष | ५ | - | ३,८१४.२५ |
| घाटापूर्ति कोष | ५ | - | ३,८१४.२५ |
| स्थिरीकरण कोष | ५ | - | ३,८१४.२५ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ | - | ३,८१४.२५ |
| **जम्मा** | १०० | - | **७६,२८५.००** |

मिति : २०८३/०५/२५
स्थान : काभ्रे, दोलखा ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

नविन्द्र रिमाल
लेखा प्रमुख

नवराज दहाल
प्रमुख कार्यकारी अधिकृत

विमला दहाल (घिमिरे)
सञ्चालक सदस्य

नारायण बस्नेत
सञ्चालक सदस्य

सन्तोष प्रसाद बिमली
सञ्चालक सदस्य

केदार प्रसाद दहाल
सञ्चालक सदस्य

ज्ञान बहादुर तामाङ
सञ्चालक सदस्य

राजेन्द्र प्रसाद ढुंगेल
कोषाध्यक्ष

शिवराम ढकाल
सहसचिव

नारायण प्रसाद दहाल
वरिष्ठ उपाध्यक्ष

गोपालध्वज श्रेष्ठ
अध्यक्ष

सिए. सुनिल श्रेष्ठ
श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.

वैतेश्वर गा.पा.-५, काभ्रे, दोलखा

## अन्य विस्तृत आम्दानीको विवरण

२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्मको

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| यस वर्षको खुद नाफा/(नोक्सान) | ३२३,५८५.०५ | ५,६३७,४००.९२ |
| आयकर पछिको अन्य विस्तृत आम्दानी | | |
| **क) नाफा/(नोक्सान) मा पुनःवर्गीकरण नगरिने बुँदाहरू** | | |
| फेयर भ्याल्युमा मुल्यांकन गरिएका इक्विटी उपकरणको लगानीबाट भएको नाफा/(नोक्सान) | - | - |
| पुनर्मुल्यांकनबाट भएको नाफा/(नोक्सान) | - | - |
| परिभाषित लाभ योजनाबाट बीमांकिक नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | - | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गीकरण नगरिने अन्य खुद विस्तृत आम्दानी** | - | - |
| **ख) नाफा/(नोक्सान) मा पुनःवर्गीकरण गरिएका वा गर्न सकिने बुँदाहरू** | | |
| नगद प्रवाहको हेजिङ्गबाट गरिएको नाफा/(नोक्सान) | - | - |
| विदेशी विनिमय सञ्चालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | - | - |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | - | - |
| **नाफा/(नोक्सान) मा पुनःवर्गीकरण गरिएका वा गर्न सकिने अन्य खुद विस्तृत आम्दानी** | - | - |
| **ग) इक्विटी तरिकाबाट लेखांकन गरिएको सम्वद्ध संस्थाको अन्य विस्तृत आम्दानीमा हिस्सा** | - | - |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | - | - |
| **यस वर्षको जम्मा विस्तृत आम्दानी** | **३२३,५८५.०५** | **५,६३७,४००.९२** |

मिति : २०८३/०५/२५
स्थान : काभ्रे, दोलखा ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | | | |
|---|---|---|---|---|---|
| नविन्द्र रिमाल<br>लेखा प्रमुख | नवराज दहाल<br>प्रमुख कार्यकारी अधिकृत | विमला दहाल (घिमिरे)<br>सञ्चालक सदस्य | नारायण बस्नेत<br>सञ्चालक सदस्य | सन्तोष प्रसाद बिमली<br>सञ्चालक सदस्य | केदार प्रसाद दहाल<br>सञ्चालक सदस्य |
| ज्ञान बहादुर तामाङ<br>सञ्चालक सदस्य | राजेन्द्र प्रसाद ढुंगेल<br>कोषाध्यक्ष | शिवराम ढकाल<br>सहसचिव | नारायण प्रसाद दहाल<br>वरिष्ठ उपाध्यक्ष | गोपालध्वज श्रेष्ठ<br>अध्यक्ष | सिए. सुनिल श्रेष्ठ<br>श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स |

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.

वैतेश्वर गा.पा.-५, काब्रे, दोलखा

## नगद प्रवाह विवरण

२०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्मको

| विवरण | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ |
|---|---|---|
| **कारोवार सञ्चालनबाट भएको नगद प्रवाह** | | |
| आयकर व्यवस्था पछिको खुद नाफा | ३२३,५८५.०५ | ५,६३७,४००.९२ |
| प्रोदभावी आधारमा ब्याज समायोजन | ७२०,१४६.१९ | (५,५००,८७२.९६) |
| कर्जा नोक्सानी जोखिम व्यवस्था | १७,०००,०००.०० | २,५००,०००.०० |
| बाह्य ऋणको ब्याज खर्च | - | - |
| ह्रासकट्टि र परिशोधन खर्च | ३,४५३,४९३.३९ | ४,०९२,९३९.८६ |
| | २१,४९७,२२४.६३ | ६,७२९,४६७.८२ |
| **चालु सम्पत्ति दायित्वमा कमी/(वृद्धि)** | | |
| सदस्यबाट संकलन गरेको बचतमा वृद्धि/(कमि) | ३४,००७,८५०.८८ | (१५१,७९९,८७३.३४) |
| अन्य दायित्व तथा व्यवस्था वृद्धि/(कमि) | ९,६३६,१२२.५२ | ७९०,५०८.६२ |
| ऋण सापटीमा (वृद्धि)/कमि | (२१,७६८,९२२.८७) | ५२,७०१,६८५.७२ |
| अन्य सम्पत्तिहरूमा (वृद्धि)/कमि | (२९,३०७,८०३.३७) | (३७९,७३६.९५) |
| आयकर भुक्तानी | (७३७,९४४.६६) | (१,४७३,२०४.२६) |
| **कारोवार सञ्चालनबाट भएको खुद नगद प्रवाह (क)** | **१३,३२६,५२७.१२** | **(९३,४३१,१५२.३९)** |
| **लगानीबाट भएको नगद प्रवाह** | | |
| लगानीमा कमी/(वृद्धि) | १४५,०००.०० | २५,०००.०० |
| स्थिर सम्पत्ति (खरिद)/बिक्री | (५८२,९९९.७९) | ८५५,०३२.८१ |
| **लगानीबाट खुद नगद प्रवाह (ख)** | **(४३७,९९९.७९)** | **८८०,०३२.८१** |
| **वित्तीय कारोवारबाट भएको नगद प्रवाह** | | |
| शेयर पुँजीमा वृद्धि | ३,०४६,३००.०० | (३,०५८,३००.००) |
| बाह्य ऋणमा वृद्धि/(कमि) | - | - |
| बाह्य ऋणको ब्याज खर्च | - | - |
| लाभांश भुक्तानी | - | - |
| अन्य कोषहरूको वितरण समायोजन तथा अन्य समायोजन | ६११,२७३.६२ | (२,२३४,७५२.२५) |
| **वित्तीय कारोवारबाट भएको खुद नगद प्रवाह (ग)** | **३,६५७,५७३.६२** | **(५,२९३,०५२.२५)** |
(क) संस्थाको आषाढ मसान्त, २०८३ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

(ख) संस्थाको आर्थिक वर्ष २०८२/८३ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)

(ग) संस्थाको आर्थिक वर्ष २०८२/८३ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

(घ) संस्थाको आर्थिक वर्ष २०८२/८३ मा जेथामा भएको परिवर्तनको जानकारी प्रदान गर्ने इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity),

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरू र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरू समेटिएको लेखा सम्बन्धी टिप्पणीहरू

**२.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा**

संलग्न वित्तीय विवरणहरू निकटतम रूपैयाँमा प्रस्तुत गरिएको छ । आर्थिक विवरणमा देखाइएका सम्पत्ति तथा दायित्वहरू नेपाली रूपैयामा लेखिएका छन् जुन संस्थाको कार्यात्मक मुद्रा पनि हो ।

**२.४. महत्वपूर्ण लेखांकन निर्णय र अनुमान**

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption) तथा स्वविवेक (Judgement) हरूलाई आधार बनाइएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- वित्तीय उपकरणको बजार मुल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Financial Assets)
- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Non-Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- लगानी सम्पत्तिको वर्गीकरण (Classification of Investment Property)

**२.४.१ वित्तीय उपकरणको बजार मुल्य निर्धारण (Fair Value of Financial Instrument)**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मुल्य निर्धारण बुँदा नं ५.१ मा उल्लिखित मुल्यांकन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मुल्यांकन विधि तथा Statistical Models को प्रयोग गरिन्छ ।

**२.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Asset and Liabilities)**

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुति र मापन Amortized Cost (परीशोधित मुल्य) अथवा बजार मुल्य मध्ये कुनै एकमा आधारित मुल्यांकन विधिका अनुसार गरी निम्न वर्गहरूमा वर्गीकृत गरिएको छ :

- Amortized Cost (परीशोधित मुल्य) मा वर्गीकरण गरिएका,

- Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएका,
- Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गीकरण गरिएका

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मुल्यांकन र लेखांकन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुति तथा मुल्यांकनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गीकरण गर्ने गरेको छ ।

**२.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)**

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरिएको ऋण नोक्सानी सम्बन्धित प्रावधान वा NFRS 9 को एबचब छाछ को 'Expected Credit Model' मध्ये जुन रकम बढी हुन्छ सो रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याइएको छ ।

NFRS 9 को Para 5.5 बमोजिम Amortized Cost मा वर्गीकरण गरिएका वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था गर्न निम्न लिखित बुँदाहरूमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरू अवलम्बन गरेको छ :

- नोक्सानी व्यवस्था मुल्यांकनको लागि उपयुक्त पद्धतिको छनौट
- एकल रूपमा महत्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा
- नोक्सानी व्यवस्थाको मुल्यांकन गर्ने प्रश्नहरू
- भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान
- आर्थिक अवस्था तथा पोर्टफोलियोका कारणहरूलाई समावेश गर्न गरिएको Historical Data को विश्लेषणको परिणामलाई समायोजन गरिएको ।

नोक्सानी व्यवस्थाको मुल्यांकनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मुल्यांकनको अभिन्न अंग हुन्छ र यसरी मुल्यांकन गर्दा व्यवस्थापनले उपलब्ध तथ्यांक औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ ।

**२.४.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था**

सहकारीले आवधिक रूपमा गैर वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्थाको परिक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मुल्यमा ल्याई "Value in Use" मापन गर्नुपर्ने हुन्छ ।

**२.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि**

सहकारीले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रूपमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मुल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

**२.४.६ कर तथा स्थगन कर**

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

**चालु कर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानुन) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरूप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संसोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ । संस्थाद्वारा १० प्रतिशत आय कर दर अनुरूप आयकर व्यवस्था गरिएको छ ।

**स्थगन कर**

सम्पत्ति तथा दायित्वहरूको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रूपमा लेखांकन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिन पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रूपमा पहिचान गरिँदैन । संस्थाद्वारा १० प्रतिशत आय कर दर अनुरूप स्थगन व्यवस्था गरिएको छ ।

**२.४.७ सम्भावित दायित्वको लागि व्यवस्था**

सम्भावित दायित्वहरूमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरू जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा सहकारीको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरूले निर्क्यौल गर्ने तथा विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएको दायित्वहरू पर्दछन् ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

**२.४.९ लगानी सम्पत्तीको वर्गीकरण**

कुनै सम्पत्ति लगानी सम्पत्तिको रूपमा वर्गीकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । सहकारीले यी स्वविवेकको एकनास रूपले प्रयोग गर्न मापदण्डहरूको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पुँजीको मुल्यवृद्धिको लागि राखिएको छ वा दुवै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले सहकारीले अन्य सम्पत्तिहरू भन्दा स्वतन्त्र रूपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रूपमा वर्गीकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन सञ्चालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रूपमा प्रत्यक्ष नगद प्रवाहहरू उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रूपमा वर्गीकरण गरिन्छ । सहकारीले वार्षिक रूपमा आफ्ना सम्पत्तिहरूको वर्तमान उपयोगलाई ध्यानमा राखी सम्पत्तिको वर्गीकरण गर्दछ ।

**२.५ लेखा नीतिमा परिवर्तन**

संलग्न वित्तीय प्रतिवेदनहरू NFRS को अनुपालनमा बनाइएका वार्षिक वित्तीय प्रतिवेदनहरू हुन् ।

**२.६ जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरू**

वित्तीय उपकरणको रिपोर्टिङको लागि, NAS 32 वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS 39 वित्तीय उपकरण लेखांकन र मापन र NFRS 7 बमोजिमको वित्तीय उपकरण प्रकटिकरण लागू गरिएको छ । वित्तीय उपकरणहरूको वर्गीकरणको लागि NFRS 9 अनुपालना गरिएको छ ।

NFRS को विभिन्न मितिमा उद्घोषणपछि IASB बाट केही नयाँ लेखामान र वर्तमान लेखामानमा संशोधन र व्याख्या जारी भएको छ । एएसबी नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी लागू गरिएको छ । ICAN ले NFRS 2018 घोषणा गरी लागू गरेको छ ।

**२.७ संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern)**

संस्थाको व्यवस्थापनले आफ्नो व्यवसाय निरन्तर रूपमा (Going Concern Basis) चलिरहन्छ भन्ने क्षमताको समीक्षा गरेको छ । संस्थाको व्यवसाय भविष्यमा अनवरत रूपमा चलिरहनको लागि व्यवस्थापनसँग पर्याप्त स्रोतहरू छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पुँजीगत स्रोतहरू जस्ता अवस्थाहरूको भविष्यको प्रक्षेपण गर्नका साथै हाल र भविष्यको अवस्थाहरू विश्लेषण गरेको छ ।

**२.८ तुलनात्मक जानकारी**

लेखा नीतिहरू सबै अवधिमा समान रूपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरूलाई आवश्यकता अनुसार पुर्नवर्गीकरण गरिएका छन् ।

**२.९ वित्तीय स्थितिको विवरण मिति पश्चातका घटनाहरू**

आर्थिक वर्षको अन्त्यदेखि वार्षिक वित्तीय विवरण (मिति आषाढ ३२, २०८३ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरू) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधिमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरूलाई वित्तीय स्थितिको विवरणको मिति पश्चातका घटनाहरू भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 “Events after reporting date” भनी बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ ।

**३ प्रमुख लेखा नीतिहरू**

**३.१ मापनको आधार**

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक ऐतिहासिक मुल्यका आधारमा तयार गरिएको छ ।

- अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्विटी शेयर) मा गरेको लगानीलाई NFRS 9 बमोजिम उचित मुल्यमा मापन गरिएको छ ।
- परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याजदरको आधारमा मापन गरिएको छ ।

**३.२ नगद र नगद समान**

नगद तथा नगद समान अन्तर्गत नगद मौज्दात, बैंकमा तथा वित्तीय संस्थामा रहेको मौज्दात र माग, तीन महिना वा सोभन्दा कम अवधि भएका अत्याधिक तरल वित्तीय सम्पत्ति तथा अल्प सुचनामा प्राप्त हुने रकम पर्दछ । यस्ता नगद तथा नगद समानहरूको उचित मुल्यमा हुने परिवर्तनको जोखिम एकदमै कम हुन्छन् र सहकारीले यी सम्पत्तिहरूको प्रयोग अल्पकालिन प्रतिवद्धता पुरा गर्न गर्दछ ।

वित्तीय स्थितिको विवरणमा नगद तथा नगद समान परिषोधित लागत (Amortized Cost) मा मापन गरिएको छ ।

**३.३ वित्तीय सम्पत्ति तथा वित्तीय दायित्व**

**क) प्रारम्भिक पहिचान तथा लेखांकन**

सहकारीले प्रारम्भिक रूपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखांकन गरिन्छ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष (Party to Contractual Provision) हुन्छ ।

सहकारीले सुरुमा ऋण र सापटी, निक्षेप र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखांकन गर्दछ जुनबेला सहकारी उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष बन्छ । इक्विटी उपकरणमा लगानीलाई व्यापारको मितिमा लेखांकन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई चुक्ता हुने मितिमा लेखांकन गरिन्छ ।

**ख) वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चातको मापन**

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भइसके पश्चात सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ । सुरूवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

- परिशोधित मुल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति
- बजार मुल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति

उक्त वर्गीकरण तथा तत्पश्चातको मापन निम्न दुई मापदण्डहरूको आधारमा गरिन्छ :

- वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाइएको व्यवसायिक मोडेल (Business Model)
- वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति

**३.३.१ परिशोधित मुल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति**

निम्न लिखित दुवै मापदण्डहरू पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मुल्यमा वर्गीकरण गरी मापन गरिन्छ ।

**१. Business Model परिक्षण :**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्देश्य भएको ।

**२. नगद प्रवाहको प्रकृति र विशेषताको परिक्षण**

सम्झौता गरिएको शर्तनामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परिक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सबै ऋणपत्र उपकरणहरू (Debt Instrument) प्रभावकारी ब्याजदर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिषोधित मुल्यमा हानी घटाएर मापन गरिएको छ ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षिण हुँदा वा बजार मुल्यमा पुनर्वर्गीकृत हुँदा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

**३.३.२ बजार मुल्यमा (Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति**

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरू बजार मुल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मुल्य भित्र निम्न दुई उपवर्ग रहेको छन् :

१. नाफ नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Profit or Loss),

२. अन्य विस्तृत आयमा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरूलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरूको आवधिक मुल्यांकन गरिन्छ तथा यसरी मुल्यांकन गर्दा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ ।

**३.३.३ अन्य विस्तृत आयमा बजार मुल्य समायोजन हुने प्रकृतिको इक्विटी शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्ति (FVTOCI)**

छोटो समयमा खरिद बिक्री गरी फाइदा आर्जन गर्ने उद्देश्य राखी लगानी गरिएका बाहेक इक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गीकृत इक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ ।

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनर्मुल्यांकन गर्दा बजार मुल्यमा भएको परिवर्तनले हुने फाइदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिर्वतन सम्बन्धीको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिर्वतन सम्बन्धीको विवरणबाट सोझै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये बिक्री/निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व. को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ ।

तथापि सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाइएको छ । अन्य विस्तृत आयमा बजार मुल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्तिको थप विवरण बुँदा ५.१ मा प्रस्तुत गरिएको छ ।

**ग) वित्तीय दायित्वका दायित्वको वर्गीकरण तथा मापन**

NFRS 9 – "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सो को वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरूलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छः

- नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व
- Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

**३.३.४ नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरूलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सृजित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरूको आवधिक मुल्यांकन गरिन्छ तथा यसरी मुल्यांकन गर्दा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

**३.३.५ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गीकृत गरिएको छ । सुरूवाती मापन पश्चात्त परिषेधित लागतमा लेखांकन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याजदरको प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाइदा वा घाटालाई नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

**घ) वित्तीय सम्पत्ति तथा दायित्वको पूनर्वर्गीकरण**

वित्तीय सम्पत्ति तथा दायित्वको पुनर्वर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ । वित्तीय सम्पत्तिको पुनर्वर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सृजित सम्पत्तिलाई पुनर्वर्गीकरण गर्न बन्देज लगाएको छ ।

व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पुनर्वर्गीकरण गर्नु जरूरी देखिएमा यस्तो पुनर्वर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरू सो पुनर्वर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ । सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पुनर्लेखन गरिँदैन ।

कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मुल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पुनर्वर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मुल्यमा मापन र लेखांकन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पुनर्वर्गीकरण हुनु अघिको कितावी मुल्य र पुनर्वर्गीकरण गर्दाको बजार मुल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

**ङ) वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग**

**३.३.६ वित्तीय सम्पत्तिको निसर्ग**

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्थाको वित्तीय सम्पत्ति पूर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछः

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा
- यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको कितावी मुल्य र सो निसर्गबाट प्राप्त जम्मा मुल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाइदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

**३.३.७ वित्तीय दायित्वको निसर्ग**

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरू समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको कितावी मुल्य र निसर्ग हुँदा तिरेको मुल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

**च) वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण**

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासलातको मितिको बिड (Bid) अथवा प्रस्तावित अन्तिम मुल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरूको फेयर भ्यालु विभिन्न मुल्य निर्धारण विधिहरू (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरूलाई चाहिने निवेशहरू (Inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्यांकबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मुल्य निर्धारण विधिहरूको प्रयोग गरी मापन गरिन्छ । यस प्रक्रिया अन्तर्गत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासलात मितिसम्म "डिस्काउन्ट" (छुट) गर्नु पर्दछ ।

यी उपकरणहरूको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट (बजार) तथ्यांकको धारणा (Assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (Realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरू (Assumptions) अन्तर्गत मानहरू पनि महत्वपूर्ण रूपले (Significantly) फरक पर्न सक्दछ ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश (Inputs) को महत्वलाई झल्काउँदछ ।

**स्तर-१ः-** समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मुल्यहरू (Unadjusted) ।

**स्तर-२ः-** अवलोकन योग्य निवेशहरू (Observable Inputs) को आधारमा या त सिधै (मुल्यको रूपमा) वा अप्रत्यक्ष रूपमा (मुल्यबाट प्राप्त) मुल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरूको मुल्य निम्न तरिकाहरू प्रयोग गरी निर्धारण गरिन्छः

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मुल्य वा

(ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरूमा समान उपकरणका लागि उद्धृत मुल्य वा

(ग) अन्य मुल्य निर्धारण विधिहरू जहाँ सबै महत्पूर्ण निवेशहरू (Inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बजार तथ्यांकबाट निरीक्षण गर्न सकिन्छ ।

**स्तर-३ः-** निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरू (signficant unobservable inputs) प्रयोग गरिने मुल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत समान उपकरणहरूको उद्धृत मुल्यलाई आधार मानी मुल्य निर्धारण गरिने

उपकरणहरू पर्दछन् । यसरी मुल्यांकन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (Significant unobservable adjustments) वा धारणाहरू (Assumptions) तय गर्न आवश्यक पर्दछ ।

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मुल्यको निर्क्योल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**छ) वित्तीय सम्पत्तिमा हुने नोक्सानी**

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरूको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरू यस प्रकार रहेका छन्ः

- खराब वित्तीय अवस्था
- सम्झौताका शर्तहरूको उल्लंघन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता
- ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका
- वित्तीय सम्पत्तिबाट सुरूवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा

**३.४.८.१ नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन**

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको कितावी मुल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनि आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखांकन गर्दा प्रयोग गरिएको समायोजित ब्याजदरले Discounting गर्दा हुनआउने रकम बीचको फरकलाई जनाइन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको कितावी मुल्यबाट उक्त नोक्सानी बराबरको रकम घटाएर प्रस्तुत गरिन्छ ।

नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरूले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको कितावी मुल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

**३.४.८.२ एकल ऋणको नोक्सानी व्यवस्था**

एकल रूपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरूलाई मध्यनजर गरिएको हुन्छः

- सो एकल ग्राहक समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
- ग्राहकको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
- भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
- धितोबाट उठ्न सक्ने अनुमानित रकम

**३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्था**

उस्तै प्रकृतिका ऋणहरूलाई समूहमा वर्गीकरण गरिन्छ । सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन साँख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ । यस्तो सामुहिक ऋणमा बिगतमा भएको नोक्सानी दरलाई "Net Flow Rate” विधिबाट निर्धारण गरिन्छ । यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरूलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको ‘Default’ को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रूपमा पुनरावलोकन गर्ने गरिन्छ ।

**३.४.८.४ पुनर्संरचना र पुनर्तालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था**

संस्थाले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पुनर्तालिकीकरण अथवा पुनर्संरचना गरिएको हुन्छ । यसरी पुनर्तालिकीकरण वा पुनर्संरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नुपर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरूवातको समायोजित ब्याजदर कै आधारमा गरिन्छ । यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रूपमा गणना गरिँदैन । यस्ता ऋणलाई एकल रूपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

**३.४.८.५ NFRS 9 - वित्तीय उपकरण – पहिचान, लेखांकन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२ (क) मा प्रस्तुत गरिएको वैकल्पिक व्यवस्थाको उपयोग गरिएको छ । तदअनुरूप, संस्थाले ऋण लगानीमा रू. १०,२१,६३,८८१.०० कर्जा नोक्सानी व्यवस्था गरेको छ । यस आर्थिक वर्षमा थप रू. १,७०,००,०००.०० व्यवस्था गरिएको छ ।

**३.४.९ प्रचलित ब्याजदर भन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी**

संस्थाले आफ्ना कर्मचारीहरूलाई मानव संशाधन व्यवस्थापन नियमावलीको प्रावधान भित्र रही सहुलियत ब्याजदरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट ऋण सापटीको भूक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याजदरले Discounting गरी सो ऋणको बजार मुल्य निर्धारण गरिन्छ । ऋणको सुरूवाती Transaction Price तथा उक्त बजार मुल्यको फरक कर्मचारी सुविधाको रूपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रूपमा Amortised Cost मा मापन गर्ने गरी लेखांकन गरिएको छ ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सहुलियतपूर्ण कर्जाका लागि NFRS अनुसार यस अवधि र तुलनात्मक अवधिहरूमा सारभूतताका कारण उचित मुल्य समायोजन गरिएको छैन ।

**३.४.१० Amortized Cost को मापन**

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रूपमा सो को सुरूवाती किताबी मुल्यमा साँवा भुक्तानीको रकम, सञ्चित परिशोधन खर्च तथा सञ्चित नोक्सानी व्यवस्थाको रकम समायोजन गरेपछिको रकमलाई जनाइन्छ ।

कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मुल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मुल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त ब्याजदरलाई समायोजित ब्याजदर भनिएको छ । संस्थाले समायोजित ब्याजदरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ ।

**३.४ लगानी सम्पत्ति (Investment Properties)**

एन.एफ.आर.एस. १६ (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र एन.एफ.आर.एस. ५ (बिक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको सञ्चालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुवै लगानी सम्पत्ति हुन् । संस्थाले गैर बैंकिङ्ग सम्पत्तिको रूपमा प्राप्त गरेको जग्गा वा भवन वा दुवैलाई लगानी सम्पत्तिको रूपमा वर्गीकरण गरेको छ । संस्थाले लगानी सम्पत्तिलाई NAS 16 अनुसार ऐतिहासिक मुल्यमा लेखांकन गर्ने नीति लिएको छ र उक्त लगानी सम्पत्ति अन्तर्गतको भवनको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

### ३.५ सम्पत्ति तथा उपकरण

सहकारीले NAS 16 – "Property, Plant & Equipment" को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरूको पहिचान, मापन तथा लेखांकन गर्ने गरेको छ ।

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संस्थाले NFRS 16 पट्टा (Lease) को प्रावधान अनुसार आर.ओ.यू सम्पत्तिलाई समेत सम्पत्ति तथा उपकरण अन्तर्गत नै प्रस्तुत गर्ने नीति लिएको छ ।

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखांकन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पुँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रूपमा लेखांकन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरूलाई खर्च भएकै अवधिमा प्रोद्भावी आधारमा नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई "Cost Model" मा लेखांकन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सो को ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

संस्थाले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पुनर्मुल्यांकन Model अपनाएको छैन ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको कितावी मुल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गर्दा सोमा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**ह्रासकट्टी**

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । उपयोगको अधिकार सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई चालु आर्थिक वर्षदेखि घट्दो मौज्दात विधिको आधारमा ह्रासकट्टी गरेको छ भने लिजहोल्ड र उपयोगको अधिकार सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन नीति अपनाइएको छ । सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको ह्रासकट्टी दर निम्न बमोजिम छ ।

| सम्पत्तिको प्रकृति | ह्रासकट्टी दर |
|---|---|
| भवन | ३% |
| कार्यलय उपकरण | २०% |
| परिवहन साधन | १०% |
| फर्निचर तथा फिक्सर | १०% |
| उपयोगको अधिकार सम्पत्ति | पट्टाको अवधि |
| लीज होल्ड सम्पत्ति | ५% |
| अदृश्य सम्पत्ति | २०% |

**ह्रासकट्टी विधिमा परिवर्तन सम्बन्धी लेखा प्रकटीकरण**

**लेखा अनुमानमा परिवर्तन**

२०८२/८३ देखि संस्थाले आफ्ना सम्पत्तिहरूको उपभोग ढाँचा (Pattern of Consumption) लाई अझ वस्तुनिष्ठ र यथार्थपरक रूपमा प्रस्तुत गर्न ह्रासकट्टीको गणना विधिमा पुनरावलोकन गरी संशोधन गरेको छ ।

**परिवर्तनको विवरण :**

संस्थाले सम्पत्तिको वर्गमा यसअघि प्रयोग गर्दै आएको समरेखा विधि (Straight-Line Method - SLM) लाई परिवर्तन गरी घट्दो मौज्दात विधि (Written Down Value Method – WDV) अपनाएको छ ।

**परिवर्तनको कारण :**

यी सम्पत्तिहरूको सुरुवाती वर्षहरूमा बढी उपयोग हुने र पछिल्ला वर्षहरूमा मर्मत-सम्भार खर्च बढ्दै जाने भएकाले, ध्म्ख विधिले सम्पत्तिबाट प्राप्त हुने भावी आर्थिक लाभको यथार्थ स्थिति झल्काउने सञ्चालक समितिको निष्कर्ष रहेको छ ।

**वित्तीय प्रभाव :**

NAS 8 -Accounting Policies, Changes in Accounting Estimates and Errors बमोजिम यस परिवर्तनलाई लेखा अनुमानमा परिवर्तन मानी भविष्यगामी प्रभाव (Prospective Effect) का रूपमा लागू गरिएको छ । अघिल्ला वर्षहरूका वित्तीय विवरणहरूलाई समायोजन (Restate) गरिएको छैन ।

यस परिवर्तनका कारण चालु आर्थिक वर्ष तथा आगामी वर्षहरूमा परेको प्रभाव निम्नानुसार रहेको छ :

| विवरण | चालु आ.व. २०८२/८३ (रू.) |
|---|---|
| SLM विधि अनुसार हुन आउने ह्रासकट्टी खर्च रकम | २६,९०,४२८.८० |
| WDV विधि अनुसार कायम भएको ह्रासकट्टी खर्च | २४,८१,६९६.१७ |
| नाफा/नोक्सानमा परेको खुद प्रभाव | २०८,७३२.६३ |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा बिक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा ह्रासकट्टी गरी राखिन्छ । ह्रासकट्टीको पद्धति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मुल्य (Residual Value) को आवधिक रूपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

सम्पत्तिको बाँकी रहने मुल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरू समय सापेक्ष राख्न नियमित रूपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

**३.६ अदृश्य/अमूर्त सम्पत्ति**

खरिद गरिएको कम्प्युटर सफ्टवेयर, लाइसेन्सहरूको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पुँजीकृत गरिन्छ । कम्प्युटर सफ्टवेयर लागतलाई अपेक्षित उपयोगी अवधिको आधारमा परिशोधन गरिन्छ । सफ्टवेयर चालु अवस्थामा राख्न लाग्ने रकमलाई खर्चको रूपमा मान्यता दिइन्छ ।

सफ्टवेयरलाई उपलब्ध मितिदेखि समदर विधिमा अनुमानित उपयोगी अवधिको आधारमा परिशोधन गरेको छ । उपयोगको अवधि ५ वर्ष अनुमान गरिएको छ ।

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको कितावी मुल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गर्दा सो मा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

३.७ आयकर

संस्थाले आयकर लेखांकन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

**क) चालु कर**

चालु कर भनेको यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नुपर्ने वा पाउनुपर्ने करको रकम हो जुन रिर्पोटिङ्ग मितिमा लागू गरिएको वा ठोस रूपमा लागु गरिएको करका दरहरू प्रयोग गरी गणना गरिन्छ ।

**ख) स्थगन कर**

आर्थिक वर्षको अन्त्य मितिमा कर आधार र कितावी मुल्यको अस्थायी भिन्नताहरूमा स्थगन कर पहिचान गरिन्छ । स्थगन कर आर्थिक वर्षको अन्त्य मितिमा संस्थामा लागू हुने त्यो दर प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आय कर सम्पत्ति प्राप्त हुँदा वा स्थगन आयकर दायित्व समाप्त हुँदा लागू हुने अपेक्षा गरिएको हुन्छ । स्थगन कर सम्पत्तिहरू तब मात्र मापन गरिन्छ जब भविष्यमा अस्थायी भिन्नताहरूको अन्त्य गर्न करयोग्य मुनाफा उपलब्ध हुनेछ भनी अपेक्षा गर्न सकिन्छ ।

**३.८ पट्टा दायित्व**

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखांकन NFRS 16 - Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्भौताको रूपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मुल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्भौताले प्रदान गर्छ । NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मुल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखांकन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरूको हकमा भने उपयोगको अधिकार सम्पत्ति र पट्टा दायित्वको रूपमा लेखांकन गर्ने गरेको छ । यसरी पहिचान भएको उपयोगको अधिकार सम्पत्तिलाई सम्पत्ति अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ब्याज खर्चमा देखाइएको छ ।

**पहिचान**

पट्टाको प्रारम्भिक मितिमा संस्थाले उपयोगको अधिकार सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ । NFRS 16 अनुसार पट्टामा लिने संस्थाले तल उल्लेखित पट्टाहरूको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरूको लागि पट्टा अवधि भरी उपयोगको अधिकार सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ ।

छुटको सुविधा लिन सकिने पट्टाहरू

- छोटो अवधि (१२ महिना भन्दा कम) वा
- अंतर्निहित सम्पत्तिको मुल्य कम भएको
- छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टामा तिरेको भुक्तानीलाई सिधै अन्य सञ्चालन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ ।

**प्रारम्भिक मापन**

**पट्टा दायित्वको मापन**

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टामा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मुल्यमा मापन गर्नुपर्छ ।

संस्थाले पट्टेदारको वृद्धिशील उधार दर १० प्रतिशतको दरले पट्टा दायित्वको मापन गरेको छ ।

**उपयोगको अधिकार सम्पत्ति**

उपयोगको अधिकार सम्पत्तिलाई शुरूमा लागतमा लेखांकन गरिन्छ । उपयोगको अधिकार सम्पत्तिको लागतमा निम्न रकमहरू जोडिएका हुन्छन् ।

- उपयोगको अधिकार सम्पत्ति = प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी - प्राप्त पट्टा प्रोत्साहन

**पछिको मापन (Subsequent Measurement)**

**उपयोगको अधिकार सम्पत्ति**

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मुल्यांकन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ ।

लागत मोडलमा मापन गरिएको उपयोगको अधिकार सम्पत्तिलाई त्यसको लागतमा सञ्चित ह्रासकट्टी र सञ्चित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन मापन वापतको रकम समायोजन गरी देखाउने गरेको छ । संस्थाले लागत मोडलमा मापन गरिएको उपयोगको अधिकार सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टीको लेखांकन गर्ने गरिएको छ ।

**पट्टा दायित्व**

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखांकन गर्ने गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसाबले मापन गरिन्छ :

- पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्धि गर्ने
- पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- कुनै प्रकारको पुनर्मुल्यांकन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुनःनिर्धारित रकम ।

**खर्चको पहिचान र मापन**

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरूको पहिचान गर्ने गर्दछ ।

- उपयोगको अधिकार सम्पत्तिको ह्रासकट्टी
- पट्टा दायित्वमा ब्याज खर्च
- उपयोगको अधिकार सम्पत्तिको हानी
- परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन ।

उपयोगको अधिकार सम्पत्तिको ह्रासकट्टी खर्च र हानीलाई नाफा नोक्सान विवरणको ह्रासकट्टी र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा ब्याज खर्चलाई नाफा नोक्सान विवरणमा प्रस्तुत गरिएको छ ।

**भाडा सम्बन्धी लेखा नीतिमा परिवर्तनको प्रकटीकरण**

चालु आर्थिक वर्ष २०८२/८३ मा संस्थाले NFRS 16 -Leases अन्तर्गत प्रयोगको अधिकार प्राप्त सम्पत्ति तथा पट्टा दायित्व पहिचान गर्ने सम्बन्धी लेखा नीतिमा परिमार्जन गरेको छ ।

**अघिल्लो लेखा नीति :**

यस अघिका वर्षहरूमा सम्पूर्ण भाडा सम्झौताहरू (रकमको सीमा वा भौतिकतालाई ध्यान नदिई) लाई प्रयोगको अधिकार प्राप्त सम्पत्ति र पट्टा दायित्वको रूपमा वासलातमा प्रविष्ट गर्ने गरिएको थियो ।

**संशोधित लेखा नीति :**

NFRS 16 को सारभूतता र व्यवहारिक छुटको प्रावधानलाई ध्यानमा राखी संस्थाको सञ्चालक समितिले भाडा सम्बन्धी नयाँ मापदण्ड तय गरेको छ । जस अनुसार चालु वर्षदेखि मासिक भाडा रकम रू. १०,०००।– वा सोभन्दा बढी भएका सम्झौताहरूलाई मात्र प्रयोगको अधिकार प्राप्त सम्पत्ति र पट्टा दायित्वको रूपमा प्रविष्ट गरिनेछ । मासिक रू. १०,०००।– भन्दा कम भाडा रकम भएका सम्झौताहरूलाई नाफा नोक्सान हिसाबमा सिधै खर्चका रूपमा लेखांकन गरिनेछ ।

**पहिले कायम रहेका प्रयोगको अधिकार प्राप्त सम्पत्ति र पट्टा दायित्वको खारेजी :**

नयाँ कायम गरिएको सीमा (रू. १०,०००।-) भन्दा कम रकमका पूर्व–स्वीकृत प्रयोगको अधिकार प्राप्त सम्पत्ति र पट्टा दायित्वलाई सञ्चालक समितिको निर्णय बमोजिम अपलेखन गरिएको छ ।

**वित्तीय प्रभाव :**

| विवरण | रकम (रू.) |
|---|---|
| खारेज गरिएको कुल प्रयोगको अधिकार प्राप्त सम्पत्ति | १८,०४,४८३.२६ |
| घटाउनेः खारेज गरिएको प्रयोगको अधिकार सम्पत्तिको कुल सञ्चित ह्रासकट्टी | ९,०५,५३९.७४ |
| खारेज गरिएको प्रयोगको अधिकार प्राप्त सम्पत्तिको खुद किताबी मुल्य | ८,९८,९४३.५२ |
| खारेज गरिएको पट्टा दायित्व | १०,२३,४६८.५६ |
| खारेजीबाट नाफा नोक्सान हिसाबमा परेको खुद प्रभाव (नाफा/(नोक्सान) | १२४,५२५.०४ |

### ३.९ सम्भावित दायित्वहरू

संस्थाले सम्भावित दायित्वहरूको पहिचान तथा लेखांकन NAS 37 - Provisions, Contingent Liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरूमा देहाय बमोजिमका विषयहरू समावेश गरिएका छन्ः

विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरू जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरूले निर्क्यौल गर्दछ ।

विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएका दायित्वहरू

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

### ३.१० आयको पहिचान

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 – “Revenue from Contracts with Customers” को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखांकन गर्ने गरेको छ ।

#### ३.१०.१ ब्याज आम्दानी

ब्याज आम्दानीमा ऋण लगानी, नाफा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरू समावेश हुन्छ । यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले माथि उल्लेखित बुँदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ । संस्थाले धितोको "खुद प्राप्ति मुल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज ३ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन ।

#### ३.१०.२ शुल्क तथा कमिशन आम्दानी

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखांकन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरू सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखांकन गरिन्छ । यस सम्बन्धमा संस्थाले बुँदा २.१.२ (ख) मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

#### ३.१०.३ लाभांश आम्दानी

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखांकन गरिन्छ ।

बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात बाँकी रहेको खुद रकमका आधारमा लेखांकन गरिन्छ ।

**३.१०.४ खुद व्यापारिक आम्दानी**

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मुल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरेको छ । हाल संस्था कुनै प्रकारको खुद व्यापारिक आम्दानी भने रहेको छैन ।

**३.१०.५ अन्य सञ्चालन आम्दानी**

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षक अन्तर्गत देखाइएको छ । विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाइदा वा घाटा, भ्त्रगष्तथ शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

**३.११ खर्चको लेखांकन**

**३.११.१ ब्याज खर्च**

सदस्यहरूको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखांकन गरिन्छ । प्रभावकारी ब्याजदरको करिबी दर प्रयोग गरी ब्याज खर्च लेखांकन गरिन्छ ।

**३.११.२ कर्मचारी खर्च**

कर्मचारी खर्चको पहिचान, मापन तथा लेखांकनको लागि संस्थाले NAS 19 - “Employee Benefits” को प्रावधान बमोजिम गरेको छ ।

**क) अल्पकालिन कर्मचारी खर्चहहरू**

ज्याला, तलब, भत्ता, विदा वापतको रकम भुक्तानी तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरू (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालिन कर्मचारी खर्चहरूमा पर्दछन् । अल्पकालिन कर्मचारी खर्चको लेखांकन कर्मचारीले सेवा प्रदान गरे पश्चात वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । अल्पकालिन कर्मचारी खर्चलाई Discount नगरी मापन गरिन्छ र सेवा प्रदान गरेको बखत नै खर्च जनाइन्छ ।

**ख) रोजगार पछिको सुविधा**

NAS 19 कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगारपछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरूको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन ।

परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नुपर्ने योगदानलाई कर्मचारी खर्च भनेर Due भएको दिन खर्चमा लेखांकन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रूपमा अन्य दायित्वमा देखाइन्छ । संस्थाले प्रशिक्षण अवधि पूरा भएका प्रत्येक कर्मचारीको तलबको २० प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरू NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछिको सेवा सुविधा हो ।

यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ । संस्थाले आफ्नो सबै कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा सुचिकृत गराई सकेको हुनाले कर्मचारी उपदान वापतको सेवा सुविधा रहेको छैन ।

### ३.११.३ पट्टा खर्च

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखांकन NFRS 16 - Lease को प्रावधान बमोजिम गरेको छ । जस अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मुल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखांकन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरूको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रूपमा लेखांकन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी काटिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ब्याज खर्चमा देखाइएको छ ।

### ३.१२ शेयर पुँजी

शेयर पुँजीलाई चुक्ता मुल्यमा लेखांकन गरिन्छ । शेयर सदस्यहरूलाई वार्षिक साधारण सभामा मत राख्न सक्ने र पारित लाभांश पाउने अधिकार हुन्छ । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर रहेको छैन ।

### ३.१३ कोषहरू

**जगेडा कोष र अन्य कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खुद मुनाफा रकमको २५ प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ६९ र ७० मा भएको व्यवस्था अनुसार संस्थाले साधारण जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट संरक्षित पुँजी फिर्ता कोषमा २५% र सहकारी प्रवर्द्धन कोषमा ०.५% रकम रकमान्तर गरिन्छ । सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र संस्थाको विनियम बमोजिम अन्य शीर्षकमा संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा नाफा बाँडफाँड पछीको नाफा बाँडफाँड गरिन्छ ।

**NFRS समायोजन कोष**

संस्थाद्वारा नेपाल वित्तीय प्रतिवेदन मानको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा प्रोद्भावी आधारमा लेखांकन प्रणालीको अवलम्बन गरी आर्जन गरेको ब्याज आम्दानीलाई वितरण योग्य नाफामा गणना नगर्नका निमित्त NFRS समायोजन कोष अन्तर्गत लेखांकन गर्ने नीति अपनाइएको छ ।

### ३.१४ इकाई रिपोर्टिङ (Segment Reporting)

संस्थाले रिपोर्टिङ इकाई (Reporting Segment) को पहिचान गरी NFRS 8 - Operating Segments बमोजिम रिपोर्टिङ इकाइको छुट्टै वित्तीय विवरण तयार गरी समष्टीगत वित्तीय विवरणसँग भिडान गरी प्रस्तुत गर्नुपर्ने हुन्छ । छुट्टै इकाई रिपोर्टिङ आवश्यक नभएकाले छुट्टै इकाई रिपोर्टिङ गरिएको छैन ।

मिति : २०८३/०५/२५
स्थान : काभ्रे, दोलखा ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | | | |
|---|---|---|---|---|---|
| नविन्द्र रिमाल<br>लेखा प्रमुख | नवराज दहाल<br>प्रमुख कार्यकारी अधिकृत | विमला दहाल (घिमिरे)<br>सञ्चालक सदस्य | नारायण बस्नेत<br>सञ्चालक सदस्य | सन्तोष प्रसाद बिमली<br>सञ्चालक सदस्य | केदार प्रसाद दहाल<br>सञ्चालक सदस्य |
| ज्ञान बहादुर तामाङ<br>सञ्चालक सदस्य | राजेन्द्र प्रसाद ढुंगेल<br>कोषाध्यक्ष | शिवराम ढकाल<br>सहसचिव | नारायण प्रसाद दहाल<br>वरिष्ठ उपाध्यक्ष | गोपालध्वज श्रेष्ठ<br>अध्यक्ष | सिए. सुनिल श्रेष्ठ<br>श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स |

# सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी वार्षिक प्रतिवेदन
# आ.व. २०८२/०८३

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ७ प. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी सहकारी संघ संस्थालाई जारी (पाँचौं संशोधन सहित) निर्देशन, २०८२ लाई प्रभावकारी रूपमा लागू गर्नको लागि संस्थाले सम्पत्ति शुद्धीकरण तथा जोखिम व्यवस्थापन नीति, २०७८ (पहिलो संशोधन २०८१ सहित) तयार पारी कार्यान्वयनमा ल्याएको छ । यसले सम्पत्ति शुद्धीकरण निवारण कार्यविधिको कार्यान्वयन गरी संस्था मार्फत गरिने वित्तीय कारोवारलाई स्वच्छता एवं पारदर्शिता कायम गर्दै संस्थामा जोखिम कम गर्न आन्तरिक नियन्त्रण प्रणाली मजबुद बनाएर संस्थागत सुशासन तथा लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी कार्य सम्पादन गर्न सहयोग पुग्नेछ ।

संस्थाले सम्पत्ति शुद्धीकरण निवारण ऐनमा भएका व्यवस्थाहरूलाई पालना गर्दै आएको छ । संगठित अपराध, तथा राजश्व छलीबाट आर्जित सम्पत्तिको व्यवस्थापनमा संस्थालाई प्रयोग हुन नदिन आवश्यक सावधानीहरू अपनाइएको छ । संस्थाले ऋण लगानी गर्दा सदस्यहरूबाट आवश्यक धितो लिई ऋण उपभोग गर्नुको प्रयोजन समेत स्पष्ट खुलाई प्रचलित कानुन अनुसार कारोवार गर्ने सदस्यहरूलाई मात्र ऋण दिने नीति लिएको छ । १० लाख भन्दा माथिको भुक्तानीलाई अनिवार्य एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गर्ने गरिएको र पाँच लाख भन्दा बढी नगद कारोवार नगरी खाता मार्फम मात्र गर्ने गरिएको छ । बिलहरूको भुक्तानी गर्दा सम्बन्धित व्यक्ति, संस्था वा कम्पनीको नाममा कर चुक्ता गरेको प्रमाण जाँच गरी चेक मार्फत भुक्तानी गर्ने गरिएको छ ।

एक दिनमा एक पटक वा पटक-पटक गरी १० लाख भन्दा बढी नगद निक्षेप जम्मा गर्ने सदस्यहरूलाई रकमको स्रोत स्पष्ट खुलाई र सो कारोवारको प्रमाण देखिने कागजपत्र सहित निक्षेप लिने गरिएको छ । एक लाख भन्दा माथिको नगद जम्मा र भुक्तानी गर्दा सम्बन्धित व्यक्तिको आधिकारिक परिचय-पत्रको प्रतिलिपि राख्ने व्यवस्था गरिएको छ । संस्थाको कार्यक्षेत्र भित्र स्थायी रूपमा बसोबास गरेको एकिन गरी बसोबास स्थान र पेशा सम्बन्धी पूर्ण जानकारी लिएर मात्र सदस्यता प्रदान गर्ने व्यवस्था गरिएको छ । कारोवारको स्रोतको जानकारी लिई सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरूलाई परिपालना गर्दै लगिएको छ ।

तोकिएको सीमा भन्दा बढीको कारोवारको नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईमा नियमित प्रतिवेदन पठाउने गरिएको छ । सम्पत्ति शुद्धीकरण ऐन, नियमावली तथा वित्तीय जानकारी इकाईले समय-समयमा दिएको निर्देशन पालना गर्न सहकारी विभागले सहकारी संघ संस्थाहरूलाई जारी गरेको निर्देशन बमोजिम संस्थाले कार्यान्वयन अधिकारी नियुक्त गरेको छ ।

संस्थाले संस्थामा कार्यरत कर्मचारीहरूलाई सम्पत्ति शुद्धीकरण तथा जोखिम न्यूनिकरण सम्बन्धी तालिम तथा गोष्ठीहरूमा सहभागी गराउँदै आएको छ । संस्थाले सूचना पाटी, रेडियो, समाजिक सञ्जाल तथा वेभसाइट मार्फत सूचना प्रकाशित गरी संस्थागत जानकारी तथा सदस्यहरूलाई आफ्नो पछिल्लो विवरण अद्यावधिक गर्न सूचना तथा जानकारी प्रेषण गरिहेको छ । साथै आगामी दिनमा यसलाई थप व्यवस्थित गरी सदस्य तथा संस्थाको कारोवारमा हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्दै लगिने छ ।

**सम्पत्ति शुद्धीकरण तथा निवारण सम्बन्धी यस आ.व. मा सम्पन्न कार्यहरूः**

१. **सीमा कारोवार प्रतिवेदन (Threshold Transaction Report -TTR) सम्बन्धमाः** सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थाहरूलाई जारी निर्देशन (पाँचौं संशोधन) २०२ सहित), २०७४ को दफा १९ र दफा २१ को उपदफा २ अनुसार वित्तीय जानकारी इकाईमा अनुसूची -४ बमोजिमको सीमा कारोवार प्रतिवेदन (Threshold Transaction Report) कार्यान्वयन अधिकारी मार्फत प्रत्येक कारोवार भएको १५ दिनभित्र नियामक निकायमा पुग्ने गरी गत आ.व. मा ४५ वटा सीमा कारोवार प्रतिवेदन पठाइएकोमा यस आ. व. मा २० वटा सीमा कारोवारको प्रतिवेदन (XML Report) वित्तीय जानकारी एकाईको पेश गरिएको छ ।

२. **कोपोमिसको कार्यान्वयन सम्बन्धमाः** सहकारी विभागको कोपोमिस पोर्टलमा यस आर्थिक वर्षसम्म २१५२३ सदस्यहरूको सदस्य पहिचान अद्यावधिक गरिएको छ । साथै समष्टिगत विवरण, मासिक आर्थिक विवरण र सम्पत्ति शुद्धीकरण विवरणहरू नियमित रूपमा प्रविष्टि गर्ने गरिएको छ ।

३. **नियमनकारी निकायमा प्रतिवेदन पेश सम्बन्धमाः** नियमनकारी निकायलाई पेश गर्नुपर्ने वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाण पत्र समयमानै पेश गर्ने गरिएको छ साथै संस्थाको कार्यक्षेत्रका स्थानीय तहहरूको सहकारी ऐन अनुसारको सूचिकरण हुने र प्रतिवेदन पेश गर्ने गरिएको छ ।

४. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनको पालना सम्बन्धमाः** सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थाहरूलाई जारी निर्देशन, २०७४ (पाँचौं संशोधन २०८२ सहित) अनुसार सदस्य पहिचान फारम, रकम जम्मा भौचर, कोर बैंकिङ्ग प्रणाली, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी विवरणहरू पहिचान गर्न सक्ने विद्युतीय प्रणाली (AML/CFT Software) सहित सम्बन्धित फारमहरू तथा कागजात अद्यावधिक गरी कारोवार गर्ने गरिएको छ ।

५. **goAML Software सम्बन्धमाः** सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थाहरूलाई जारी निर्देशन, २०७४ (पाँचौं संशोधन २०८२ सहित) को दफा २१ को उपदफा २ अनुसार संस्थाको AML/CFT (Trust AML) सफ्टवेयर मार्फत XML Format मा Digital रिपोर्टिङ गर्ने गरिएको छ ।

६. **जोखिम मुल्यांकन अध्यावधिक प्रतिवेदन सम्बन्धमाः** सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थाहरूलाई जारी निर्देशन (पाँचौं संशोधन २०८२ सहित), २०७४ को दफा १३ (२) र (३) मा उल्लेखित अनुसूची-३ बमोजिमको प्रतिवेदन सहकारी रजिष्टारको कार्यालय तथा संथाको नियमनकारी निकाय आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय, बागमती प्रदेश हेटौडामा प्रेषित गर्ने गरिएको छ ।

यस आ.व. को वार्षिक प्रतिवेदन अनुसार संस्थामा सम्पत्ति शुद्धीकरण तथा निवारण र सो सँग सरोकार राख्ने विषय सम्बन्धी विवरण यस प्रकार रहेको छ ।

| विवरण | गत आ.व. २०८१/०८२ | चालु आ.व. २०८२/०८३ |
|---|---|---|
| जम्मा शेयर सदस्य संख्या | २७५८५ | २६१५५ |
| क) सदस्य (१० लाखसम्म शेयर हुने) | २७५८३ | २५१५३ |
| ख) सदस्य (१० लाख भन्दा माथि शेयर हुने) | २ | २ |
| ग) बचतकर्ता सदस्य (१० लाखसम्म) | २७३९३ | २५९७४ |
| घ) बचतकर्ता सदस्य (१० लाख भन्दा माथि) | १९२ | १८१ |

| विवरण | गत आ.व. २०८१/०८२ | चालु आ.व. २०८२/०८३ |
|---|---|---|
| ङ) ऋणी सदस्य (१० लाखसम्म) | २७०५ | २५१४ |
| च) ऋणी सदस्य (१० लाख भन्दा माथि) | ४१३ | ३९२ |
| छ) पहिचान अद्यावधिक भएका सदस्य संख्या | २२३९५ | २१५२३ |
| ज) पहिचान अद्यावधिक नभएका सदस्य संख्या | ५१९० | ४६३२ |
| झ) सीमा कारोवार प्रतिवेदनको संख्या | ४५ | १९ |
| ञ) विद्युतीय कारोवार गर्ने सदस्य (मोबाईल बैंकिङ्ग प्रयोगकर्ता) | १९६४ | २०४० |
| ट) बिप्रेषण सेवा प्रयोग गर्ने सेवाग्राही संख्या | ३४७२ जना सदस्य र ६५८ जना गैर सदस्य गरी जम्मा ४१३० जना (कारोवार रकम १७,९५,३५,७५६) | २११३ जना सदस्य र ३६७ जना गैर सदस्य गरी जम्मा २४८१ जना (कारोवार रकम १३,०३,८९,०३८) |
| ठ) उच्च जोखिममा परेका सदस्य संख्या | ३१७ (वार्षिक कारोवारको आधारमा) | ३५५ (वार्षिक कारोवारको आधारमा) |
| ड) मध्यम जोखिममा परेक सदस्य संख्या | १०४५ (वार्षिक कारोवारको आधारमा) | १०५० (वार्षिक कारोवारको आधारमा) |
| ढ) मोबाईल बैंकिङ्ग सेवा मार्फत भएको कारोवार (वार्षिक) | संख्याः ५१५१२ र रकमः ५८,३०,५२,९५९.५४ | संख्याः ५२६६९ र रकमः ४३,३२,२०,५८०.३९ |
| ण) संस्थाका टेलर मार्फत भएका कारोवारको संख्या (वार्षिक) | २३१९५१ | २१०६४९ |

७. **जोखिम मुल्यांकन सम्बन्धमाः** संस्थालाई आन्तरिक तथा बाह्य जोखिमबाट बचाउनको लागि सम्पत्ति शुद्धीकरण तथा जोखिम व्यवस्थापन नीति २०७८ (पहिलो संशोधन २०८१) मा उल्लेखित जोखिम मुल्यांकन गरी सञ्चालक समितिको नियमित बैठकमा छलफल गरिनुका साथै नियामक निकायमा प्रतिवेदन पेश गर्ने गरिएको छ । संस्थामा आवद्ध उच्च पदस्थ व्यक्तिहरूको रेकर्ड राखिएको छ र सदस्यले गर्ने बचत तथा ऋण कारोवारको आधारमा जोखिमको वर्गीकरण गरिएको छ । जोखिम वर्गीकरणको आधारमा सदस्यहरूको सदस्य पहिचान फाराम अध्यावधिक गर्ने गरिएको छ ।

**अन्त्यमा,**

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा हुने वित्तीय लगानी राष्ट्रिय समस्यको रूपमा रहेको छ । अपराधिक कार्यबाट आर्जित सम्पत्ति तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नयाँ प्रकृतिका आर्थिक अपराध हुन् । यस्ता अपराधहरू नियन्त्रण गर्न राष्ट्रिय रूपमा भएका साझा प्रयासहरू कार्यान्वयन गर्न संस्थागत जिम्मेवारी बहन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं साथै यस प्रयोजनको लागि आवश्यक सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू, सञ्चालक समिति, संस्था व्यवस्थापन, नियामक निकाय, संस्थालाई आवशयक सफ्टवेयर प्रदायक इन्फो डेभलपर्स प्रा. लि. र डेटम सिस्टम प्रा. लि. लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

जय सहकारी । जय जनसचेतन ॥

कार्यान्वयन अधिकारी

# गुनासो सुनुवाई अधिकारीको प्रतिवेदन
# आ.व. २०८२/०८३

संस्थामा आवद्धता जनाउने सदस्यहरूको संख्यामा दिनानुदिन वृद्धि हुँदै जाँदा कार्यक्षेत्रको समेत विस्तार हुँदै गएको परिपेक्षमा सदस्यहरूका सल्लाह, सुझाव तथा गुनासाहरूको उचित सम्बोधन तथा समयमै व्यवस्थापनको लागि संस्थाले गुनासो संयन्त्रको विकासका अलवा गुनासो सुनुवाई अधिकारीको व्यवस्था गरी यथासक्य छिटो र छरितो माध्यमबाट गुनासाहरूको सम्बोधनमा लागेको छ । सदस्यहरूको लागि खोलिएको संस्था र सो संस्थाबाट उत्पादित वस्तु तथा सेवाहरू पनि सदस्यहरूका लागि भएको र प्रजातन्त्रको उत्कृष्ट उदाहरण सहकारी संस्था भएकाले आवद्ध सदस्यहरूका सल्लाह, सुझाव तथा गुनासाहरू संस्था सञ्चालनका महत्वपूर्ण कडिहरू हुन । हाल सहकारी विभाग तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी निर्देशन तथा मापदण्डमा समेत ठूला सहकारी संस्थाहरूले गुनासो सुनुवाईको उचित व्यवस्थापन मिलाउनु पर्ने भनि नीतिगत व्यवस्था गरेको छ । विगतका वर्षहरूमा प्रत्येक सेवाकेन्द्र तथा संकलनकेन्द्रहरूबाट लिखित तथा मौखिक रूपमा प्राप्त गुनासा तथा सुझावहरू संकलन गर्ने गरिएको र संकलित गुनासा तथा सुझावहरूलाई कार्यान्वयनको लागि सम्बन्धित सेवाकेन्द्र प्रमुख, शाखा प्रमुख, प्रमुख कार्यकारी अधिकृत र सञ्चालक समितिको तर्फबाट समाधान तथा सम्बोधन गर्ने गरिएकोमा हाल मानव संसाधन तथा व्यवस्थापन नीतिमा समावेश गरी गुनासो सुनुवाई अधिकारीको व्यवस्थापन गरी छिटो र छरितो तरिकाबाट सदस्यहरूका गुनासा तथा सुझावहरूलाई सम्बोधन गर्ने व्यवस्थापन गरिएको हो । सदस्यहरूको सुझाव तथा गुनासोहरू संकलन र सम्बोधनको लागि निम्नानुसार व्यवस्थापन गरिएको छ ।

**१. गुनासा तथा सुझावहरूको संकलन गर्ने माध्यमहरू:**

सबै कार्यालयहरूमा सदस्य बडापत्र रहेकाले के कति कारणले तोकिए बमोजिम नभएको हो भनी गुनासो लिखित तथा मौखिक रूपमा गुनासो राख्न सकिने व्यवस्थापन गरिएको छ ।

क) प्रत्येक सेवाकेन्द्र तथा संकलनकेन्द्रमा सुझाव पुस्तिका तथा सुझाव संकलन बाकसको व्यवस्थापन गरेर ।

ख) मौखिक रूपमा प्रदान गरिएका सल्लाह तथा सुझावहरूलाई कर्मचारीहरूबाट टिपोट गराएर ।

ग) सबै सेवाकेन्दमा गुनोसो सुनुवाई अधिकारीको फोटो सहितको सम्पर्क विवरण उल्लेखित ब्यानर रहेकाले फोन सम्पर्क गरेर ।

घ) व्यवस्थापन प्रमुख तथा सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको फोटो र सम्पर्क नम्बर उल्लेखित ब्यानरहरू रहेकाले इमेल, म्यासेज र फोन सम्पर्क गरेर ।

ङ) संस्थाको फेसबुक पेज, वेबसाईट, इमेल ठेगाना तथा म्यासेज मार्फत पेश गर्न सकिने ।

च) वार्षिक रूपमा हुने सदस्य सन्तुष्टि सर्वेक्षण कार्यक्रममा सहभागिता जनाएर ।

छ) संस्थाले आयोजना गरेका विभिन्न कार्यक्रमहरूमा सहभागी भई मौखिक रूपमा पेश गर्न सकिने ।

**२. संकलित तथा प्राप्त गुनासोहरूको सम्बोधन तथा व्यवस्थापन:**

संकलित वा प्राप्त भएको सुझाव तथा गुनासाहरूको व्यवस्थापन र सम्बोधन निम्नानुसार गर्ने गरिएको छ ।

क) पहिलो चरणमा सम्बन्धित सेवाकेन्द्र तथा संकलनकेन्द्रका कर्मचारीहरूबाट ।

ख) दोस्रो चरणमा सम्बन्धित सेवाकेन्द्र तथा संकलनकेन्द्रका प्रमुखबाट ।

ग) तेस्रो चरणमा सम्बन्धित शाखा प्रमुख तथा गुनासो सुनुवाई अधिकारीबाट ।

घ) चौथो चरणमा प्रमुख कार्यकारी अधिकृतबाट ।

ङ) पाँचौं चरणमा सञ्चालक समितिका पदाधिकारी तथा समितिको बैठकबाट र नभएमा साधारण सभाबाट ।

**३. आ.व. २०८२/०८३ मा प्राप्त गुनासोहरूको सम्बोधन तथा व्यवस्थापनको अवस्थाः**

क) यस वर्ष लिखित ११ वटा गुनासोहरू परेकामा ११ वटा गुनासोहरू समाधान गरिएको छ ।

ख) लघुवित्त समूहको बैठक, वित्तीय साक्षरता, विस्तारित मञ्च तथा साधारण सभाका कार्यक्रमहरूमा तत्काल समाधान गरिएको ।

ग) संस्थाको आधिकारी वेबसाईट, इमेल ठेगाना तथ फेसबुक लगायतका विद्युतीय माध्यमबाट प्राप्त जिज्ञासाहरूको सम्बोधन ।

यो निरन्तर कार्यक्रम भएकोले सदस्यज्यूहरूको सरसल्लाह, सहयोग र सकारात्मक तथा रचनात्मक सुझावको संस्था सदा अपिल गर्दछ । सिकाइ निरन्तर प्रक्रिया भएकोले असल र राम्रा कुराहरू सधै हामीहरू सदस्यज्यूहरू र समाजबाट सिक्ने भएकोले तपाईहरू किताव हो, संस्था पाठक हो ।

जय सदस्य, जय जनसचेतन, जय सहकारी ।

गुनासो सुनुवाई अधिकारी

## कतै तपाईको मासिक बचत रोकिएको त छैन ?

मासिक बचत रोकिएका सदस्यहरूलाई निस्कृय सदस्यको रूपमा गणना गरिने भएकाले यदि तपाईंको मासिक बचत रोकिएको भएमा पायक पर्ने संस्थाका कार्यालयहरूमा गई आजै आफ्नो र आफूले जम्मा गरिदिनु पर्ने बालबालिका तथा आफ्नो परिवारको मासिक नियमित बचत जम्मा गरी सक्रिय सदस्यको रूपमा रहनु हुन अनुरोध छ । निस्कृय सदस्यको रूपमा रहँदा संस्थाबाट प्रदान गरिने ऋण लगायतका अन्य सेवाहरू लिन अयोग्य ठहरिने र सेवाबाट वञ्चित रहनुपर्ने भएको हुँदा समयमै बचत गरी असल सदस्यको पहिचान कायम गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

**- जनसचेतन साकोस**

## सदस्य पहिचान फारम (KYM) भर्ने बारे सूचना

संस्थामा आवद्ध सदस्यहरूको वार्षिक कारोवार तथा पेशाको आधारमा प्रत्येक १, २ र ३ वर्षमा नियमित सदस्यता पहिचान फारम (KYM) अध्यावधिक गर्नुपर्ने कानुनी व्यवस्था रहेकाले आफुलाई पायक पर्ने कार्यालयहरूमा उपस्थित भई सदस्यता पहिचान फारम (KYM) अध्यावधिक गर्नुहुन सबै सदस्यज्यूहरूमा हार्दिक अनुरोध गर्दछौं ।

सदस्य पहिचान फारम अध्यावधिक गर्न जाँदा हालसालै खिचिएको १ प्रति पासपोर्ट साईको फोटो, सक्कल नागरिकता प्रमाण-पत्र, राष्ट्रिय परिचय-पत्र तथा प्यान कार्ड भएमा सो समेत अनिवार्य साथमा लिनु होला ।

**- जनसचेतन साकोस**

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. को
# पुन:लिखित विनियम, २०७८ को संसोधन (२०८३) को तीन महले विवरण

| क्र.सं. | दफा/उपदफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | थप गर्नुपर्ने वा संशोधन गर्नुपर्नेको कारण |
|---|---|---|---|---|
| १. | परिच्छेद १ को दफा ४ को (फ) | "सञ्चालक" भन्नाले यस विनियम बमोजिम गठित समितिका निर्वाचित अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महिला उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष एवं सदस्यहरूलाई सम्झनु पर्दछ । | "सञ्चालक" भन्नाले यस विनियम बमोजिम गठित समितिका निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष एवं सदस्यहरूलाई सम्झनु पर्दछ । | राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट "बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड २०८२" को परिच्छेद ७ को १.१ अनुसार अद्यावधिक गर्नुपर्ने भएकाले । |
| २. | परिच्छेद १ को दफा ४ को (ध) | "पदाधिकारी" भन्नाले यस अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महिला उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र लेखा सुपरीवेक्षण समिति संयोजकलाई सदस्यहरूलाई सम्झनु पर्दछ । | हटाइएको । | |
| ३. | परिच्छेद ५ को दफा २४ को उपदफा (६) | वार्षिक साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले र निजको पनि अनुपस्थित भएमा जेष्ठ सदस्यले सभाको सभापतित्व गर्नेछ । | वार्षिक साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थित भएमा जेष्ठ सदस्यले सभाको सभापतित्व गर्नेछ । | परिच्छेद ६ को दफा २७ को उपदफा (१) मा व्यवस्था भए अनुसार सञ्चालक समितिको संरचनामा परिर्वतन भएकाले । |
| ४. | परिच्छेद ६ को दफा २७ को उपदफा (१) | संस्थामा १५ जना सञ्चालकहरू रहेको एउटा सञ्चालक समिति रहनेछ । साधारण सदस्यहरू मध्येबाट प्रजातान्त्रिकक प्रक्रिया अनुरूप समावेशी मुल्य मान्यताका आधारमा महिला उपाध्यक्ष सहित सम्भव भएसम्म ३३ प्रतिशत महिला, दलित, जनजाति र युवाहरूको समेत प्रतिनिधित्व हुने गरी सञ्चालक समितिको निर्वाचन गराइनेछ । यस समितिमा एक जना अध्यक्ष, एक जना वरिष्ठ उपाध्यक्ष, एक जना महिला जना महिला उपाध्यक्ष, एक जना सचिव, एक जना सहसचिव, एक जना कोषाध्यक्ष र बाँकी सदस्यहरूमा हनेछन । सम्भव भएसम्म सञ्चालक समितिको स्वरूप समावेशी बनाइनेछ ।<br>सञ्चालक समितिमा युवाहरूको सहभागितालाई सूनिश्चित गर्न १८ वर्षदेखि ३५ वर्षसम्मको लागि १ सिट आरक्षण गरिनेछ । | संस्थामा ९ जना सञ्चालकहरू रहेको एउटा सञ्चालक समिति रहनेछ । साधारण सदस्यहरू मध्येबाट प्रजातान्त्रिक प्रक्रिया अनुरूप समावेशी मुल्य मान्यताका आधारमा सम्भव भएसम्म ३३ प्रतिशत महिलाहरू र युवाहरूको प्रतिनिधित्व सुनिश्चित हुने गरी सञ्चालक समितिको निर्वाचन गराइनेछ । | राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट "बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड २०८२" को परिच्छेद ७ को १.१ अनुसार अद्यावधिक गर्नुपर्ने भएकाले । |
| ५. | परिच्छेद ६ को दफा २९ को उपदफा (२) | अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ भने अध्यक्ष र उपाध्यक्षको अनुपस्थिति भएमा उमेरको आधारमा जेष्ठ सञ्चालक सदस्यले बैठकको अध्यक्षता गर्नेछ । | अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ भने अध्यक्ष र उपाध्यक्षको अनुपस्थिति भएमा उमेरको आधारमा जेष्ठ सञ्चालक सदस्यले बैठकको अध्यक्षता गर्नेछ । | सञ्चालक समितिको संरचनामा परिर्वतन भएकोले । |

| क्र.सं. | दफा/उपदफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | थप गर्नुपर्ने वा संशोधन गर्नुपर्नेको कारण |
|---|---|---|---|---|
| ६. | परिच्छेद ६ को दफा ३२ को उपदफा (२) | २. **वरिष्ठ उपाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**<br>(क) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।<br>(ख) अध्यक्षले लिखित रूपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरू गर्ने ।<br>(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने ।<br>(घ) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।<br>(ङ) साधारण सभा वा समितिको निर्णय अनुसार तोकिएका सम्पूर्ण जिम्मेवारीहरू बहन गर्ने । | २. **उपाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**<br>(क) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।<br>(ख) अध्यक्षले लिखित रूपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरू गर्ने ।<br>(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने ।<br>(घ) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।<br>(ङ) साधारण सभा वा समितिको निर्णय अनुसार तोकिएका सम्पूर्ण जिम्मेवारीहरू बहन गर्ने । | परिच्छेद ६ को दफा २७ को उपदफा (१) मा व्यवस्था भए अनुसार सञ्चालक समितिको संरचनामा परिर्वतन भएकाले । |
| ७. | परिच्छेद ६ को दफा ३२ को उपदफा (३) | ३. **महिला उपाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**<br>(क) अध्यक्ष तथा वरिष्ठ उपाध्यक्षको काममा सहयोग पुऱ्याउने ।<br>(ख) अध्यक्षले लिखित रूपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरू गर्ने ।<br>(ग) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।<br>(घ) साधारण सभा वा समितिको निर्णय अनुसार तोकिएका सम्पूर्ण जिम्मेवारीहरू बहन गर्ने । | हटाइएको । | |
| ८. | परिच्छेद ६ को दफा ३२ को उपदफा (५) | **५. सहसचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**<br>(क) सचिवको काममा सहयोग पुऱ्याउने ।<br>(ख) अध्यक्षले लिखित रूपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरू गर्ने ।<br>(ग) सचिवको अनुपस्थितिमा सचिवले गर्नुपर्ने सम्पूर्ण कार्यहरू गर्ने ।<br>(घ) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।<br>(ङ) साधारण सभा वा समितिको निर्णय अनुसार तोकिएका सम्पूर्ण जिम्मेवारीहरू बहन गर्ने । | हटाइएको । | परिच्छेद ६ को दफा २७ को उपदफा (१) मा व्यवस्था भए अनुसार सञ्चालक समितिको संरचनामा परिर्वतन भएकाले । |
| ९. | परिच्छेद ११ को दफा ५७ को उपदफा (२) को(क) | **शेयर लाभांश कोषः** सहकारी ऐन, नियम अनुसार शेयर रकमको १८ प्रतिशतमा नबढ्ने गरी सदस्यहरूलाई वितरण गर्ने गरी । | **शेयर लाभांश कोषः** सहकारी ऐन, नियम अनुसार सदस्यको शेयर रकमको १५ प्रतिशतमा नबढ्ने गरी सदस्यहरूलाई वितरण गर्ने गरी । | सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०८१ को बुँदा नं. ८ अनुसार गर्नुपर्ने भएकाले । |

# श्रम परीक्षण प्रतिवेदन

मितिः २०८३/०५/१७

**संस्थाको नामः** जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.

**ठेगानाः** वैतेश्वर गा.पा.-५, दोलखा

**संस्थाले गरी आएको मुख्य कामः** बचत संकलन तथा ऋण प्रवाह

| श्रमिकको संख्यात्मक विवरण | |
|---|---|
| नियमित रोजगारीमा रहेको श्रमिक संख्याः ४९ जना<br>कार्यगत रोजगारीमा रहेको श्रमिक संख्याः छैन<br>समयगत रोजगारीमा रहेको श्रमिक संख्याः ७ जना<br>आंशिक रोजगारीमा रहेको श्रमिक संख्याः छैन<br>कुल कार्यरत श्रमिक संख्याः ५६ जना<br>यस वर्षमा आकस्मिक रोजगारीमा श्रमिकलाई काममा लगाएको भए सोको अनुमानित संख्याः छैन | महिला श्रमिक संख्याः ३२ जना<br>पुरूष श्रमिक संख्याः २४ जना<br>अन्य श्रमिक संख्याः छैन<br>विदेशी श्रमिक संख्याः छैन<br>व्यवस्थापकीय श्रमिक संख्याः ४ जना<br>तालिमी श्रमिक संख्या : ३<br>प्रशिक्षार्थीको संख्याः ० जना<br>श्रम आपूर्तिकर्ता मार्फत कार्यरत श्रमिक संख्याः छैन |

**श्रम ऐन, २०७४, श्रम नियमावली, २०७५ को पालना भए नभएको सम्बन्धमाः**

| क्र.सं. | प्रतिवेदनमा समावेश हुनुपर्ने विषयहरू | पालना भएको छ/छैन | कैफियत |
|---|---|---|---|
| १ | ऐनको दफा ११ बमोजिम सबै प्रकारको रोजगारीमा रहेका श्रमिकसँग रोजगार सम्झौता गरिएको वा नियुक्ति पत्र प्रदान गरिएको छ वा छैन ? छैन भने कति जनालाई किन प्रदान नगरिएको हो कारण खुलाउने । | छ । | |
| २ | विदेशी नागरिकलाई काममा लगाएको भए ऐनको परिच्छेद-६ र नियमावलीको परिच्छेद-३ बमोजिम विदेशीलाई काममा लगाउँदा श्रम इजाजत लिइएको छ वा छैन ? छैन भने किन ? छ भने कति जनालाई लिएको छ, खुलाउने । | विदेशी नागरिकलाई काममा लगाएको छैन । | |
| ३ | १८ वर्ष पूरा नभएका कुनै बालबालिकालाई काममा लगाइएको छ वा छैन ? छ भने कसरी के काममा लगाइएको छ खुलाउने । | छैन । | |
| ४ | प्रशिक्षार्थीलाई काममा लगाइएको अवस्थामा ऐनको दफा १६ तथा १७ को पालना गरिएको छ वा छैन ? | छैन । | |
| ५ | तालिमीलाई काममा लगाइएको छ वा छैन ? तालिमीलाई काममा लगाउँदा ऐनको दफा १८ बमोजिम पारिश्रमिक वा सुविधा अन्य श्रमिक सरह दिइएको छ वा छैन ? | काममा लगाइएको छैन । | |
| ६ | आंशिक रोजगारीमा श्रमिक कार्यरत छन् वा छैनन् ? भएमा ऐनको परिच्छेद-५ बमोजिम सुविधा तथा सामाजिक सुरक्षा प्रदान गरिएको छ वा छैन ? | छैनन् । | |
| ७ | ऐनको दफा २८ बमोजिम श्रमिकलाई दैनिक आठ घण्टा र सप्ताहमा अठचालिस घण्टा भन्दा बढी काममा लगाउने गरिएको छ वा छैन ? | छैन । | |
| ८ | पाँच घण्टा काम गरेपछि आधा घण्टा विश्रामको समय दिने गरिएको छ वा छैन ? कार्य समयभन्दा बढी काम गरेमा दफा ३१ बमोजिम अतिरिक्त पारिश्रमिक दिने वा सुविधा दिने गरिएको छ वा छैन ? | छ । | |
| ९ | महिलालाई सूर्यास्तपछि वा सूर्योदय अधिको समयमा काममा लगाउँदा ऐनको दफा ३३ बमोजिम यातायात र सुरक्षाको प्रबन्ध गरिएको छ वा छैन ? | छैन । | |

| क्र.सं. | प्रतिवेदनमा समावेश हुनुपर्ने विषयहरू | पालना भएको छ/छैन | कैफियत |
|---|---|---|---|
| १० | न्यूनतम पारिश्रमिक भन्दा कम हुने गरी कुनै श्रमिकलाई पारिश्रमिक प्रदान गरिएको छ वा छैन ? | छैन । | |
| ११ | संस्थाको औसत मासिक पारिश्रमिक दर कति हो ? (आधारभूत पारिश्रमिक, भत्ता र सुविधा सहितको औसत अंक उल्लेख गर्ने) | ४४,२४५।- | |
| १२ | ऐनको दफा ३६ बमोजिमको वार्षिक तलबवृद्धि (ग्रेड) दिने गरिएको छ वा छैन ? | छ । | |
| १३ | पारिश्रमिक भुक्तानीको अवधिको अन्तर एक महिनाभन्दा बढी हुने गरेको छ वा छैन ? (छ भने कारण उल्लेख गर्ने) | छैन । | |
| १४ | ऐनको दफा ३७ बमोजिम चाडपर्व खर्च श्रमिकलाई प्रदान गर्ने गरिएको छ वा छैन ? | छ । | |
| १५ | ऐनको परिच्छेद-९ बमोजिम निम्न विदाहरू श्रमिकलाई कति दिन दिने गरिएको छ ? (संख्या उल्लेख गर्ने)<br>साप्ताहिक विदाः ५२ दिन सार्वजनिक विदाः २२ दिन<br>भैपरी आउने विदाः ६ दिन घर विदाः ३० दिन<br>विरामी विदाः १२ दिन प्रसुती विदाः ९ हप्ता<br>प्रसुती स्याहार विदाः १५ दिन किरिया विदाः १५ दिन<br>सट्टा विदाः विदाको दिन काम गरेका आधारमा | छ । | संस्थाको पात्रो अनुसार र कार्यपात्रो अनुसार |
| १६ | ऐनको दफा ५२ बमोजिम प्रत्येक श्रमिकलाई (नियमित रोजगारी, कार्यगत रोजगारी, समयगत रोजगारी, आंशिक समयको रोजगारी र आकस्मिक रोजगारीमा काम गर्ने) सञ्चयकोष वा सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्ने गरिएको छ वा छैन ? जम्मा गरेको भए सो रकम कहाँ प्रयोग गरिएको छ खुलाउने । | छ ।<br>सामाजिक सुरक्षा कोष, बबरमहल, काठमाडौंमा | |
| १७ | ऐनको दफा ५३ बमोजिम प्रत्येक श्रमिकलाई (नियमित रोजगारी, कार्यगत रोजगारी, समयगत रोजगारी, आंशिक समयको रोजगारी र आकस्मिक रोजगारीमा काम गर्ने) उपदान वा सामाजिक सुरक्षाकोषमा रकम जम्मा गर्ने गरिएको छ वा छैन ? सामाजिक सुरक्षाकोषमा जम्मा नगरेको भए सो रकम कहाँ प्रयोग गरिएको छ खुलाउने । | छ । | |
| १८ | ऐनको दफा ५४ बमोजिम औषधी उपचार बीमा गरिएको छ वा छैन ? | छ । | |
| १९ | ऐनको दफा ५५ बमोजिम जुनसुकै प्रकारको दुर्घटना समेट्ने गरी बीमा गरिएको छ वा छैन ? | छैन । | |
| २० | श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिक कार्यरत छन् वा छैनन् ? ती श्रमिक आपूर्तिकर्ता कम्पनीले ऐनको दफा ५९ बमोजिम अनुमति लिएको छ वा छैन ? अनुमति लिएको भए अनुमति नम्बर र मिति आपूर्तिकर्ता मार्फत कार्यरत श्रमिकले न्यूनतम पारिश्रमिक, सुविधा तथा ऐन र नियमावली बमोजिमको न्यूनतम स्तर प्राप्त भएको छ वा छैन ? यसको नियमित अनुगमन गरिएको छ वा छैन ? | छैनन् । | |
| २१ | ऐनको दफा ६८ बमोजिम सुरक्षा र स्वास्थ्य नीति तर्जुमा गरी कार्यान्वयन गरिएको छ वा छैन ? | छैन । | |
| २२ | ऐनको दफा ७४ बमोजिम सुरक्षा र स्वास्थ्य समिति गठन भई नियमित रूपमा बैठक तथा निर्णय हुने गरेको छ वा छैन ? | छैन । | |
| २३ | ऐनको दफा १०८ बमोजिम संस्थाले आन्तरिक व्यवस्थापनको लागि विनियमावली बनाएको छ वा छैन ? | छ । | |
| २४ | विनियमावली श्रम कार्यालयमा दर्ता गर्ने र श्रमिकलाई वितरण गरिएको छ वा छैन ? श्रम कार्यालयमा दर्ता भएको भए दर्ता मिति र दर्ता नम्बर उल्लेख गर्ने । | छैन । | |

| क्र.सं. | प्रतिवेदनमा समावेश हुनुपर्ने विषयहरू | पालना भएको छ/छैन | कैफियत |
|---|---|---|---|
| २५ | ऐनको दफा १११ बमोजिम संस्थामा श्रम सम्बन्ध समिति गठन गरी नियमित रुपमा बैठक हुने गरेको छ वा छैन ? आर्थिक वर्षमा अन्तिम पटक बैठक भएको मिति उल्लेख गर्ने । | छैन । | |
| २६ | ऐनको दफा ११२ बमोजिम कार्यसम्पादन मुल्यांकन प्रणाली लागू गरिएको छ वा छैन? | छ । | |
| २७ | ऐनको दफा ११३ बमोजिम व्यक्तिगत माग दावी पेश भए वा भएनन् ? माग दावी पेश भएकोमा कति वटा दावी व्यवस्थापकसँगको छलफलबाट समाधान भए ? संख्या उल्लेख गर्ने । | भएनन् । | |
| २८ | यो आर्थिक वर्षमा सामुहिक माग दावी पेश भए वा भएन ? | भएन । | |
| २९ | मागपत्र पेश भएको भए कहिले पेश भएको थियो ? मिति उल्लेख गर्ने ? वार्ता जारी रहेको वा सम्झौता भैसकेको भए अवस्था उल्लेख गर्ने । सम्झौता भएको भए सम्झौताको मिति ? सामुहिक सौदाबाजीको क्रममा हड्ताल वा तालाबन्दी भयो वा भएन ? अन्य कुनै उल्लेख गनुपर्ने कुरा भए सो व्यहोरा । | भएन । | |
| ३० | श्रम ऐन बमोजिम भएको सम्झौता, निर्णय वा फैसला कार्यान्वयन हुन बाँकी छ वा छैन ? भएमा कहिलेसम्म कार्यान्वयन हुन्छ खुलाउने । | छैन । | |
| | **योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७४** | | |
| १ | सामाजिक सुरक्षा कोषमा पञ्जीकरण भएको छ वा छैन ? | छ । | |
| २ | सामाजिक सुरक्षा कोषमा योगदान जम्मा गर्ने गरिएको छ वा छैन ? | छ । | |
| | बोनस ऐन, २०३० तथा बोनस नियमावली, २०३९ | | |
| १ | संस्थाले बोनस ऐन, २०३० बमोजिम बोनस वितरण गर्नुपर्छ वा पर्दैन ? | गर्नुपर्छ । | |
| २ | बोनस वितरण गर्नुपर्ने भए सो बमोजिम वितरण गरिएको छ वा छैन ? | छैन । | |
| ३ | गत आर्थिक वर्षको बोनस वितरण गर्न बाँकी छ वा छैन ? | छैन । | |
| | **ट्रेड युनियन ऐन, २०४९ तथा ट्रेड युनियन नियमावली, २०५०** | | |
| १ | संस्थामा सहकारीस्तरको ट्रेड युनियन स्थापना भएको छ वा छैन ? | छैन । | |
| २ | आधिकारीक ट्रेड युनियनको निर्वाचन भएको छ वा छैन ? | छैन । | |
| | **अन्य विषयहरूः संस्थाले आवश्यक विषय थप गर्न सक्ने** | | |
| १ | व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति लागू भए नभएको अडिट गर्ने छुट्टै व्यवस्था छ वा छैन ? | छैन | |
| २ | संस्थामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनका आधारमा कर्मचारीको सरूवा र बढुवाको नीति अवलम्बन गर्नु भएको छ वा छैन ? | छैन । | |
| ३ | संस्थामा कार्यरत कर्मचारीहरूलाई क्षमता वृद्धि, सीप विकास जस्ता तालिम दिने कुनै नीति लागू गर्नु भएको छ वा छैन ? | छ । | |
| | **सुधार गर्नुपर्ने विषयहरूमा सुझाव भए उल्लेख गर्ने** | | |
| १ | श्रम ऐनमा व्यवस्था भएका सम्पूर्ण सेवा सुविधाको कार्यान्वयन गर्नुपर्ने । | | |
| २ | संस्थामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनका आधारमा कर्मचारीको सरूवा, बढुवा, कारवाही र पुरस्कृत (वर्ष उत्कृष्ट सम्मान) को नीति अवलम्बन गर्नुपर्ने । | | |
| ३ | संस्थाको मानव संशासन तथा व्यवस्थापन नीति, २०७८ (पहिलो संशोधन २०८१) मा कर्मचारीहरू तोके बमोजिमको सेवा सुविधा उपलब्ध गराउने नीति अवलम्बन गर्नुपर्ने । | | |

**विवरण भर्नेको**
नामः कुमार प्रसाद दहाल
पदः वरिष्ठ सहायक

**विवरण स्वीकृत गर्नेको**
नामः रमेश लामिछाने
पदः अधिकृत (कार्यान्वयन अधिकारी)

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.

वैतेश्वर गा.पा.-५, काभ्रे, दोलखा

## पर्ल्स प्रतिवेदन

३२ आषाढ, २०८३

| सुचकहरू | | लक्ष्य | कायम रहेको अंक | आधार अंक | नतिजा |
|---|---|---|---|---|---|
| P= Protection (सुरक्षण) | | | | | |
| P1 | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था | १००% | १०,२१,६३,८८१.०० | ३७,२४,७४,७५९.५६ | २७.४३% |
| P2 | १ देखि १२ महिना भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५% | - | ६०,६५,०७८.५२ | ०.००% |
| P2X | असल ऋणका लागि लागि | १% | - | १,२८,००,५७,०९४.१४ | ०.००% |
| E=Effective Financial Structure (प्रभावकारी वित्तीय संरचना) | | | | | |
| E1 | जम्मा खुद ऋण/जम्मा सम्पत्ति | ७०% - ८०% | १,२८,००,५७,०९४.१४ | २,५९,९६,५१,६५४.८० | ४९.२४% |
| E2 | तरल लगानी/जम्मा सम्पत्ति | बढीमा २०% | ५३,२८,१४,६४०.१५ | २,५९,९६,५१,६५४.८० | २०.५०% |
| E3 | कुल वित्तीय लगानी/कुल सम्पत्ति | बढीमा २% | ३,३३,४१,९६८.०७ | २,५९,९६,५१,६५४.८० | १.२८% |
| E5 | जम्मा बचत/जम्मा सम्पत्ति | ७०% - ८०% | १,८३,४९,०४,७३०.४६ | २,५९,९६,५१,६५४.८० | ७०.५८% |
| E6 | बाह्य ऋण/जम्मा सम्पत्ति | ५% भन्दा कम | - | २,५९,९६,५१,६५४.८० | ०.००% |
| E7 | जम्मा शेयर पुँजी/जम्मा सम्पत्ति | १०% - २०% | १५,९२,८९,४००.०० | २,५९,९६,५१,६५४.८० | ६.१३% |
| E8 | संस्थागत पुँजी/जम्मा सम्पत्ति | कम्तीमा १०% | १८,९८,९८,४३४.६६ | २,५९,९६,५१,६५४.८० | ७.३०% |
| E9 | खुद संस्थागत पुँजी/जम्मा सम्पत्ति | E8 सरह नै | (९,६३,७९,५२३.५८) | २,५९,९६,५१,६५४.८० | -३.७१% |
| A=Assets Quality (सम्पतिको गुणस्तर) | | | | | |
| A1 | जम्मा भाखा नाघेको ऋण/ जम्मा ऋण उठ्न बाँकी | ५% भन्दा कम | ३७,८५,३९,८३८.०८ | १,६५,८५,९६,९३२.२२ | २२.८२% |
| A2 | नकमाउने सम्पत्ति/जम्मा सम्पत्ति | ५% भन्दा कम | ११,८८,८४,१४७.९६ | २,५९,९६,५१,६५४.८० | ४.५७% |
| R=Rate of Return and Cost (लगानीको प्रतिफल तथा लागत) | | | | | |
| R7 | शेयर लाभांशको लागि छुट्याइएको रकम/औषत शेयर | बजारदर बराबर | - | १५,७७,६६,२५०.०० | ०.००% |
| R9 | सञ्चालन खर्च/औषत सम्पत्ति | ५% भन्दा कम | ७,९२,४८,२५६.७६ | २,५६,६६,८५,७५३.२२ | ३.०९% |
| R12 | खुद आय/औषत सम्पत्ति | कम्तीमा १% | १०,४३,७३१.२४ | २,५६,६६,८५,७५३.२२ | ३.०९% |
| L=Liquidity (तरलता) | | | | | |
| L1 | तरलता रकम/जम्मा बचत रकम | कम्तीमा १५% | ५४,१३,१०,११५.९८ | १,८३,४९,०४,७३०.४६ | २९.५०% |
| L2 | तरलता संचय/जम्मा बचत रकम | १०% - २०% | ५४,२३,७५,३८९.१५ | १,८३,४९,०४,७३०.४६ | २९.५६% |
| L3 | नकमाउने तरल सम्पति/कुल सम्पत्ति | १% भन्दा कम | ९५,६०,७४९.०० | २,५९,९६,५१,६५४.८० | ०.३७% |
| S=Sign of Growth (वृद्धिको संकेत) | | | | | |
| S10 | सदस्यता वृद्धि | १२% भन्दा बढी | (२,३३२) | ३६,६७९ | १.८२% |
| S11 | सम्पत्तिमा वृद्धि | मुद्रास्फिति भन्दा बढी | ६,५९,३६,४८१.२३ | २,५३,३७,१७,५१२.६० | २.६०% |

# सदस्यता केन्द्रीयता सूचकांक -२०८३ आषाढ मसान्तको

## १. संस्थापकिय सरोकार

| क्र.सं. | विवरण | सुचक | रकम |
|---|---|---|---|
| १. | **सदस्यको पुँजीः** | | |
| | अंशधन (शेयर पुँजी) | क | १५,९२,८९,४००.०० |
| | जगेडा कोष | ख | १८,६४,२६,८१६.०६ |
| | घाटापूर्ति कोष | ग | २४,२७,८८७.३६ |
| | सदस्यको पुँजी (क+ख+ग) = घ | घ | ३४,८१,४४,१०३.४२ |
| २. | नियमित बचत | ङ | ९६,६८,४५,३७६.१५ |
| | कुल जम्मा सदस्य सहभागिता (घ+ङ) = च | च | १,३१,४९,८९,४७९.५७ |
| ३. | जम्मा बचत | छ | १,८३,४९,०४,७३०.४६ |
| ४. | तिर्नुपर्ने ऋण | ज | - |
| ५. | तटस्थ श्रोत संयोग बिन्दु समायोजन अंक (बढी भएमा मात्र) | झ | २९,४०,७२,५५२.२४ |
| | जम्मा पुँजी (घ+छ+ज+झ) = ञ | ञ | २,४७,७१,२१,३८६.१२ |
| | संस्थापकीय सरोकार (उत्तर) | | ५३.०९ |

## २. सञ्चालकिय सक्रियता

| क्र.सं. | विवरण | सुचक | संख्या |
|---|---|---|---|
| १. | **वर्षमा सदस्य बैठक :** | | |
| | साधारण सभा | क | १४५७८ |
| | बिशेष साधारणसभा | ख | ० |
| | विस्तारीत मन्च र बजेट अन्तर्क्रिया | ग | २८२३ |
| | वर्षमा सदस्य बैठक (क+ख+ग) = घ | घ | १७४०१ |
| २. | **औषत सदस्य संख्या :** | | |
| | वर्षको सुरूमा भएको सदस्य संख्या | ङ | २७६०८ |
| | वर्षको अन्त्यमा भएको सदस्य संख्या | च | २६१५५ |
| | कुल सदस्य संख्या (ङ+च) = छ | छ | ५३७६३ |
| | औषत सदस्य संख्या (छ/२) = ज | ज | २६८८२ |
| ३. | **विभागले तोकेको सुचक** | **झ** | **६** |
| | कुल उपस्थिति हुनुपर्ने सुचक सहितको संख्या (जXझ) = ञ | ञ | १६१२८९ |
| | वर्षभरीमा सदस्य बैठकमा उपस्थित संख्या बढी भएमा (ञ भन्दा यो बढी भएमा यसको प्रयोग गर्ने ।) | ट | ० |
| | सञ्चालकिय सक्रियता (उत्तर) (घ/ञ)X१०० वा ट बढी भएमा (घXट) X१०० | | १०.७९ |

## ३. संरक्षकीय सम्बन्धन

| क्र.सं. | विवरण | सुचक | संख्या |
|---|---|---|---|
| १. | **वर्षमा एक पटक ऋण प्राप्त गर्ने शेयर सदस्यको संख्या** | **क** | **३३५६** |
| | औसत परिवार संख्या | | ४ |
| | वर्षमा एक पटक ऋण प्राप्त गर्ने शेयर सदस्यको संख्या | ख | १३४२४ |
| २. | **औषत सदस्य संख्या :** | | |
| | वर्षको सुरूमा भएको सदस्य संख्या | ग | २७६०८ |
| | वर्षको अन्त्यमा भएको सदस्य संख्या | घ | २६१५५ |
| | कुल सदस्य संख्या (ग+घ) = ङ | ङ | ५३७६३ |
| | औषत सदस्य संख्या (ङ/२) = च | च | २६८८२ |
| | संरक्षकीय सम्बन्धन (उत्तर) | | ४९.९४ |

## ४. सूचकांकको मापन र संस्थाको स्तर

| क्र.सं. | विवरण | सुचक | सुचक |
|---|---|---|---|
| १ | संस्थापकीय सरोकार (१) | ५३.०९ | |
| २ | सञ्चालकीय सक्रियता (२) | १०.७९ | |
| ३ | संरक्षकीय सम्बन्धन (३) | ४९.९४ | |
| | सुचकांकको मान (१+२+३)/३ | | ३७.९४ |

| क्र.सं. | विवरण | स्तराङ्कन |
|---|---|---|
| १ | <३० | अनिश्चित |
| २ | ३० - ४४ | साधारण |
| ३ | ४५ - ५९ | मध्यम |
| ४ | ५९ - ७४ | उत्तम |
| ५ | ≥७५ | अत्युत्तम |

# सुशासन स्तर मापन तालिका

| विवरण | | भारित अंक | प्राप्त |
|---|---|---|---|
| **१** | **सहभागिता :** | | |
| १.१ | सदस्यहरूलाई वार्षिक साधारण सभाको जानकारी | ४ | ४ |
| १.२ | साधारण सभाको गणपुरक संख्या | ४ | ३ |
| **१.३** | **सञ्चालक समिति र उपसमितिको पारिश्रमिक** | **४** | **४** |
| १.४ | सञ्चालक समितिको संरचना र प्रतिवद्धता | ४ | ३ |
| १.५ | सञ्चालकहरूको उपस्थिति र सहभागिता | ४ | ३ |
| १.६ | सञ्चालकका कार्यहरू | ४ | २ |
| १.७ | सञ्चालकहरूद्वारा नीति पुनरावलोकन | ४ | ४ |
| १.८ | नेतृत्वमा लैगिक समानता | ४ | २ |
| १.९ | सञ्चालक, पदाधिकारी र कर्मचारीहरूलाई प्रदान गरिएको प्राथमिकता | ४ | ३ |
| १.१० | समुदायका सदस्यहरूद्वारा बचत तथा ऋण सहकारी संस्थाको सेवा प्रयोग | ४ | २ |
| | **जम्मा** | **४०** | **३०** |
| **२** | **पारदर्शिता :** | | |
| २.१ | ऋण सापटी लिने | ४ | ४ |
| २.२ | अन्य बचत तथा ऋण सहकारी वा प्रतिस्पर्धी वित्तीय संस्थाहरूमा सेवा उपभोग गर्नु | ४ | ४ |
| **२.३** | **प्रतिस्पर्धीहरूसँगको सम्बन्ध** | **४** | **३** |
| २.४ | सदस्यहरूसँगको सम्बन्ध – व्यक्तिगत स्वार्थ | ४ | ४ |
| २.५ | विज्ञापन तथा बजारीकरण | ४ | ४ |
| २.६ | आन्तरिक ऋण | ४ | ३ |
| **२.७** | **बाह्य दलगत राजनीति** | **४** | **४** |
| २.८ | आन्तरिक राजनीति | ४ | ४ |
| २.९ | सदस्यहरूलाई व्यावसायिक फर्महरू सिफारिस गर्ने | ४ | ३ |
| २.१० | सम्बन्धित व्यक्तिहरूको सिफारिसलाई प्राथमिकता | ४ | ४ |
| **२.११** | **स्वार्थ बाझिएको बारे जानकारी** | **४** | **४** |
| २.१२ | निष्पक्ष मुल्यांकनहरूमा प्रभाव | ४ | ४ |
| २.१३ | सञ्चालकहरूको बैठक पूर्व स्वार्थ बाझिनु | ४ | ४ |
| | **जम्मा** | **५२** | **४९** |
| **३** | **जवाफदेहिता :** | | |
| ३.१ | वित्तिय अभिलेखहरूको विश्वासनियता | ४ | ४ |
| ३.२ | अभिलेखहरूको शुद्धता | ४ | ३ |
| ३.३ | संस्थाको सम्पत्तिहरूको खरिद/बिक्री | ४ | ४ |
| ३.४ | अनुचित लाभ | ४ | ४ |
| ३.५ | आन्तरिक व्यक्तिको ऋण तथा बचत कारोवार | ४ | ४ |
| ३.६ | सदस्यको खाताको जानकारी | ४ | ३ |
| ३.७ | सदस्यका व्यक्तिगत कुराहरू | ४ | ४ |
| ३.८ | सुरक्षा | ४ | ४ |
| ३.९ | गोप्य सूचना चुहावट गरी रकम असुल्ने | ४ | ४ |
| ३.१० | अवाञ्छित गतिविधिको सूचना प्रदायको बचाउ | ४ | ३ |
| ३.११ | गोप्य जानकारी वापत मुल्यवान वस्तुहरू स्वीकार गर्नु र सोको लोभ गर्नु | ४ | ४ |
| ३.१२ | संस्थाको व्यवसायसँग सम्बन्धित रहेर मुल्यवान वस्तु स्वीकार गर्नु | ४ | ३ |
| ३.१३ | अन्य सञ्चालक समितिमा सेवा | ४ | ४ |
| ३.१४ | संस्थाको व्यवसायसँग प्रतिस्पर्धा गर्ने अन्य निकायको सञ्चालक रही सेवा गर्नु | ४ | ४ |
| | **जम्मा** | **५६** | **५२** |
| **४** | **आमसहमति :** | | |
| ४.१ | सदस्यहरूको गुणस्तरीय पृष्ठपोषण | ४ | ३ |
| ४.२ | गुनासोहरूको उचित समिक्षा | ४ | ३ |
| ४.३ | सदस्यहरूको गुनासाहरू | ४ | ४ |
| ४.४ | निर्णयको लागि सहमतिको विकास | ४ | ४ |
| | **जम्मा** | **१६** | **१४** |
| **५** | **सक्षमता र प्रभावकारिता :** | | |
| ५.१ | बाह्य रोजगारी | ४ | ४ |
| ५.२ | सदस्यहरूलाई ऋण लगानी | ४ | ४ |
| ५.३ | सदस्यहरूको ऋण कागजातहरू | ४ | ३ |

| | विवरण | भारित अंक | प्राप्त |
|---|---|---|---|
| ५.४ | भेद्भाव रहित | ४ | ४ |
| ५.५ | सञ्चालक र कर्मचारीहरूको जिम्मेवारी | ४ | ३ |
| ५.६ | सुशासन | ४ | ४ |
| ५.७ | प्रमुख कार्यकारी अधिकृतलाई अधिकार प्रत्यायोजन | ४ | ३ |
| ५.८ | प्रमुख कार्यकारी अधिकृतको योग्यता | ४ | ३ |
| ५.९ | प्रमुख कार्यकारी अधिकृतको कार्य विवरण | ४ | ४ |
| ५.१० | उपसमितिको संरचना | ४ | ४ |
| ५.११ | उपसमितिको कार्यहरू | ४ | २ |
| ५.१२ | उपसमितिको जिम्मेवारी सम्बन्धी विवरण | ४ | २ |
| ५.१३ | उपसमितिको सञ्चालक र कर्मचारीहरूसँगको सम्बन्ध | ४ | ३ |
| ५.१४ | कार्यकारी समितिको कार्य | ४ | २ |
| ५.१५ | मनोनय वा निर्वाचन उपसमिति | ४ | १ |
| ५.१६ | लेखा सुपरिवेक्षण समिति | ४ | २ |
| ५.१७ | ऋण उपसमिति | ४ | ३ |
| ५.१८ | सुशासन तथा आचरण उपसमिति | ४ | १ |
| ५.१९ | अन्य उपसमितिहरू | ४ | ३ |
| ५.२० | सञ्चालक समितिको उम्मेदवारी तथा छनौट | ४ | २ |
| ५.२१ | सीप तथा अनुभवको विविधता | ४ | २ |
| ५.२२ | सञ्चालकहरूको कार्यसम्पादन मुल्यांकन | ४ | ३ |
| ५.२३ | प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादन मुल्यांकन | ४ | ४ |
| | **जम्मा** | **९२** | **६६** |
| **६** | **समता र समावेशीता :** | | |
| ६.१ | स्वतन्त्र मुल्यांकनमा प्रभाव | ४ | ३ |
| ६.२ | शुल्क तथा हर्जना | ४ | ४ |
| ६.३ | आवद्ध व्यक्तिहरूसँग सम्पत्तिको खरिद तथा बिक्री | ४ | ३ |
| ६.४ | न्यायसँगत तथा यथासमयमा लाभांश भुक्तानी | ४ | १ |
| ६.५ | सदस्यतामा विविधता | ४ | ४ |
| | **जम्मा** | **२०** | **१५** |
| **७** | **नीति, नियम र नियमनको सम्मान :** | | |
| ७.१ | नियामकहरूसँगको सम्बन्ध | ४ | ४ |
| ७.२ | वैधानिक कर बारे परामर्श | ४ | २ |
| ७.३ | आवद्ध व्यक्ति लाभान्वित हुने तेस्रो पक्ष ऋण | ४ | ३ |
| ७.४ | वार्षिक साधारण सभाको समय | ४ | ४ |
| ७.५ | वार्षिक साधारण सभाको सूचना | ४ | ४ |
| ७.६ | साधारण सभाको निर्णय पुस्तिका | ४ | ४ |
| | **जम्मा** | **२४** | **२१** |
| **८** | **रणनैतिक र दुरदर्शी नेतृत्व :** | | |
| ८.१ | प्रमुख निर्णय केन्द्र | ४ | ३ |
| ८.२ | सल्लाहकार | ४ | ३ |
| ८.३ | निरन्तरता | ४ | ३ |
| ८.४ | नमुनालायक | ४ | २ |
| ८.५ | विश्वासनिय | ४ | २ |
| | **जम्मा** | **२०** | **१३** |
| **९** | **नेतृत्वमा जानकारी र सीप :** | | |
| ९.१ | क्षमतामा आधारित ऋण लगानी | ४ | १ |
| ९.२ | मार्ग दर्शन तथा अनुशिक्षण | ४ | २ |
| ९.३ | सञ्चालक तथा उपसमितिहरूको अभिमुखिकरण कार्यक्रम | ४ | २ |
| ९.४ | महत्वपूर्ण पदाधिकारी तथा सञ्चालकहरूलाई अनिवार्य तालिम | ४ | ४ |
| ९.५ | निरन्तर शिक्षा | ४ | २ |
| ९.६ | प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी | ४ | ३ |
| | **जम्मा** | **२४** | **१४** |
| **१०** | **संस्थागत अवस्था :** | | |
| १०.१ | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको ऋण नोक्सानी कोष व्यवस्था | ४ | १ |
| १०.२ | १-१२ महिना समय भाखा नाघेको ऋणको ऋण नोक्सानी कोष व्यवस्था | ४ | १ |
| १०.३ | कुल सम्पत्तिमा खुद ऋणको अनुपात ७०% - ८०% | ४ | १ |

| | विवरण | भारित अंक | प्राप्त |
|---|---|---|---|
| १०.४ | कुल सम्पत्तिमा बचतको अनुपात ७०% - ८०% | ४ | ४ |
| १०.५ | कुल सम्पत्तिमा बाह्य ऋण शुन्यमा झार्न | ४ | ४ |
| १०.६ | कुल सम्पत्तिमा शेयर पुँजीको अनुपात १३%-२०% | ४ | २ |
| १०.७ | कुल सम्पत्तिमा खुद संस्थागत पुँजीको अनुपात १०% भन्दा बढी | ४ | १ |
| १०.८ | कुल ऋण लगानीमा भाखा नाघेको ऋणको अनुपात ५% भन्दा कम | ४ | १ |
| १०.९ | कुल सम्पत्तिमा नकमाउने सम्पत्तिको अनुपात ५% भन्दा कम | ४ | २ |
| १०.१० | औषत शेयरमा शेयर लाभांश बजारदर अनुसार | ४ | १ |
| १०.११ | औषत सम्पत्तिमा सञ्चालन खर्चको अनुपात ५% | ४ | ३ |
| १०.१२ | तरल लगानी वा तरलता कुल सम्पत्तिको १५% | ४ | ३ |
| १०.१३ | सदस्यता वृद्धिदर १५% | ४ | १ |
| १०.१४ | सम्पत्तिको वृद्धिदर मुद्रास्फीति भन्दा बढी | ४ | १ |
| | **जम्मा** | **५६** | **२६** |
| | **कुल अंक** | **४००** | **३००** |
| **११** | **सञ्जालप्रतिको उत्तरदायित्व** | | |
| **स्रोतहरूको समूह निर्माण** | | | |
| ११.१ | मावन संशाधनको विकास एवं योजना | ४ | १ |
| ११.२ | तरलता व्यवस्थापन | ४ | ३ |
| ११.३ | साझा बजारीकरण | ४ | ३ |
| ११.४ | साझा प्रविधि | ४ | १ |
| ११.५ | सञ्जालको विद्युतिय भुक्तानी प्रणाली | ४ | १ |
| ११.६ | सञ्जालको तालिम केन्द्र | ४ | २ |
| ११.७ | सञ्जालको सूचना प्रविधि पूर्वाधार तथा समाधान | ४ | १ |
| | **जम्मा** | **२८** | **१२** |
| **स्तरीकरण** | | | |
| ११.८ | सेवाहरू | ४ | ३ |
| ११.९ | स्तरीय कार्य सञ्चालन प्रणाली | ४ | ४ |
| ११.१० | स्तरीय नीतिगत व्यवस्था | ४ | ४ |
| ११.११ | संस्थागत दृष्यात्मक पहिचान | ४ | ३ |
| ११.१२ | सञ्जालको मानव संशाधनहरूको व्यवस्थापन | ४ | ३ |
| | **जम्मा** | **२०** | **१७** |
| **काररिय ऐक्यवद्धता** | | | |
| ११.१३ | सदस्यता शुल्क | ४ | ४ |
| ११.१४ | कार्यक्षेत्र व्यवस्थापन | ४ | १ |
| ११.१५ | संस्थाको आकारमा सन्तुलन | ४ | २ |
| | **जम्मा** | **१२** | **७** |
| **सुशासन तथा स्वनियमन** | | | |
| ११.१६ | ऋण सुपरिवेक्षण | ४ | २ |
| ११.१७ | फिट एण्ड प्रपर सम्बन्धी योग्यताहरू | ४ | ४ |
| ११.१८ | स्थिरीकरण कोष | ४ | २ |
| ११.१९ | जोखिममा आधारित सुपरिवेक्षण | ४ | ३ |
| ११.२० | सञ्जालको स्तरीकरण ACCESS, PROBATION, CURBS | ४ | ४ |
| | **जम्मा** | **२०** | **१५** |
| | **कुल अंक** | **८०** | **५१** |
| | **मापनको नतिजा** | **४८०** | **३५१** |
| | **मापनको प्रतिशत** | ७३.१३% | |

| प्रतिशतमा % | | | | | | |
|---|---|---|---|---|---|---|
| मान्यता | बचत तथा ऋण सहकारीको १० मूलभूत सिद्धान्तहरूको परिपालना | | सञ्जालप्रतिको उत्तरदायित्वको निर्वाहन | | जम्मा | |
| | अंक | प्रतिशत | अंक | प्रतिशत | अंक | प्रतिशत |
| कास्य | २४० - २८० | ६०% - ७०% | ४८ - ५६ | ६०% - ७०% | २४० - २८० | ६०% - ७०% |
| रजत | २८४ - ३२० | ७१% - ८०% | ५७ - ६४ | ७१% - ८०% | २८४ - ३२० | ७१% - ८०% |
| स्वर्ण | ३२४ - ३६० | ८१% - ९०% | ६५ - ७२ | ८१% - ९०% | ३८९ - ४३२ | ८१% - ९०% |
| प्लाटिनम | ३६० भन्दा माथि | ९१% भन्दा माथि | ७२ भन्दा माथि | ९१% भन्दा माथि | ४३२ | ९१% भन्दा माथि |

# कार्यालय समय सम्बन्धी जानकारी

| अवधि | नियमित कार्यालय | बिहानी काउन्टर | कैफियत |
|---|---|---|---|
| माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म | बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म | बिहान ७:० बजेदेखि ९:०० बजेसम्म | बिहानी काउन्टर मुख्य कार्यालयमा मात्र सञ्चालन हुने |
| कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म | बिहान ९:०० बजेदेखि बेलुकी ४:०० बजेसम्म | | |
| सार्वजनिक विदाको दिन | | बिहान ७:०० बजेदेखि बिहान १०:०० बजेसम्म | |

| विदा | दिन |
|---|---|
| दशैं विदा | फुलपातीदेखि द्वादशीसम्म |
| तिहार विदा | लक्ष्मीपूजादेखि भाइटीकाको भोली पल्टसम्म |
| अन्य सार्वजनिक विदा | नयाँ वर्ष, बुद्ध जयन्ती, अन्तर्राष्ट्रिय श्रमिक दिवस, गणतन्त्र दिवस, जनैपूर्णिमा/रक्षाबन्धन, श्री कृष्ण जन्माष्टमी, हरितालिका तीज, संविधान दिवस, धान्यपूर्णिमा, माघे संक्रान्ति, सोनम ल्होसार (यो पर्व मनाउने कर्मचारीको लागि मात्र), महाशिवरात्री, फागुपूर्णिमा |

## भाखा नाघेका ऋणी सदस्यहरूलाई साँवा तथा ब्याज बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

संस्थाबाट ऋण कारोवार गर्दाको बखतमा गरिएको सम्झौता बमोजिम किस्ता नियमित तिर्न बुझाउन बाँकी ऋणी सदस्यहरूलाई संस्थाबाट पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋणको साँवा तथा ब्याज भुक्तानी नगरी आलटाल गरी बसेको हुँदा सम्झौता बमोजिम तपाईंको आफ्नो नाममा रहेको तथा तपाईंले धन जमानी दिएको वा व्यक्तिगत जमानत बसेको ऋणको साँवा, ब्याज र हर्जना भुक्तानी गरी ऋण नियमित गर्नुहुन वा भुक्तान गरिसकेको भए सो को प्रमाण पेश गरी हिसाब मिलान गर्नुहुन सम्बन्धित सबै ऋणी, धितोवाला तथा जमानीकर्ताहरूलाई अनुरोध छ ।

सम्झौता बमोजिम ऋण चुक्ता भुक्तान नगरेमा **सहकारी ऐन, नियमावली, प्रदेश सहकारी ऐन, नियमावली, राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी नियामकीय मापदण्ड, प्रचलित निर्देशन, परिपत्र र संस्थाको विनियम, नीति तथा कार्यविधि** बमोजिम ऋण असुली प्रक्रिया अगाडि बढाइनेछ । साथै, **कर्जा सूचना केन्द्रमा ऋणको विवरण प्रविष्टि तथा कालोसूचीमा समावेश गर्ने, संस्थामा रहेको बचत तथा अन्य रकमबाट कानुनबमोजिम दायित्व समायोजन गर्ने, धितो सुरक्षणबाट असुली गर्ने तथा आवश्यकता अनुसार ऋणीको अन्य जायजेथाबाट समेत असुल उपर गरिनेछ।** माथि उल्लेखित व्यहोराबाट समेत सम्पूर्ण संस्थाको लेना रकम असुल उपर नभएमा बाँकी रकमको लागि **कर्जा असुली न्यायाधिकरण मार्फत आवश्यक कानुनी कारवाही** प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.**
वैतेश्वर गा.पा.-५, काब्रे, दोलखा

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.

वैतेश्वर गा.पा.-५, काभ्रे, दोलखा

## ३३औं वार्षिक साधारण सभामा सदस्य सहभागीता तथा सुझाव फारम

यस संस्थाको ३३औं वार्षिक साधारण सभामा मेरो राय सुझाव तपसिल अनुसार रहेको छ ।

१. व्यक्तिगत विवरणः

(क) नाम : ........................................ (ग) ठेगाना : ........................................

(ख) स.न.: ........................................ (घ) सम्पर्क नं : ........................................

२. साधारण सभाको सूचना संप्रेषण तथा जानकारी सम्बन्धमा :

........................................................................................

........................................................................................

........................................................................................

३. आ.व. २०८२/०८३ को सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा :

........................................................................................

........................................................................................

........................................................................................

४. आ.व. २०८२/०८३ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा :

........................................................................................

........................................................................................

........................................................................................

५. आ.व. २०८२/०८३ को लेखापरीक्षकद्वारा प्रस्तुत लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा :

........................................................................................

........................................................................................

........................................................................................

६. आ.व. २०८३/०८४ को वार्षिक कार्यक्रम तथा बजेट सम्बन्धमा :

........................................................................................

........................................................................................

७. साधारण सभाको उपस्थिति व्यवस्थापन सम्बन्धमा :

........................................................................................

........................................................................................

८. अन्य केही सल्लाह सुझाव भएमा : ........................................................................................

मिति : ........................................ सदस्यको दस्तखत : ........................................

टिपोट

ENTREPRENEURSHIP LOAN

# उद्यमशीलता ऋण

**अवधि:**
५ वर्ष

७.00%
स्थिर ब्याजदर

लगानीको अवधिभर स्थिर ब्याजदर




युवा उद्यमीलाई प्राथमिकता तथा विशेष छुट

**ऋणको सीमा:**
न्यूनतम रू. १० लाखदेखि व्यवसायको प्रकार, लगानी आवश्यकता र भुक्तानी क्षमताको आधारमा अधिकतम सीमासम्म

**कागजी प्रक्रिया:**

- व्यवसायिक योजना वा आम्दानीको स्रोतको विवरण आवश्यक पर्ने

**प्रमुख उद्देश्य:**

- उद्यमशिलता तथा सिप विकासलाई प्रोत्साहन गर्ने
- स्वरोजगार र रोजगारी सृजनाको अवसरहरू सृजना वृद्धि हुने

**लगानीका क्षेत्रहरू:**

- कृषि तथा पशु उद्यम
- खुद्रा तथा साना व्यापार व्यवसाय
- खाद्य तथा आतिथ्य सेवाहरू
- सौन्दर्य, स्वास्थ्य सुरक्षा तथा सीपमा आधारित सेवाहरू
- IT तथा डिजिटल सेवाका व्यवसायहरू
- यातायातमा आधारित उद्यमहरू
- घरेलु उत्पादन व्यवसाय
- निर्माण तथा प्राविधिक सीप सम्बन्धी कामहरू
- पर्यटन तथा सृजनात्मक उद्योग
- शिक्षा, तालिम तथा परामर्श सेवाहरू

स्थापित: २०५०

३४ औं स्थापना दिवस

स्थापित: २०५०



# २०८३ सालको विजया दशमी, शुभ दीपावली तथा छठ पर्व

को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, कर्मचारी तथा संस्थाको शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष
एवं
जनसचेतन साकोस परिवार

उद्यमशीलता र पारदर्शिता : सहकारीको प्राथमिकता

संस्था दर्ता नं.: ८१-०५०/०५१
पान नं. ३०३२१०६०५

"प्रविधियुक्त प्रतिस्पर्धी सुरक्षित वित्तीय सहकारी संस्था"

NCRA License No. 2050-00370
KSKL Regd. No. CP 00009

## जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.
## JANASACHETAN SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

वैतेश्वर गा.पा.-५, काभ्रे, दोलखा

०४९-४११००४
०४९-४११००५

info@janasachetan.org.np

www.janasachetan.org.np